# परिच्छेद - १

## १. अध्ययनको परिचय

मानिसका लागि जीवनमा कुनै पनि कार्य असम्भव छैन जब मानिस कठोर परिश्रम गर्दछ तव उ आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छ । प्रत्येक समाज आफ्नो सँस्कृति, धर्म परम्परा, रितिरिवाज र अन्धविश्वासहरु रहेका हुन्छन् । यी कुराहरु एउटा समाज र अर्को समाजमा फरक हुन्छन् । समाज गतिशील हुन्छ । मानव विकास सूचकहरुले समाजलाई विस्तारै परिवर्तन गर्दै लगिरहेको हुन्छ । समाजलाई विभिन्न आन्तरिक र वाह्य तत्वले प्रभाव पारिरहेको हुन्छ । यी तत्वहरुमा सामाजिक मूल्य र मान्यतामा आएको परिर्वतन नैतिक व्यवहार, व्यक्तिगत बानी व्यवहार, पारिवारिक सम्बन्ध आदि कुराले मानिसको जीवयापनमा परिर्वतन ल्याइरहेको हुन्छ । अर्को तर्फ समाज सहजै परिवर्तन हुन सक्दैन । त्यसकारण समाजलाई प्रभाव पार्ने तत्वहरुमा सामाजिक संगठन, भाषाहरु, सामाजिक संघ संस्थाहरु, समाजको भुमिका, परम्परा सँस्कृति चाड पर्वहरु, बानी व्यवहार र एक आपसको सम्बन्ध नै महत्वपूर्ण हुन्छ । कुनै समाजलाई प्रकृतिले पनि परिर्वतन ल्याउदछ । कुनै समाज सामाजिक प्रवृतिले परिवर्तन ल्याउँदछ भने कतिपय समाज शुद्ध संस्कृतिमा आधारित हुन्छ । त्यसैले सामाजिक र साँस्कृतिक प्रभाव र परिवर्तन समाजका साझा तत्व हुन् । “समाज र संस्कृति” एक अर्काका परिपुरक शब्दहरु हुन् ।

समाजलाई विभिन्न सामाजिक कुराहरुले परिवर्तन ल्याइरहेको हुन्छ । सामाजिक मूल्य मान्यताहरु, सामाजिक सम्बन्ध, सामाजिक संगठन नयाँ सोच र खोजहरु, परम्परागत मूल्य र मान्यताहरु, अरु समाजको प्रवृती र वातावरणले पनि मानिसहरुलाई विकसित बनाउँदै लगिरहेको हुन्छ । यसरी समाजको विकासक्रमसँगै समाज र सँस्कृतिमा प्रभाव परिरहेको हुन्छ । हाम्रो देशका विभिन्न भागहरुमा खुल्ला सिमाका कारण यहाँको समाजमा दोहोरो प्रभाव परिरहेको हुन्छ । तर सबै संस्कृतिमा परिवर्तन आउनका लागि सामाजिक परिवर्तन आवश्यक रहेको छ । त्यसकारण संस्कृतिमा परिवर्तन भनेको समाज परिवर्तन हो । “सामाजिक र सांस्कृतिक” शब्द कुनै एउटा उत्पादन होइन विश्वलाई नै प्रभाव पार्ने एउटा तत्व हो । त्यसकारण यी दुई शब्द बीचको परिवर्तन समाजमा जटिल समस्याको रुपमा रहेको छ । परिवर्तनका कारणहरु यसको परिणाम, प्रभाव र आपसी सम्बन्ध लगायतका कुराहरुले मात्र अध्ययनको लक्ष्य पूरा हुन सक्दछ । समाजलाई प्रभावपार्ने आन्तरिक र वाह्यि

तत्वहरु सबैले एउटै परिणाम दिन सक्दछन् । यसरी समाजलाई प्रभाव पार्ने तत्वमा पर्यटन पनि एक हो ।

नेपाल विश्वमा नै प्रकृतिले दिएका कुराहरुको सुन्दरताले गर्दा पर्यटक आगमनको मुख्य स्थलको रुपमा परिचित छ । प्रत्येक पर्यटक फरक फरक ठाउँ, भेषभुषा, सांस्कृतिक विशेषतायुक्त ठाउँहरुसँग परिचित हुन्छन् । जसले गर्दा पर्यटकहरु विभिन्न स्वागत सत्कार गर्ने परिपाटी, बानी व्यवहार, विचार जीवनयापन शैली, समाज र संस्कृति आदिको समिश्रण हुँदा समाजमा सकारात्मक र नकारात्मक दुवै प्रकारका प्रभाव परिरहेको हुन्छन् । यसरी नै अध्ययन गर्ने क्रममा "पर्यटनले समाज र संस्कृतिमा पारेको प्रभाव" घान्द्रुक गा.वि.स. एक अध्ययन रहेको छ । जुन स्थान विश्वकै उत्कृष्ट गन्तव्य स्थल मध्ये १० औं स्थानमा पर्ने अन्नपूर्ण पदमार्गमा रहेको पर्यटकीय स्थलको रुपमा परिचित ठाउँ घान्द्रुक हो ।

## १.१ समस्याकथन

पर्यटन विश्वव्यापी रुपमा प्रशस्त आर्थिक स्रोत र रोजगारका अवसरहरु सृजना गर्ने ठूलो उद्योग हो । त्यसैले नेपाल जस्ता विकासोन्मूख देशहरुका विभिन्न क्षेत्रहरुमा आयआर्जन बढाउनु विदेशी मुद्रा प्राप्त गर्नु अर्थतन्त्रमा सुधार ल्याउनु, रोजगारका अवसरहरु सृजना गरिरहेको हुन्छ । विभिन्न अर्थशास्त्रीहरुको विचारमा पनि पर्यटनको विकासले अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अध्ययन र अनुसन्धान कर्ताहरुले प्रत्यक्ष आर्थिक फाइदाको बारेमा धेरै चर्चा गर्दछन् भने त्यसले वातावरण र समाजमा पारेको नकारात्मक प्रभावको पनि यससँग सम्बन्ध रहेको हुन्छ । आर्थिक क्षेत्रमा पारेको प्रभाव तत्काल नाप्न सकिन्छ तर अन्य कुराहरु लुकिरहेको हुन्छन् । जसमा सामाजिक र साँस्कृतिक प्रभाव पनि एक हो ।

"Tourism always comes in a myriad of guises and that it can have both good and bad social environment at economical and political consequences, depending upon its size and form the extent to which it growth is controlled and most importantly. The prospective of the viewer".

त्यसकारण यो भनाइबाट पनि थाहा हुन्छ की अर्थतन्त्रको वृद्धि गर्नका लागि भौतिक वातावरण निमार्ण गर्न पर्यटनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जसले समुदायमा सामाजिक र साँस्कृतिक परिर्वतन ल्याई रहेको हुन्छ । जुन कुराहरु समाजको मूल्य मान्यता, परम्परागत जीवनशैली, पारिवारिक सम्बन्ध, व्यक्तिगत बानी व्यवहार र समुदायको

संरचनामा प्रभाव पार्दछ । विभिन्न किसिमका अध्ययन अनुसन्धान गर्नु आर्थिक विश्लेषणको अध्ययन गर्नु तथा पर्यटनले समाजमा पारेका सकारात्मक र नकारात्मक प्रभावको अध्ययन गर्नु खोज अनुसन्धान र विश्लेषण गर्नुपर्दछ । त्यसकारण पर्यटनले समाजमा रहेका सामाजिक मूल्य मान्यताहरु, त्यहाँका मानिसको जीवनयापनशैली, भाषा, बानी व्यवहार आदि कुराहरुको अध्ययन गर्न तथा ऐतिहासिक दस्तावेज तयार पार्नु नै यस अध्ययनको प्रमूख समस्या हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययन अनुसन्धानको सामान्य उद्देश्यहरुमा पर्यटकीय क्षेत्रमा पर्यटनले समाज र संस्कृतिमा पारेको प्रभावको बारेमा रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्न प्रकारका रहेका छन् ।

(क) पर्यटकीय क्षेत्रका समुदायका मानिसको जीवनयापन शैलीमा पारेको प्रभावको विश्लेषण गर्नु ।

(ख) पर्यटकीय क्षेत्रका समुदायका मानिसको सामाजिक मूल्य मान्यता र बानी व्यवहारमा भएको परिवर्तनको विश्लेषण गर्न ।

(ग) पर्यटकीय क्षेत्रका समुदायका मानिसहरुमा भाषा समस्याले पारेको प्रभाव विश्लेषण गर्नु ।

## १.३ अध्ययनको महत्व

पर्यटनका क्षेत्रमा गरिने धेरै अध्ययन र अनुसन्धानहरु आर्थिक र वातावरणीय पक्षमा धेरै गरिएका हुन्छन् । त्यसकारण यस अनुसन्धानले पर्यटनले समाज र संस्कृतिमा कस्तो किसिमको प्रभाव पार्दछ भन्ने कुरा रहेको छ । पर्यटक विगतका कुराहरुलाई देखेर वर्तमान अवस्थामा रमाईरहेको हुन्छ । मुख्य कुरा पर्यटकको आकर्षण भनेको नै परम्परागत जीवनशैली, विभिन्न किसिमका जातजातीका संस्कृति र चाडपर्वहरु, गीत र नाचहरु उनीहरुको आँखाले प्रत्यक्ष रुपमा देखेर रमाउँछन् । "International visitors are highly attracted by the variety of culture potentials of the kingdom of Nepal"[१]

[१] एच.पी. श्रेष्ठ,२०००, टुरीज्म इन नेपाल, माकेटीङ च्यालेन्जेज, निरला पब्लीकेसन्स, न्युदिल्ली, पृ. ७१

त्यसकारण यस भनाइबाट पनि थाहा हुन्छकी पर्यटकहरु नेपालको संस्कृतितर्फ बढी आकर्षित भइरहेका हुन्छन् । पर्यटन उद्योगहरुले पनि यो कुरा बुझ्नु पर्दछकी त्यसले समाज र संस्कृतिमा कस्तो किसिमको प्रभाव पार्दछ । हाम्रा परम्परागत ज्ञान र प्रविधिबाट विश्वले लाभ लिन सक्दछ । हाम्रो लालीगुराँसको बिउँ लगेर बेलायतले नयाँ प्रजातिको गुराँस उत्पादन गर्न सफल भयो । हिमाली लुइचेबाट आज विश्वभरी कुखुराको विकास भयो । हाम्रा जडीबुटीबाट कैयौं नयाँ औषधीहरु निमार्ण भएका छन् । तिनको माध्यमबाट प्राप्त भएको आर्थिक लाभ हाम्रो क्षेत्रमा कहिल्यै फर्केर आउँदैन । त्यसकारण हाम्रो जैविक विविधताको आनुवंशीय स्रोत र परम्परागत रैथाने प्रविधिको बारेमा संरक्षण गर्नु पर्दछ । नत्र भने हाम्रो संस्कृतिको नक्कल गरी नयाँ संस्कृतिको विकास हुँदा हाम्रो समाजलाई प्रभाव पार्न सक्दछ । त्यसकारण पश्चिममा संस्कृतिको प्रभावलाई रोकी आफ्नो संस्कृतिको जगेर्ना गर्नुपर्दछ । यस अध्ययनले स्थानीय स्तरको आर्थिक, सामाजिक र वातावरणीय समाज संस्कृतिमा पर्यटनले कस्तो प्रभाव पारिरहेको छ । यसले अर्को महत्वपूर्ण कुरा भनेको पर्यटन क्षेत्रमा लागेका पर्यटन उद्यमीहरु, अनुसन्धानकर्ताहरु ट्रेकीङ संस्थाहरु, गाइडहरु पर्यटनविदहरु, योजनाकार, सरकारका लागि समेत टेवा पुऱ्याउनु रहेको छ ।

## १.४ अध्ययनको सीमा

पर्यटनको प्रभाव स्वयंम् एउटा गहन जटिल र व्यापक अध्ययनको क्षेत्र हो । अध्ययन गर्दा निश्चित सिमाभित्र रहेर अध्ययन गरिएन भने त्यो पूरा हुन सक्दैन । त्यसैले पनि अन्नपूर्ण पद मार्गमा रहेको पर्यटकीयस्थल घान्द्रुक गा.वि.स.मा पर्यटनले समाज र संस्कृतिमा के कस्ता सकारात्मक र नकारात्मक प्रभाव पारिरहेको छ । मानिसको बानी व्यवहार, भाषा, जीवनयापनशैली, रोजगार आदि क्षेत्रमा के कस्तो प्रभाव पारिरहेकाछन् भन्ने कुराहरु मुख्य रुपमा अध्ययन गरिएको छ । पर्यटन अध्ययनका ठूलो क्षेत्र हो यस भित्र पनि सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध समाजको संरचना, श्रम विभाजन भाषा, धर्म, संस्कृति, शिक्षा, स्वास्थ्य, वातावरण आदि धेरै क्षेत्रहरु भएकोले गहिरो रुपमा अध्ययन गर्नु पर्दछ । अनुसन्धानको छोटो अवधिमा सम्पूर्ण क्षेत्रहरुमा प्रवेश गरी अध्ययन गर्न सम्भव देखिंदैन । त्यसैले गर्दा घान्द्रुक गा.वि.स. अन्तर्गत पर्यटनको ऐतिहासिक र सांस्कृतिक पक्षको अध्ययन गर्नु नै यसको सीमा रहेको छ । यस ठाँउमा रहेका १२४ वटा होटल र रेस्टुरेण्टहरु छन । यसरी नमुना संकलन गर्दा वडा नं ३,४,५,६ र ८ मा रहेका ४० वटाहोटललाई

आधार बनाई नमूना संकलन गरीएको छ । यी वडा भित्र रहेका अन्य समाजसेवी, बुद्दीजीवी, दलीत महिला मध्येबाट छनोट गरी अन्तरवार्ता लिईएको छ ।

## १.५ शोध विधि

यो अध्ययन प्राथमिक र द्धितीय स्रोतबाट प्राप्त तथ्याङ्कमा आधारित छ । पर्यटनले समाज र संस्कृतिमा पारेको प्रभावको बारेमा तथ्याङ्कहरु प्रश्नावली सर्वेक्षेण र पर्यटन व्यवसायी तथा सामाजिक व्यक्तिहरुसँगको अन्तरवार्ता प्राथमिक स्रोतमा आधारित छ भने द्धितीय स्रोतको रुपमा पर्यटन सम्बन्धी पुस्तकहरु, लेख, रचना, पुस्तकालयमा रहेका रेकर्डहरु, नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी, एक्याप, गा.वि.स. घान्द्रुक, विद्युतिय संचारका साधन आदि मार्फत लिइएका तथ्याङ्कहरुलाई विविध तरिकाले विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### १.५.१. अध्ययनको क्षेत्र र औचित्य

यस अध्ययनका लागि छनोट गरीएको भौगोलिक क्षेत्र गण्डकी अञ्चल कास्की जिल्लाका ४३ गा.बि.स.हरु मध्ये उत्तरी भेकमा पर्ने घान्द्रुक गा.बि.स. हो । यो क्षेत्र अन्नपुर्ण पदमार्गमा पर्ने उत्कृष्ट गन्तब्यस्थल, माछापुछ्रे र अन्नपुर्ण आधार सिबिर समेत यसै गाँउमा पर्दछन । मुख्य आय स्रोतको रुपमा बैदेशिक रोजगार, पर्यटन खेतीपाती र पशुपालन रहेको छ । हाल यस क्षेत्रमा धेरै जसो मानिसहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पर्यटनबाट फाइदा लिइरहेका छन । यसरी आन्तरीक र बाहि्य पर्यटकको आगमन हुने यस क्षेत्रको पर्यटनले समाज र सस्कृतिमा के कस्तो प्रभाव पारीरहेको छ । पर्यटनको तिब्र बृद्धिका कारण समाजमा हुने परीवर्तनका परीणामहरु सकारात्मक र नकारात्मक, अल्पकालीन र दिर्घकालीन रुपमा देखिने भएकोले यो शोधकार्यको अध्ययन क्षेत्र यस घान्द्रुक गा.बि.स.लाई लिइएको हो ।

### १.५.२. अध्ययनको ढाँचा

यस शोधकार्यको मुख्य अध्ययन भनेको पर्यटन र पर्यटनसँग सम्बन्धीत गतिबिधिले समुदायमा पारेको प्रभावको बारेमा रहने छ । मुख्य गरी साहित्यको अध्ययन गर्नु र वर्तमान अबस्थामा भएका पर्यटनको गतिबिधिहरुको तथ्याङ्क संकलन गर्नु र बिश्लेषण गर्नु हो । यस

अनुसन्धानको उद्देश्य प्राप्तिको लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको प्रतिनिधिहरूको विस्तृत विवरण लिनको लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, भौगलिक संरचना वा कुनै खास स्थिति आदिको सम्बन्धमा वर्णनात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ भने पर्यटनका गतिविधि र पर्यटनले समाज र संस्कृतिमा पारको प्रभावको बारेमा अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ ।

### १.५.३. नमुना छनोट तरीका

यस अध्ययन अन्तरगत पुरै घान्द्रुक गा.बि.स. अन्तरगत रहेका १२४ वटा होटलहरु मध्ये एकतीहाई भागलाई छनोट गरी वडा नं ३,४,५,६ का पुरै र ८ मा रहेका केही होटल र रेष्टुरेन्टहरुबाट ४० वटालाई लिई तथ्याङ्क संकलन गरीएको छ । यी होटल र ठाँउहरु छनोट गर्नुको मुख्य उद्देश्य होटलहरु बढी र बाक्लो बस्ती भएको समुदाय भएका कारण हो ।

### १.५.४. तथ्याङ्क संकलन प्रकिया

यस अध्ययन बिषयसँग सम्बन्धीत द्बितीय स्रोतका तथ्याङ्कहरु पुस्तकालयमा रहेका सम्बन्धीत लेख तथा पुस्तकहरु, पर्यटन बोर्ड, पर्यटन चेक पोस्ट एक्याप कार्यलय, गा.बि.स.,पर्यटन ब्यबस्थापन समिति, बिद्युतिय संचारका माध्यम आदिबाट लिईएको छ । प्राथमिक तथ्याङ्क अबलोकन,प्रश्नावली सर्बेक्षणमा आधारीत भएर गरीएको छ । पर्यटन ब्यबसायीहरुलाई एक प्रकारको र समुदायका स्रोत ब्यक्तिहरुलाई अर्को गरी दुई थरीका प्रश्नावलीहरु तयार गरी सर्बेक्षण गरीयो । प्रश्नावली भर्ने कममा कतिपय शिक्षित ब्यबसायी आफैले र अन्यसँग प्रश्नोउत्तर बिधिबाट अन्तरवार्ता लिई तयार पारीयो । अबलोकनका कममा कतिपय ठाँउमा पर्यटक, सामाजिक कार्यकर्तासँग अर्न्तवार्ता गर्नुका साथै ब्यबहारीक कियाकलापको अध्ययन गरीयो । यसरी तयार पारीएका प्रश्नावलीहरु यस घान्द्रुकको वडा नं ९ मा रहेका १० ओटा होटलहरुमा पुर्व परीक्षण गरी त्यसमा सुधार गरी तयार पारीएको हो । यस प्रश्न निर्माण, अन्तरवार्ता, ब्यक्तिगत अबलोकन,पर्यटकका बानी ब्यबहार,टेलीफोन वार्ता आदि मुख्य तथ्याङ्कका स्रोत हुनभने समाजमा रहेका सामाजिक ब्यक्तित्वहरु जसले पर्यटकलाई बाहिरबाट हेरीरहेका हुन्छन,उनीहरुको सुचना नै अध्ययनको महत्वपुर्ण स्रोत हो ।

### १.५.५. तथ्याङ्क बिश्लेषण बिधि

बिभिन्न स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुलाई बिबिध तरिकाद्द्वारा बर्गीकरण गरी बिश्लेषण गर्ने प्रयास गरीएको छ । अनुपात, प्रतिशत, औषत जस्ता तथ्याङकीय बिधिहरुको प्रयोग गरी तथ्याङ्कको बिश्लेषण गरीएको छ । जस अनुसार तथ्याङ्कको बर्गीकरण, तालिका, सुचिकृत, प्रतिशत निकाल्ने र तथ्याङ्कलाई वृत चित्र, स्तम्भ चित्र र रेखाचित्रद्द्वारा प्रस्तुत गरीएको छ ।

## १.६ शोधपत्रको संगठन

अन्नपूर्ण क्षेत्रको समाज र संस्कृतिमा पर्यटनले पारेको प्रभावको बारेमा गरिएको अध्ययनलाई सात परिच्छेदमा विभाजन गरिएको छ । जस अनुसार पहिलो परिच्छेदमा अध्ययनको परिचय समस्या कथन, उद्देश्य, महत्व, सिमा, शोधविधि र शोधपत्रको संगठन, परिच्छेद दुईमा अध्ययन क्षेत्रको भौगलिक, आर्थिक तथा सामाजिक स्थिति, प्राकृतिक स्वरूप, ऐतिहासिक पृष्ठभुमी, परिच्छेद तीनमा साहित्यको सिंहावलोकन, पर्यटनका प्रकार, पर्यटनको लागि सरकारी निति, परिच्छेद चारमा सामाजिक प्रभाव, परिच्छेद पाँचमा पर्यटनले पारेका सांस्कृतिक प्रभाव, परिच्छेद छ मा पर्यटन र वातावरणिय पक्ष र परिच्छेद सातमा निष्कर्ष तथा सुझावहरु समेटिएको छ ।

# परिच्छेद - २

## अध्ययन क्षेत्रको परिचय

### २. परिचय

नेपाल विश्वमा नै प्रकृतिले दिइएका कुराहरुको सुन्दरताले गर्दा पर्यटक आगमनको मुख्य स्थलको रुपमा परिचित छ । नेपाल एउटा भुपरिवेष्ठित देश हो । प्राकृतिक स्रोत र साधनले भरिपूर्ण देश भौगोलिक हिसाबले विश्वमानचित्रमा उत्तरी गोलार्द्धमा पर्दछ । एशीया महादेशको करिब बीचमा भू-मध्यरेखादेखि उत्तरी अक्षांशमा कर्कट रेखादेखि पनि उत्तरमा भारत र चिनको माझमा हिमालयको काखमा पूर्व पश्चिम झन्डै इट्टाकार भई फैलिएको छ । नेपालको भौगोलिक अक्षांश २६°२२” देखि ३०°२७” सम्म उत्तरी अक्षांश र देशान्तर ८०°४” पूर्वदेखि ८८°१२” पूर्वसम्म रहेको छ । नेपालको अक्षांशिय अन्तर ४°५” देखि देशान्तरीय अन्तर ८°८” मात्र छ । नेपालको प्रमाणिक समयको निर्धारण ८६°१५” देशान्तरलाई आधार मानेर बनाइएको छ । नेपालले विश्वको कूल क्षेत्रफलको ०.०३% र एसिया महादेशको ०.३% भू-भाग ओगटेको छ । यसको पूर्व पश्चिमको लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिणको चौडाई पूर्व तर्फ १४४ कि.मि. र पश्चिम तर्फ २४० कि.मि. अर्थात् सरदर १९३ रहेको छ । नेपालको कूल जमिनको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. वा ५६८१२ वर्ग माइल छ ।[२]

चारैतिर पहाडै पहाडले घेरिएको र समुद्रलाई नछोएकोले यो देश भूपरीवेष्ठित देश पनि हो । पाकीस्तान देखि वर्मा सम्मको करिब १५०० माइल हिमाली श्रृखला मध्ये करिब ५५० माइल अथवा ८८५ कि.मि. नेपालमा पर्दछ । हिमाली क्षेत्रको कारणबाट पनि नेपाल प्राचिन कालदेखि नै आकर्षक एवम् पवित्र मानिदै आएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत ८ वटा अग्ला शिखरहरु नेपालमा नै रहेका छन् । भने २०,००० फिट भन्दा अग्ला चुचुराहरु नेपालमा २४० वटा भन्दा बढी छन् । यसको रोचकतालाई ध्यानमा राखेर इ.सं. १९३३ मा मार्सल कुर्जुले यस क्षेत्रलाई तेस्रो ध्रुवको संज्ञा दिएका थिए। “नेपाल विविधतामा एकता भएको धेरै विशेषतायुक्त मूलुक हो । यहाँ ९३ थरीका भाषा बोलिनुका साथै १०३ थरीका जातजाति र जनजातिको संगम स्थल हो”।[३] जातिय पहिचान र संस्कृतिले धनि मुलुकमा प्रत्येक दिन एउटा न एउटा चाड परिरहेको हुन्छ । त्यसकारण नेपाललाई

---

[२] केन्द्रीय तथ्याङ्क बिभाग २००४ पृ. १

चाडपर्वहरुको देश भनेर पनि चिनिन्छ । नेपालको परम्परागत शैलिलाई झल्काउने गरी नेपालीहरुले आफ्ना चाडपर्व मनाउँदै जीवनयापन गर्दै आइरहेका छन् । केहि चाडपर्वहरु यस्ता रहेका छन् जुन क्षेत्रगत जातिगत आधारमा मनाइने परम्परा र शैलिहरु पनि फरक छन् भने जात्रा महोत्सव आदिले पनि यहाँ पर्यटकहरुलाई आकर्षणको गन्तव्य स्थलको रुपमा परिचित गराएका छन् ।

विकासको रुपम हेर्दा नेपाल दक्षिण एसियामा विकासशिल राष्ट्रको रुपमा विश्वमा परिचित रहेको छ । नेपालको कूल जनसंख्या २,३१,५१,४२३ छ भने जनसंख्या बृद्धिदर २.२५% रहेको छ । साक्षरता प्रतिशत ५४.१% छ भने कूल जनसंख्याको ८६% मानिसहरु ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । नेपालको प्रतिव्यक्ति आय २८० (६४२) यु.एस. डलर रहेको छ । मूख्य आयस्रोत भनेको कृषि र पशुपालन हो । अन्य स्रोतहरुमा निर्माण, व्यापार, व्यवसाय, उद्योग कलकारखाना र सेवा नै रहेको छ । अर्कोतर्फ विदेसी मूद्राको आर्थिक स्रोत भनेको रेमीट्यान्स, पर्यटन, सामग्रीहरुको निर्यात आदि पर्दछन् । नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको छ भने ११४ देशसँग दौत्य सम्बन्ध पनि कायम भएको छ । यसरी विश्व व्यापारीकरण भइरहेको अवस्थामा विकसित राष्ट्रको तुलनामा विकासशिल राष्ट्रका सामानहरुले प्रतिस्पर्धा गर्नुपर्दा त्यसको भार नेपाल जस्ता मुलुकहरुलाई परिरहेको छ । त्यसकारण नेपालले विदेशी मुद्रा आर्जन गर्न र अन्तराष्ट्रिय बजारमा सामान निर्यात गर्नका लागि घरेलु कच्चापदार्थबाट भनेका राम्रा सामानहरुको बिक्रीवितरण गरी प्रशस्त फाइदा लिनु पर्दछ भने जैविक वस्तुहरुको संरक्षण गर्नुपर्दछ ।

नेपाल भौगोलिक र जातिगत विविधताले युक्त मूलुक हो । यहाँ विश्वमानै प्रख्यात रहेको अनौठो प्रकारको भौगोलिक विविधताले युक्त छ । ति प्राकृतिक र पर्यटनका गन्तव्य स्थलहरुमा अग्लो हिमाल सगरमाथा (८८४८ मि.), अग्लो ठाउँमा रहेको ताल तिलिचो ताल (६,९६७ मि.), बढी उचाइमा पाइने जनावर याक (६१०० मि.), अग्लो स्थानमा रहेको वस्ती टुटुगां (५७६९ मि.), अग्लो लुक्ला पास (६७२३ मि.), अग्लो स्थानमा रहेको विमान स्थल स्याङ्वोचे (३८७४ मि.), अग्लो ठाउँमा हुने दौड (३४४०-५३४० मि.), गहिरो उपत्यका अरुण उपत्यका (९३९१ मि.), गहिरो गल्छी म्याग्दी जिल्लाको दानामा काली गण्डकी नदीले बनाएको गल्छी (६९६७ मि.) लगायत विविध कुराहरुको आकर्षक स्थल हो ।[४]

[३] नेपाल ट्राभल ट्रेड रिपौर्टर (१०-१६) २००५ पृ. ३८

## २.१ प्राकृतिक स्वरुप

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत कास्की जिल्ला राजधानीबाट २०० कि.मि. उत्तर तर्फ रहेको ठाउँ हो पश्चिमाञ्चल विकास क्षेत्रका १६ जिल्ला मध्ये एक पर्यटकीय स्थलको रुपमा रहेको यो जिल्ला क्षेत्रीय सदरमुकाम पनि हो । यस जिल्लाका ४३ वटा गा.वि.स. मध्ये एउटा घान्द्रुक पनि हो । भौगोलिक हिसाबले यो गाउँ विकास समिति गण्डकी अञ्चल, कास्की जिल्लाको पश्चिमोत्तर भागमा अन्नपूर्ण हिम श्रृखलाको दाँया पट्टीको दक्षिण काखमा रहेको गाउँ हो । प्राकृतिक सुन्दरताले मनमोहक ठाउँको पूर्वमा मोदीखोला तथा लुम्ले गा.वि.स., दक्षिणमा साँधी खोला तथा दाङ्सिङ गा.वि.स., पश्चिममा देउराली डाँडा तथा म्याग्दी जिल्ला र उत्तरमा अन्नपूर्ण हिमश्रृखला पर्दछ । भू-धरातलको हिसाबले यो मोदीखोलाको होचो वेसी स्याउली बजारको ११७५ मि. उचाई देखि अन्नपूर्ण प्रथम ८०९१ मिटर उचाई भित्र रहेको धरातलीय र हावापानीले विविधता युक्त क्षेत्र हो । यहि हिमश्रृंखलाको बीचमा रहेको अन्नपूर्ण आधार सिविर र माछापुच्छ्रे आधार सिविर विश्वकै चर्चीत प्राकृतिक रुपले स्वर्गको अनुभूति प्रदान गर्ने क्षेत्र हो । जसको कारण यहाँ हजारौं पर्यटकहरुको घुइँचो लाग्दछ । पोखरा वाग्लुङ राजमार्गको नयाँपूल देखि ५ किलोमिटर पछि यस गा.वि.स.मा प्रवेश गर्न सकिन्छ । २८$^{\circ}$२१" उत्तरी अक्षांश देखि ८३$^{\circ}$१५" बीचमा यो गा.वि.स. पर्दछ । यसलाई गुरुङहरुको बाहुल्यता रहेको गाउँको रुपमा चिनिन्छ । भौगोलिक धरातल अनुसार यसलाई लेक, बेसी र गाउँ गरी तीन भागमा बाँडिएको छ ।[५]

### क) लेक क्षेत्र

यस क्षेत्र अन्तरगत यस गा.वि.स. तर्फको उत्तरतर्फको भू-भाग देखि हिमाली क्षेत्र सम्मलाई जनाउँछ । यस क्षेत्रमा वडा नं. ७ को र ८ को केही भू-भाग र वडा नं. ९ पर्दछ भने जसमा उरी, मेलाचे, धुर्जुङ, किम्रोखोला, झिनुडाँडा, ताउलु छोम्रोङ लगायत अन्नपूर्ण आधार सिविर सम्मका सबै पर्यटकीय ठाउँहरु पर्दछन् । यहाँको माटो मलिलो हुनाले मूख्य आलुखेती लगायत मकै, कोदो, धान जौ, सिमी आदि खेती हुन्छ ।

### ख) गाउँ क्षेत्र

यस क्षेत्रमा वडा नं. ७, ८ को बाँकी भाग लगायत वडा नं. ३, ४, ५, ६ वडाहरु पर्दछन् । यि वडाहरु यस गाउँका प्रमुख कार्यालयहरु र पर्यटकीय स्थलहरु र नमूना गाउँको

---

[५] मेश्रम बराह मा.वि. स्मारीका २०६५, पृ. १०

रुपमा रहेका पुराना शैलिका गुजुमुच्च परेका घरहरु र होटलहरु यस क्षेत्रमा पर्दछन् । यहाँको मूख्य खेती, कोदो, मकै, जौ, आलु र धान पर्दछन् ।

**ग) बेसी क्षेत्र**

यसमा वडा नं. १ र २ पर्दछन् अर्थात (१९३३ मि.) घान्द्रुक प्रबेश गर्ने पहिलो क्षेत्र नै वडा नं. १ पर्दछ । यी क्षेत्रहरुमा पनि पर्यटकको लागि खान बस्न सुविधा युक्त होटलहरु पनि रहेका छन् । यहाँ मूख्य खेतीको रुपमा धान मकै र कोदो रहेको छ । यस क्षेत्रमा धेरै मानिसहरु कृषि क्षेत्रमा लागेका छन् ।

भौगलिक विवधताले भरीपुर्ण यहाँको कुल क्षेत्रफल २९६.५०% वनजंगलले, १८.५०% हिमक्षेत्र, ५.६०% पहरा चट्टान तथा नाङ्गा डाँडाकाँडाले, ०.८०% वाभ्mो प्रर्ति र चरनले, ०.५०% आवास क्षेत्रले ओगटेको छ भने बाँकी रहेको ५२.१०% कृषि भूमिले ढाकिएको छ ।[६]

## २.२ हावापानी

नेपालमा पाइने हावापानीलाई संक्षेपमा भन्न पर्दा मनसुनी हावापानी भनिन्छ । ऋतु अनुसार वहने वायुलाई मौसमी वायु भन्दछन् । यो मौसमी वायु ग्रिष्म ऋतुमा समूद्र सतह बाट जमिन तर्फ र हिँउद ऋतुमा जमिनबाट समुन्द्र तर्फ वहन्छ । ऋतु परिवर्तन अनुसार स्थल सतह र समुन्द्री सतहमा ताप र चाप विपरीत किसीमको हुने हुँदा मौसमी वायुको उत्पत्ती भएको हो । कुनै ठाँउको परिवर्तनशिल वायुमण्डलीय अवस्थाको औषत रुप नै त्यहाँको हावापानी हो । हावापानीले त्यस ठाँउको जनजीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पीररहेको हुन्छ । त्यसैले हावापानी अनुसार मानिसको आर्थीक क्रियाकलाप लवाई खवाई र जनजीवन निर्धारीत हुन्छ ।

## २.३ प्राकृतिक वनस्पती

समुन्द्र सतहबाट ११७५ देखि ८०९१ मिटरसम्मको उचाइमा रहेको धरातलीय र हावापानीको हिसावले समसितोष्णदेखि ठन्डा प्रकारको हावापानी पाइन्छ । यो क्षेत्र उच्च भागको घाँसे मैदानसम्म फैलिएकोले यहाँ पाइने वनस्पती र वन्यजन्तुहरुमा पनि निकै ठूलो फरक र विविधता छ । यस क्षेत्रमा विश्वमा नै लोपोन्मूख, संकटापन्न र बिरलै पाइने जस्तैः

[६] अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन योजना (२००९-२०१२) पृ. १५

हिँउ चितुवा, जंगली भेडा, कस्तुरी मृग, हात्रे, लिङकस, हिमाली रातो भालु, चिर, डाँफे, मुनाल जस्ता वन्यजन्तु र पन्छीहरु यस अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइन्छन् यस क्षेत्रमा निम्न अनुसारको वजस्पतीहरु पाइन्छन् । बनस्पती तथा प्राणीहरु एक्याप क्षेत्रमा अभिलेख गरिएका बनस्पतीका प्रजातीहरु यस प्रकार रहेका छन भने घान्द्रुक क्षेत्रमा मात्रै त्यस्ता प्रकारका बनस्पतिहरु छुट्टाइएको पाइदैन ।

**तालिका २.१ एक्याप क्षेत्रमा भएका वनस्पती तथा प्राणीहरु**

| समुह | परिवार संख्या | प्रजाती संख्या | समुह | परिवार संख्या | प्रजाती संख्या |
|---|---|---|---|---|---|
| एन्जिओसपर्म | १३० | ११३५ | स्तनधारी | २३ | १०२ |
| ▪ एकदलिय | १८ | १९७ | चराहरु | - | ४४८ |
| ▪ द्विदलिय | ११२ | १९३८ | घ्रसने जीवजन्तु | ८ | ४० |
| जिम्नोसपर्म | ५ | १५ | उभयचरहरु | ५ | २३ |
| टेरीडो फ्राइटस | १४ | ८३ | माछाहरु | - | २० |
| जम्मा | १४९ | १२३३ | जम्मा | ३६ | ६३३ |

**तालिका २.२ एक्याप क्षेत्रमा जैविक विविधता विवरण**

| समुह | विश्वमा | नेपालमा | एक्याप | घान्द्रुकमा |
|---|---|---|---|---|
| विरुवा | २,४८,४२८ | ७,००० | १२३३ | — |
| स्तनधारी | ४,००० | १७५ | १०२ | १० |
| चराहरु | ९०४० | ८६२ | ४८८ | १५ |
| घस्रने जीवनन्तु | ६३०० | ७१ (४१ अनुमान) | ४० | सरीसृप-३ |
| उभयचरहरु | ४१८४ | ३० | २३ | - |

अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइने ७१ संकटापन्न वन्यजन्तुका प्रजातिहरुमध्ये ३ प्रजातिका चराहरु १३ प्रजातिका स्तन्धारीहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को संरक्षित सुचीमा रहेका छन् भने ६ प्रजातिका हरपेटा वन्यजन्तु २५ प्रजातिका स्तनधारी राष्ट्रिय रेड डाटा बुकमा उल्लेख छ । २ प्रजातिका हरपेटो फौना, ३ प्रजातिका चराहरु, १६ प्रजातिको स्तनधारी अन्तराष्ट्रिय प्राकृतिक संरक्षण संघको रातो सूचीमा उल्लेख गरीएको छ । ५ प्रजातिको फौना, ३२ प्रजातिका चराहरु तथा २९ प्रजातिका स्तन्धारी

साइटीस सुचीमा यस घान्द्रुक गा.वि.स.मा सिनुवादेखि एबीसी सम्मको क्षेत्रमा संरक्षित वनस्पती भोजपत्र पाइन्छ भने सित्क्युदेखि देउरालीसम्म रत्तचन्दर्न, चाप, सौर पाइन्छ भने घोरेपानी देखि घान्द्रुकको सिमानामा भोजपत्रको घना जंगल पाइन्छ । यहाँको लेकमा जडीबुटीहरु निरमसी, चिराइतो, कुड्की, सतुवा, जस्ता औषधीहरु पाइन्छ । यस क्षेत्रमा कुल क्षेत्रफल २९६.५० वर्ग कि.मि. भू-भाग मध्ये २२.५०% वनजंगलले ढाकेको छ । त्यस्तै गरी १५.५०% हिमक्षेत्रले र ५.६०% पहरा र नाङगा डाँडाले ढाकीएको छ । यस क्षेत्रको कुल क्षेत्रफल मध्ये वनक्षेत्रले ६९.२% वुट्यानले ८.१%घाँसे मैदान र ४३.५ % कृषीले १२.७ बाझो १२२.८% बालुवा र गिटीले ३.० हिमनदी २१.६ नदीले, ०.२% गरी जम्मा २८१.१ वर्ग कि.मी क्षेत्रफल ओगटेको छ ।[७]

## २.४ जनसङख्या

वि.स. २०५८ सालको जनगणना अनुसार घान्द्रक गा.वि.स.को कुल घरधुरी संख्या ११४४५ र जनसंख्या ५१६८ जनामा पुरुष २४९७ र महिला संख्यामा २६४१ रहेको छ । वसाई सराई र घरहरु भत्कन थालेपछि हाल ९४५ घर धुरी र ५०८० जनसंख्या रहेको छ ।


**तालिका २.३ वडागत आधारमा जनसंख्या विवरण**

| वडा | उचाई मिटर | घर धुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | १५००-२००० | २०५ | ५५७ | ५६३ | ११२० |
| २ | २०००-५००० | १४९ | ४०० | ३९३ | ७९३ |
| ३ | २०००-५००० | १०७ | ३३१ | ३०५ | ६३६ |
| ४ | २०००-५००० | ३२ | ७३ | ८१ | १५४ |
| ५ | २०००-५००० | ३६ | ९२ | १०२ | १९४ |
| ६ | २०००-५००० | १९ | ४७ | ५१ | ९८ |
| ७ | २०००-५००० | १२२ | ३२० | २९२ | ६१२ |
| ८ | २०००-५००० | ११६ | २९५ | २७८ | ५७३ |
| ९ | २०००-५००० | १५९ | ४२७ | ४७३ | ९०० |
| जम्मा | | | २५४२ | २५३८ | ५०८० |

स्रोत : घान्द्रुक प्रोफाईल

[७] ऐ.ऐ. पृ. २२

चित्र नं.२.१. वडागत आधारमा जनसंख्या स्तम्भ चित्रमा





तालिका २.४ जातिगत आधारमा जनसंख्या विवरण

| क.स. | जातजाती | घरधुरी | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | गुरुङ | ४६० | २४४७ | ४८.१७ |
| २ | ब्राहमण क्षेत्री | ११९ | ६३७ | १२.५४ |
| ३ | कामी | १४६ | ८०५ | १५.८५ |
| ४ | दमाई | ५८ | ३०५ | ६.०० |
| ५ | सार्की | ८५ | ४३७ | ८.६० |
| ६ | मगर | ६१ | ३७७ | ७.४२ |
| ७ | राई | ९ | ३९ | ०.७७ |
| ८ | तामाङ | ३ | १२ | ०.३४ |
| ९ | सेर्पा | २ | ११ | ०.२२ |
| १० | थकाली | १ | ५ | ०.०९ |
| ११ | नेवार | १ | ५ | ०.०९ |
| जम्मा | | ९४५ | ५०८० | १००% |

स्रोत : एक्याप घान्द्रुक

**चित्र नं.२.२.   जातिगत आधारमा जनसंख्या स्तम्भ चित्रमा**




यस गा.वि.स.मा कुल ११ थरीका जातजाती मध्ये २५४२ महिला र २५३८ पुरुष रहेका छन् भने सबैभन्दा धेरै गुरुङहरुको वस्ती रहेको छ । जसमा गरुङ ४८.१७%, ब्राम्हण क्षेत्री १२.५४%, दलित ३०.४५% र जनजाती ८.८४%रहेका छन् । वडागत आधारमा जनसंख्याको वितरण हेर्दा वडा नं. १, २, ३, ७, ८, र ९ मा सबैभन्दा धेरै जनसंख्या रहेको छ भने पर्यटकको वसाईको लागि होटलहरु ३, ४, ५, ८ र ९ वडाहरुमा धेरै रहेका छन् । जातिगत आधारमा पर्यटनमा लागेका मानिसहरु हेर्दा सबै भन्दा धेरै गुरुङ, क्षेत्री, ब्राह्मण, मगर रहेका छन् भने दलितहरु दूई जनाले मात्र होटल संचालन गरेका छन् । अन्य राई, तामाङ, शेर्पा, थकालीहरु भरियाको रुपमा आउने क्रममा यहाँ आएर बसोबाँस गरेका छन् ।

## २.५   शैक्षिक स्थिति

कुनै पनि देशको महत्वपुर्ण श्रोत भनेको यस देशका वासीन्दा हुन तर तिनीहरु सक्रिय रुपमा काम गर्न शिक्षित भएको हुनुपर्दछ । शिक्षाको विकासको लागि शिक्षा प्रतिको जागरण, शैक्षिक संस्था र आर्थिक अवस्था महत्वपुर्ण निर्णायक तत्व मानिन्छ । शैक्षिक जागरण र शैक्षिक संस्था भएमा सामान्य खालको शिक्षा आर्जन गर्न सङख्या बढी नै हुने सक्दछ भने उच्च आर्थिक अवस्था र शैक्षिक जागरणका कारण सुविधा प्राप्त स्थानमा गएर

पनि मानिसहरु शिक्षा आर्जन गर्न सक्दछन् । यस गा.वि.स.मा माध्यामिक विद्यालय २, नि.मा.वि. २ र प्रा.वि. ७ वटा रहेका छन् । उच्च शिक्षा हासिल गर्न चाहनेहरु पोखरा, काठमान्डौंका साथै अन्य ठाँउहरुमा गई शिक्षा हासिल गर्ने गरेको पाइन्छ । यो एउटा पर्यटकिय स्थल भएको कारणले पनि यहाँका सम्पूर्ण विद्यालयमा यसको प्रभाव परेको पाइन्छ । पर्यटकहरुले यस क्षेत्रका विभिन्न विद्यालयहरुमा भवन निर्माण, पोशाक, वितरण शैक्षिक सामाग्री वितरण, शिक्षकहरुको व्यवस्था र तलब भत्ताको व्यवस्था पनि कतिपय विद्यालयहरुमा सहयोग गर्दै आएका छन् । शैक्षिक सत्र २०६७ को यस गा.वि.स. अन्तरगतका विद्यालयका कक्षागत विद्यार्थी विवरण यस  प्रंकार रहेको छ ।

**तालिका २.५ कक्षागत विद्यार्थी विवरण**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| पुर्व प्रा.वि | ५४ | ५४ | १०८ |
| १ | १३८ | १०३ | २४२ |
| २ | ७३ | ६० | १०३ |
| ३ | ७३ | ६० | १०३ |
| ४ | ५८ | ६७ | १२५ |
| ५ | ५० | ४५ | ९५ |
| ६ | ५३ | ५३ | १०६ |
| ७ | ३७ | ३० | ६७ |
| ८ | २७ | ३२ | ५९ |
| ९ | ३७ | २९ | ६६ |
| १० | २५ | २८ | ५३ |
| जम्मा | ६१९ | ४९३ | १११२ |

यस गा.वि.स. को सम्पुर्ण जनसङख्याको शैक्षिक स्थिति हेर्दा कुल साक्षरता प्रतिशत ६०.७ रहेको छ ।[८]

[८] जिल्ला बिकास प्रोफाइल अफ नेपाल -२०१०/२०११ पृ. ५५२

## २.६ विद्युत संचार तथा यातायतको विवरण

यस घान्द्रुक गा.वि.स. मा हालसम्म पनि यातायात सुविधा पुग्न सकेको छैन । पोखरा बाग्लुङ्ग राजमार्गबाट झन्डै ५ कि.मि. को यात्रा पछि मात्र यस गा.वि.स.मा प्रवेश गर्न सकिन्छ । हालसालै मात्र यस ठाँउमा कच्ची मोटर बाटो खन्ने प्रयास भई रहेको छ । बाटोको बीचमा पर्ने मोदी खोलामा पुल निर्माण भए पछि भने यस ठाँउमा कच्ची मोटर बाटो हुदै यात्रा गर्न सकिन्छ । संचारको क्षेत्रमा भने यस ठाँउका सबै ठाँउमा मोवाइल सेवा उपलब्ध रहेको छ । २०५१ सालमा १ थान टेलिफोन शूरु गरिएको यहाँको दुरसंचार सेवा हाल ८ थान साधारण फोन र सि.डि.एम.ए. प्रविधिका धेरै सेट तथा स्काई मोवाइल, नेपाल टेलिकमको मोवाइल सेवा र मेरो मोवाइल सेवाहरु समेत उपलब्ध छन् । अर्को तर्फ ब्यक्तिगत र संस्थागत रुपमा वाएरलेस इन्टरनेट सेवा पनि यस ठाँउमा उपलब्ध रहेको छ ।

यस घान्द्रुकमा विद्युतको क्षेत्रमा केन्द्रिय प्रशारण लाइनबाट टाढा नै रहेको त होइन र पनि यस ठाँउमा पुग्न सकिरहेको छैन तर यस गा.वि.स. अन्धकारमा रहेको छैन । विद्युतको क्षेत्रमा यस गा.वि.स. नेपाल भरिकै नमूना गाँउको रुपमा पनि पर्न सक्दछ होला । यस ठाँउमा स्थानिय वासिन्दाहरुको प्रयासमा सामुदायिक लघुजलविद्युत उत्पादन गरी उपभोग गरि रहेका छन् । पर्यटनबाट पनि विद्युत निर्माणमा सहयोग पुगीरहेको छ भने यस ठाँउका सबै वडाहरुमा स्वच्छ खानेपानी सेवा प्रायजसो घरघरमा उपलब्ध रहेको छ । यस घान्द्रुकमा रहेको लघुजलविद्युतका विवरण यस प्रकार रहेको छ ।

**तालिका २.६ घान्द्रुक लघु जलविद्युत परियोजना विवरण -२०६८**

| क्र.स. | आयोजनाको नाम | उत्पादन क्षमता | उत्पादन मिती | वितरण वडा तथा क्षेत्र |
|---|---|---|---|---|
| १ | घान्द्रुक लघु जलविद्युत आ. | ५० किलोबाट | २०४९ | ४, ५, ६ र पुरै ३, ७, ८ केही |
| २ | छोम्रोङ सामुदायीक लद्युविद्युत I | ३० किलोबाट | २०५६ | ९ छोम्रोङ |
| ३ | छोम्रोङ घट्टेखोला ग्रामिण विद्युत परियोजना II | ११ किलोबाट | २०६० | ९,ठोल्वो, समुवा तिल्चे |
| ४ | छोम्रोङ तेस्रो III | २५ किलोबाट | २०६० | ७,९, साम्रो ,हिमालक्यु, भुमरी, |

| | | | | |
|---|---|---|---|---|
| | | | | भिनु, रोमे सलाफु, धौलु |
| ५ | सिमवराह लघुजलविद्युत प. | ५ किलोबाट | २०५५ | ९, किम्रोङखोला |
| ६ | काम्जे लघुजलविद्युत परियोजना | ५ किलोबाट | २०५८ | ९ काम्ज, घुर्जुङ |
| ७ | घुर्जुङ लघुजलविद्युत परियोजना | २ किलोबाट | २०५८ | ९ घुर्जुङ |
| ८ | चुइले देउराली जलविद्युत प. | ७ किलोबाट | २०५८ | ८, सेव्रो मेलाचे |
| ९ | कोम्रोङ उरी जलविद्युत प. | ५ किलोबाट | | ७, ८, कोम्रोङ, उरी |
| १० | यूम्ले व्यक्तिगत सपमा | ५ किलोबाट | २०६२ | ३, युम्ले |
| ११ | विख्यान व्यक्तिगत सपमा | ५ किलोबाट | | १, तिख्यान क्लीउ |
| १२ | वम्बु होटल व्यवसायी छुवारा | ६ किलोबाट | | ९, वम्बु |
| १३ | दोभान होटल व्यवसायी | ५ किलोबाट | | ९, दोभान |
| १४ | चाने जलविद्युत आयोजना | ३४ किलोबाट | २०६७ | २, सबै |
| १५ | सिबै खोला जलविद्युत आ. | ३४ किलोबाट | २०६६ | १, सबै |
| १६ | देउराली होटल व्यवसायीबाट | ५ किलोबाट | २०६८ | ९, देउराली |
| १७ | भक्कुखोला लघु जलविद्युत आ. | ५० किलोबाट | निर्माणसुरु | ३, ४, ५, ६, ७, ८,केही भाग |
| कुल जम्मा | | | | |

स्रोतः- स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाबाट के थाहा पाउन सकिन्छ भने एउटा गा.वि.स. मा यति धेरे विद्युत उत्पादन गर्नुमा जनताको सहभागिता नै वढी देखिन्छ। प्रत्येक घरले विद्युत उपभोग गरेवापत प्रतिबाट रु १ देखि ४ सम्म तिर्दै आएका छन् भने नयाँ उत्पादीत विद्युतको महशुल वढी छ भने पुराना आयोजनाहरुको केही कम छ।

## २.७ सार्वजनिक संस्थाहरु

यस घान्द्रुक गा.वि.स.मा प्राय मानिसहरु हिन्दु र बौद्ध धर्मबाट प्रभावित भएको पाइन्छ। त्यसकारण हिन्दु दर्शन अनुरुप सहयोग सहकारिता र आपसी सदभाव यहाँका वासीन्दाको जीवनशैली रहेको छ। त्यसैले यहाँका वासिन्दाहरु चौतारी, पोखरी, पाटीपौवा, मन्दिर, साथै सार्वजनिक भवनहरु आदि सार्वजनिक भलाईका लागि केहि कुरा निर्माण गरेको पाइन्छ। यहाँका सार्वजनिक संस्थाहरु यस प्रकार रहेकाछन्।

**तालिका २.७ घान्द्रुक गा.वि.स.का सार्वजनिक संस्थाहरु**

| क्र.स. | सार्वजनिक संस्था | सरकारी | गैरसरकारी | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचौकी | १ | १ | २ |
| २ | हुलाक | १ | - | १ |
| ३ | मन्दिर | - | १६ | १६ |
| ४ | गुम्वा | - | १ | १ |
| ५ | पाटीपौवा | | १ | १ |
| ६ | विद्यालय | ११ | | ११ |
| ७ | संघ संस्था | - | १ | १ |
| ८ | प्रहरी चौकी | १ | - | १ |
| जम्मा | | १४ | २० | ३४ |

स्रोत : स्थलगत अध्ययन, २०६८

यो क्षेत्रमा स्थानीय जनताहरुद्वारा निर्माािण गरीएका बाटो घाटो पुल पुलेसाहरु पनि प्रशस्त मात्रामा रहेको छन भने गाँउ भित्र संरक्षण व्यवस्थापन समिति, पर्यटन व्यवस्थापन उपसमिति, विद्युत ब्यवस्थापन समिति, मूल आमा समुह, तथा वडागत समूहहरु, रोधी क्लब एंव वडागत क्लबहरु अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय पनि रहेको छ । यस ठाँउमा कुल देवताको रुपमा मेश्रम बराहलाई मानिन्छ भने घेरै जसो वडाहरुले मेश्रम बराहको मन्दिरलाई छुट्टै वडागत रुपमा पनि निर्माण गरिएको छ । अर्को धार्मिक विशेषता भनेको यस ठाँउमा वडा नं. ९ को झिनुमा अवस्थित तौजी बराह मन्दिर बर्षको एकपटक श्रीपञ्चमीको दिन मात्र खोलिन्छ र पूजापाठ गरीन्छ यस ठाउका आमा समूह द्वारा सार्वजनिक ढिकी निर्माण, मिल संचालन, वडा नं. ८ मा चिया खेति पनि सुरुआत गरिएको छ ।

## २.८ घान्द्रुकको ऐतिहासीक पृष्ठभुमि

घान्द्रुकको इतिहासलाई कोट्याउदा कसले राख्यो घान्द्रुकको नाम कसरी रह्यो भन्ने कुराको पनि जिज्ञासा उठ्न सक्दछ जसलाई प्राप्त तथ्य र सोधपुछका आधारमा यसको वास्तविक नाम गुरुङ भाषामा राखीएको कोडनास हो । गुरुङ भाषामा कोँडलाई धेरै अर्थमा अर्थाइन्छ । जसमध्ये एकिन अर्थ थाहा नभए पनि बुढापाकाहरुको अर्थमा यस गाँउ डाँडामा

वस्ती भएकोले कोँड भनिएको हो । जसमा कोँ को अर्थ अग्लो ठाँउ ढोँ को अर्थ बसोवास र नास भन्नाले गाँउ हुने हुदा कोँढोँनास भनिएको र उक्तशब्द अपभ्रंस भई कोडनास हुन गएको हो । अर्को अर्थमा प्रशस्त भेडा पाल्ने, रोधी बस्ने यो ठाँउमा केही टाढाबाट रोधी बस्न आएर (सेखरकोँरा) (भेडाको दुधको कुराउनी) खानेहरुले कुराउनी खाने गाँउ अर्थात कोँरानासा भन्ने गर्दा नै कोँडनास भनिएको हो ।

अर्को अर्थमा दुई जना मानिसहरु खोरीया फाड्ने कममा भेट हुदा एउटाले सोधे छ की खनर टि.मु ? (तिमी कहाँ बस्छौं) अर्काले उत्तर दिएछ । नम कोँर टि.मु (म त्यो डाँडामा बस्छु) भन्नेबाट नै अन्ततः कोँड बन्न गएको हो पनि भन्ने गरीन्छ ।

अर्को तिर घान्द्रुकमा आएर भकारी मह लिएर जानेहरुले यो ठाँउको नाम नजानेपछि कहाँ पुगेर आयौ भनेर सोध्दा उत्तर घना दुर पुगेर आएको भन्ने शब्दबाट धेरै टाढाको गाउँ भएकोले घना दुर शब्द अप्रभंस भई घान्द्रुक रहन गयो ।

अर्को अर्थमा हिउदको समयमा घुम्न आएकोहरुले जाडोको प्रसङ्गमा घाम दुर आर्थत टाढा भएको ठाँउमा घाम दुर शब्दबाट नै घान्द्रुक बन्न पुगको हो । यसरी धेरै अर्थहरु मध्ये यी अर्थहरुमा धेरैको सहमति पाइन्छ ।

अर्को भनाई अनुसार गुरुङहरुको छ्योबाट माथि डाँडामा ठूलो गुरुङ बस्ती रहेको थियो । त्यस ठाँउमा हाल पुराना घरका अवशेष पनि पाइन्छन । त्यस ठाउँलाई घाङदुर भनिन्थ्यो । त्यही ठाँउबाट बसाई सरेर आएका मानिसहरु यस ठाँउमा बसोबास गरेको र घाङदुरबाट आएका हुनाले उनिहरुबाटनै यस ठाँउको नाम अप्रभंस भई घान्द्रुक हुन गएको हो ।[९] ताक्लुबाट तल बसाई सरेका गुरुङहरुको ताक्लुङ्ग गाँउको कोक्याङ भन्ने ठाँउमा ठूलो घना जंगल र ठुलाठुला गराहरु समेत रहेका छन । त्यसकारण त्यस ठाँउबाट बसाई सरी आएका मानिसहरुलाई कोनथेवा पनि भनिन्थ्यो भन्ने भनाई रहेको छ ।[१०]

स्थानिय तिल बहादुर गुरुङको भनाई अनुसार नेपालको एकीकरण अवस्थामा गोर्खा र अर्घाखाचीबाट भागेर आएका हान भन्ने भुरे राजाहरुको पनि केहि समय बसोबास भएको रहेछ । हाल कोईडाँडा अर्थात हालको कोम्रोङडाँडाको पुर्बपट्टी हाल त्यस ठाँउमा भुरे राजाहरको अबशेष पनि पाईन्छ । त्यसबेला नेपाली भाषामा त्यस ठाँउको नाम हानद्रुक थियो । पछि अप्रभंस भएर घान्द्रुक हुन गएको हो ।[११]

---

[९] स्व.नरसाङ लामा ,घान्द्रुक निबासी हाल पोखरा

[१०] पुर्ण प्रसाद तुलाचन, ताक्लुङ निबासी हाल पोखरा

[११] तीलबहादु गुरुङ्ग प्रत्यक्ष अन्तरबार्ता

शब्दको उत्पत्तीसँगै मानव वसोवास यस क्षेत्रमा कहिलेबाट भयो भन्ने प्रसङगमा पनि को, किन कसरी र कहाँबाट आए होलान घान्द्रुकमा यो प्रसङ्गग पनि बुढापाकाहरुको भनाई अनुसार खस मल्ल राजाहरुको पतन पछि कास्कीमा कुलमन्डल शाह राजा हुनु पुर्वको समयमा कास्कीमा बहुङख्यक बसोबास गुरुङ जातिकै भएको कारण गुरुङहरुले नै राज्यको काम कारबाही सुम्पीएका थिए रे । काली, सेती, मादी, मस्याङयादी, आदि नदिका किनारमा बस्ने मध्ये मोदीको किनार अर्थात घान्द्रुक बस्नेहरुको भनाइलाई आधार मान्दा मुस्ताङतिर जाडो बढे पछि तल झर्ने र कालिगण्डकीको तिरै तिर तल झरेर र मोदी तर्न नसके पछि मोदी तिरैतिर मोदीको तिरैतिर मुहानतिर लागे । हाल घान्द्रुक र छोम्रोङको पुछार कुलीमा बसोवास गरे । फेरी छोम्रोङ खोला र कुलीको दोभान बाट छोम्रोङ खोलाको तिरै तिर छुरुप हुदै रुवाखोला तरेर छोम्राङखोलाको मूहान नजिकै वस्न थाले । जसलाई आजभोली तिम्ला घिक्लो भनिन्छ । अर्थात यस ठाँउमा सुरुमा तिम्ला आई बसोबास गरेको हुदा नै तिम्ला धिक्लो भनेको र शुरुमा तिम्ला घिक्लो भनेको र सुरुमा घान्द्रुकमा वसोवास गर्नेहरु नै तिम्ला हुन र पछि आउनेहरु थिम्चे हुन ।

अर्को अर्थमा मनाङबाट लम्जुङ्ग झरेका गरुङहरु कास्की प्रवेश गरेर मोदी खोला हुदै घान्द्रुक पुगे । शिकार खेल्ने क्रममा धनुषको धोक्रोवाट जौ को गेडा खसेको र केही समय पछि आउदा जौ सप्रिएको देखी मान्छे बस्न योग्य रहेछ भनेर वसोवास सुरु भयो भनिन्छ भने कतिपय भनाई अनुसार शिकार खेल्नु अगाडि जौ चढाएर पुजा गरिन्थ्यो भने कोहीको भनाई अनुसार जमिन परिक्षण गर्दै हिड्दा यो ठाँउमा गेडावाट माना फल मानाबाट मुरीफल होइन भने सडीजाँउ भनी गरीएको परीक्षणबाट नै जौ सप्रिएको देखी बसोवास सुरु भयो यो क्रम विस्तारै बढ्दै गयो मानव विस्तार हुदैं गयो र विभिन्न ठाँउहरुमा मानिस वस्न थाले । ति ठाँउको नाम पनि गुरुङ भाषबाट नै राख्न थालियो जसअनुसार आबैथर, घलाँइनास, तोरो, आदि हुन । वस्ती बस्दै जाँदा पुख्यौली प्रथाले पनि व्यापक भएको थियो । पछि यसलाई सातसय घरहरु भएको र सातसय घान्द्रुकको रुपमा पनि चिनिन्छ । तर स्व.डा. हर्क गुरुङले आफ्नो पुस्तकमा भने "The village is also called Ghandruk satsaya (Ghandruk seven hundred) some says because 700 houses, but I found three were no more than 300 houses,"[१२] घान्द्रुक भन्दा माथि छोम्रोङ भन्ने ठाँउ पनि घान्द्रुके गुरुङ वाजेहरु सिकार खेल्ने, गाइगोठ राख्ने, मह र पाहा खाने, खेतीपाती गर्ने,

[१२] हर्क गुरुङ, १९८०, भिजनेट अफ नेपाल, शाझा प्रकासन, काठमाडौं, पृ. १६८

क्रममा गाँउथलोको रुपमा विकास भयो । शूरुमा ओडारमुनी जिउदै बस्नु हुदैन भनि साना - साना ५-७ वटा भकारीका बास, पिडालु, जौ, लटे खाने, वर्षको एक पटक दशैमा विरेठाटी पुगेर चामल ल्याएर भात खाने, जंगली जनावरको मासु प्रशंस्त खाने, यसरी रमाइलो गरी बसेका गुरुङहरु रमाइलोलाई छुब र खेतलाई म्रो भनिदा छुब्रम्रोबाट छोमोङ भयो भने घान्द्रुकबाट सबैभन्दा छेउको खेत छेउभ्रोबाट नै छोम्रोङ नाम रहन गएको पाइन्छ । त्यसवेला खालीखुट्टा हिउमा हिड्ने जुत्ता चप्पल नहुने, थाकखोला पुगेर नुन ल्याउने, राती सिटा बालेर बस्ने, विरामी हुदा जडिबुटी र धामीझाक्री सञ्चो हुने हुन्थ्यो । त्यो वेला तक्तीरमा हुने रह्यो नहुने गह्यो । आज जस्तो रेडियो .टि.भि. बत्ती त्यो बेला कहाँ पाउने । शुरु शुरुमा गोरा आउदा आउदा हामी त डराए र लुक्न गयो नि । हामी नपढेको लाई के गोरा के नगोरा पढन त मुखीयाको छोरा भएर जन्मुनुपर्थ्यो यि भनाई हुन स्व. चन्द्रबहादुर तमुका । यसबाट पनि त्यस वेलाको घान्द्रुक हालको अवस्थामा धेरै परिवर्तन भइसकेको छ ।[१३] अन्नपूर्णको मनोरम हिमालहरुलाई कलकल वग्ने खोलानाला, झरना, जडिबुटी, विभिन्न प्रकारका लालीगुँरास, विभिन्न कला र सस्कृति व्रेजमेश्रो ताल, तातोपानी कुण्ड, बौद्ध गुम्बा, सङग्राहलय, तौजीबराह मन्दिर, छोम्रोङ हिल, गुरुङ हिल, अन्नपूर्ण तथा माछापुच्छ्रै आधार शिविर सम्म पूग्न यस गाँउमा मान्छिको घुइचो लाग्दछ । हिजो चोया पाती र स्याउलाको वारको झुपडी बाट होटेलमा विस्तार हुदै गएका औलाले गन्न सकिने होटेलहरु चार दशकको समय पार गर्दा उत्कृष्ट व्यवसायको रुपमा संचालन भएका छन् । यो गाँउ हाल आएर दक्षिण एसियाको नमुना पर्यटकिय गाँउको रुपमा पनि विकसीत रहेको छ । यहाँका मानिसहरु सम्प्रादायीक सदभाव, धार्मिक सहिष्णुता, सामाजिक एकता, खेतीपाती, पशुपालन, पर्यटन व्यवसाय, लगायत नेपाली सेना, प्रहरी, भारतीय सेना, बेलायती लाहुरे हुनका साथै युवाहरु विदेशका कुनाकुनामा रोजगारको लागी छरीएर रहेका छन् । हाल यो गाउँ पनि द्वन्द्वको कारणले धेरै भन्दा धेरै मानिस वसाईसराई गरी रहेका छन् ।

[१३] स्व. चन्द्र प्रसाद गुरुङ, हरी पौडेल, अन्नपूर्णको आगनबाट उदृत, पृ. १०१

# परिच्छेद – ३

## साहित्यको सिंहावलोकन

### ३. परिचय

नेपाल विश्वको पर्यटन स्थल मध्ये एक हो । यहाँ विभिन्न किसिमका प्रकृतिक तथा सास्कृतिक स्थलहरु छन् । जुन पर्यटकका लागि आकर्षण केन्द्रविन्दु बनेका छन् । पर्यटक विभिन्न माध्ययमबाट नेपाल आउने गर्दछन् । पर्यटक नेपाली वा विदेशी जो सुकै पनि हुन सक्दछन् । नेपाली वा विदेशी जो सुकै व्यक्ति होस् विभिन्न जिज्ञासा सँगालेर एक देशबाट अर्को देशमा वा एक स्थानबाट अर्को स्थानमा भ्रमण गरी कम्तीमा २४ घण्टा र वढीमा ६ महिना विताउछ र त्यस ठाँउमा केहि पैसा खर्च गर्दछ भने त्यस्तो ब्यक्तिलाई पर्यटक भनिन्छ ।[१४]

पर्यटकहरु राम्रो र सुरक्षितसँग देशको विभिन्न ठाँउमा घुम्नको लागि होटल व्यवसाय यातायात संचार सुविधा, र सुरक्षित बातावरण प्रदान गर्न सक्नु नै हाम्रो कर्तव्य र दायित्व हो । पर्यटकलाई राम्रो व्यवस्था र ब्यवस्थित तरिकाले सञ्चलन गर्न सकिएन भने हाम्रो वातावरणमा विभिन्न किसिमको नकारात्मक प्रभावहरु पर्न जान्छ । जस्तै फोहोर मैला वढ्नु, सस्कृतिहरु लोप हुँदै जानु, वनजङ्गलको विनास हुनु आदि । पर्यटकहरुलाई लामो समय सम्म घुम्ने वातावरण बनाउनको निमित्त हामीले हाम्रो वरपरको प्रकृतिक वातावरणलाई सधै स्वच्छ र सफा राख्नु पर्दछ ।

पर्यटन के हो वा कुन किसिमको ब्यवहारलाई पर्यटन भनिन्छ भन्ने सम्बन्धमा विभिन्न विस्तृतीकरणले गर्दा आजको भनाई भोलीका लागि सीमाबद्ध हुन सक्दैन । सामान्य रुपमा पर्यटन, पर्यटकको खुसी, आनन्द वा मनोरञ्जनका लागि व्यवस्थापन हुन्छ र यसका लागि घरबाट निस्कने ब्यक्ति पर्यटक हुन्छ ।

मानविय गुणका रुपमा रहेको पर्यटन र त्यसलाई दिन प्रतिदिन सरल सुगम र सम्भव बनाउने यात्रा संसारका मानिसको अस्थित्व भए देखि अन्त्य नहुदा सम्म सकिंदैन । त्यसकारण पर्यटन र यात्रा एक अर्काको परिपुरक शब्द हुन् । पर्यटक र यात्राको सामुहिक रुपनै पर्यटन हो भने यसलाई ब्यवस्थित गर्ने काम पर्यटन व्यवसाय हो । डब्लु टीओका अनुसार पर्यटन भन्नाले स्वदेश वा अर्को देशमा रिक्रियसन, होलीडे, स्टडी एण्ड विजनेश

---

[१४] प्रकृतिक सन्देश -१,२०६४, अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना, पोखरा पृ. ४३

फेमिली एण्ड मिसन, लगायतका उद्देश्यले २४ घन्टादेखि ९९ दिनसम्मको भ्रमण गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । जसले सेवा लिए वापत केहीन केही रकम तिरेको हुन्छ भने भ्रमणकर्ता भनेको यस्तो व्यक्ति हो जो कुनै सेवा र सुविधा नलिने र रकम खर्च नगर्ने खालको अनुसन्धानकर्ता जस्तो हुन्छ । भ्रमणको शिलशिलामा जतिजति अन्तरक्रिया हुन्छ त्यस्को समग्र परिणामलाई पर्यटन भनिन्छ ।[१५]

'Tourism शब्दको विकास सन १९९२ मा लेटिन शब्द 'Tornus' बाट भएका हो । जसका अथ tools ले एउटा सर्कल अथवा Tourners wheel भनि ब्याख्या गरेका छन् ।[१६]

## ३.१ पर्यटनको अर्थ

२१ औँ शताब्दीमा पर्यटन अपरिहार्य उद्योगको रुपमा अगाडि बढी रहेको छ । धुवा रहित उद्योगको रुपमा परिचित पर्यटन व्यवसाय नै अवको विश्वको आर्थिक उन्नति र सामाजिक प्रगति, सास्कृतिक पहिचान र प्रकृतिक महत्वको लागि आधारशिला बन्दै छ । मानविय गुणको रुपमा रहेको पर्यटन र यसलाई दिन प्रतिदिन सरल, सुगम र सम्भव बनाउने यात्रा संसारमा मानिसको अस्थित्व भएदेखि अन्त्य नहुँदासम्म सकिदैन । मानिस संसारमा सबै प्राणीहरु भन्दा श्रेष्ठ छ । तीब्र स्मरणशक्ति र क्रियाशीलताले मानिसलाई कहाँ सम्म पुऱ्याउछ त्यसको परिकल्पना स्वयम मानिसहरुले नै कल्पना गर्न सकिरहेको छैन ।

पर्यटन शब्दको अर्थ कुरा गर्दा फ्रेन्च शब्द 'Tourism' बाट उत्पत्ति भएको हो । यसको शाब्दिक अर्थ The practice of touring or traveling for pleasure a recreation and guidance or management of tourists as a business.भनि गरिएको छ । जसमा पर्यटक हुन्छ र जहाँ यात्राको ब्यवस्था मिलाउने व्यवसाय हुन्छ । पर्यटनका विद्धानहरुले १७ औँ शताब्दीको पूर्वाद्ध देखि पर्यटनको अस्थित्व शुरु भएको उल्लेख गरेका छन् । यसको ब्यापकता पाएको भने १९ औँ शताब्दी देखि हो भनेका छन् ।

अर्को एक शाब्दिक अर्थमा Tourism लाई leisure travel for pleasure भनी The visiting of places away from home to pleasure र Busines travel business भनी The business of organizing travel and services for people traveling for pleasure भनिएको हो ।

---

[१५] नेपाल राष्ट्र बैंकका ५६ औ बार्षीक बिशेषाङक,२०६८, पृ. १५४

[१६] नेपाल राष्ट्र बैंकका २०५७, पोखरामा पर्यटन ब्यबसाय समस्या उपलब्धी र चुनौती बिशेष अध्ययन, पोखरा

पर्यटन के हो भन्ने सम्वन्धमा सर्वप्रथम परिभाषा दिने काम सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री - हरम्यान्न वन सुलार्डले गरे । उनले दिएको परिभाषा “पर्यटन भन्नाले कुनै पनि राष्ट्र, शहर, वा क्षेत्र भित्र र वाहिर विदेशीहरु घुमफिर आवतजावत र प्रवेशसँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक, प्रकृतिका सम्पूर्ण क्रियाकलापहरु हुन् ।”[१७]

ब्रसेल्स विश्वविद्यालयका प्राध्यापक एडमन्ड् पिकाईको परिभाषा यस्तो छ । “पर्यटनको मूख्य काम नै राष्ट्रका लागि विदेशी मुद्रा आर्जन गर्नु हो । यसको प्रभाव विदेशी पर्यटकको खर्च जुन विभिन्न आर्थिक लगायत होटल व्यवसायीहरु माथि रहन्छ ।”[१८]

यसैगरी इन्टरनेशनल एसोसिएसन अफ साइन्टीफीक एक्सपार्ट अन टुरीजमले परिभाषित गरेको स्विस प्रोफेसर हुन्जिकर र क्राफ परिभाषा अनुसार “कुनै स्थानमा स्थायी बसोवास र आर्थिक आर्जन नगर्ने उद्देश्यले गरिने भ्रमण र बसोवास सम्बन्धी सम्पूर्ण घटनाक्रम नै पर्यटन हो ।”[१९]

त्यस्तैगरी सन् १९८१ मा इन्टरनेशनल एसोसिएसन अफ साइन्टीफीक एक्सपार्ट अन टुरीजम र टुरीजम सोसाइटीको आयोजनामा लिजर रियाक्सन टुरीजम विषयमा बेलायतको कार्डिफमा सम्पन्न अन्तराष्ट्रिय सम्मेलनमा गरिएको परिभाषा अनुसार “पर्यटन भन्नाले घरभन्दा बाहिरी वातावरणमा गरिएका निर्धारित विशेष गतिविधिहरुलाई जनाउदँछ । त्यो घरभन्दा बाहिर भएर रात विताएर वा नविताई पनि हुन सक्दछ ।” त्यस्तै गरी सन १९९३ मा WTO ले पर्यटनका सम्वन्धमा "Tourism encompass the activities of person traveling to and staying in places outside there usual environment for not more than one consecutive year for leisure business and other purpose भनि उल्लेख गरेको छन् ।

माथिका यी परिभाषाहरु एक पछि अर्को परिभाषा आएका हुन् । निचोडमा अहिले पर्यटक त्यस्तो विषयमा मात्र सम्बन्धित हुन जान्छ, जो घरबाट वाहिर स्वदेश वा विदेश छोटो अवधिको लागी यात्रा गर्दछ र उसले स्थायी बसोवास र कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा भिन्न परिवेशको अनुभव बटुल्न पैसा खर्च गर्दछ ।”

---

[१७] उद्बव पुरी,पर्यटन र बिकास, तलेजु प्रकाशन काठमान्डौं, पृ. ६

[१८] यज्ञराज सत्याल, १९८८ टुरीजम इन नेपाल, अ प्रोफाइल, बारणसी पब्लीसिङ हाउस न्यु दिल्ली, पृ: ८

[१९] सत्याल, ऐ.ऐ. पृ. ९

## ३.२ पर्यटनको महत्व

पर्यटन व्यवसायले देशका मानिसहरुलाई रोजगारी उपलब्ध गराउँदछ । देशमा उत्पादित वस्तुहरु जस्तै सांस्कृतिक मूल्य र मान्यता भएका बस्तु, हस्तकला, मुर्ति, घरेलु, उत्पादनहरु आदि बिक्री हुन्छन् । यसबाट देशमा विदेशी मुद्राको आर्जन हुन्छ । यस किसिमको आम्दानीले नेपालजस्तो विकासोन्मुख देशलाई विकास कार्यहरु गर्न सहयोग पुग्दछ । पर्यटन व्यवसाय देशको सामाजिक, आर्थिक, र सांस्कृतिक दृष्टीकोणले पनि महत्वपुर्ण मानिन्छ । यसको महत्वको रुपमा आर्थिक आर्जनको स्रोत, धार्मिक एंव सास्कृतिक महत्व, शैक्षिक महत्व, सामाजिक महत्व, औद्योगिक महत्व, वातावरणिय महत्व, राजनैतिक महत्वको रुपमा पनि हेर्न सकिन्छ । यस अन्नपूर्ण पदमार्गमा रहेको यो ठाँउ नेपाल भ्रमणमा आउने समग्रमा २०१० को तथ्याङ्क अनुसार फ्रान्स, बेलायत, अमेरिका अष्ट्रेलीया, इजरायल र अन्य विभिन्न देशबाट गरी लगभग पर्यटकहरु यस क्षेत्रमा भ्रमणमा आएको पाइन्छ ।

यस क्षेत्रको धरातलिय स्वरुप र सस्कृति पर्यटकहरुका लागि अति आकर्षक पक्षका रुपमा रहेको छ । यो क्षेत्र समूह सतहबाट ११७५ मि. देखि ८०९१ मिटर सम्म फैलिएको छ । उचाईको भिन्नताले गर्दा यसको जमिनको स्वरुप र वनोट फरक-फरक किसीमको छ र अति सुन्दर छ । यस क्षेत्रको बोटविरुवा वनजंगल चराचुरुङ्गी, जनावर, लालिगुरास, जंगल, सल्लाको जंगल, नदी, ताल, पोखरी, झर्ना, धार्मिक स्थलहरु, आदि यस क्षेत्रमा रहेका छन् भने विभिन्न जातजातिका मानिसहरुका आफ्नै स्थानिय भाषा, भेषभुषा, रीतिरिवाज, धर्म, सस्कृति, आदि छन् । विभिन्न होटेलहरुमा आर्थिक फाइदा हुनु, रोजगारका अवसरहरु सृजना इत्यादी कारणले पनि यो क्षेत्र पनि महत्व धेरै रहेको छ । विश्वबनधुत्वको भावना वृद्धि गर्न, एक अर्काको भाषा, संस्कृति सम्बन्ध कायम गर्न, शान्ति कामना, अभिवृद्धि गर्न यस क्षेत्रको महत्व छ ।[२०]

## ३.३ पर्यटनको विकासक्रम

प्राग ऐतिहासीक कालको यात्रा वृतान्त बारेमा कुनै तथ्य र प्रमाणहरु एथेस्ट छैन । तर स्वभाविक रुपमा मानिस चेतनशील प्राणी भएकोले एक ठाँउबाट अर्को ठाउमा घुम्न थाल्यो । मौसम अनुकुल स्थानमा वसाई सराइको काम शुरु भयो । मानिस घुमन्ते जंगली अवस्थाबाट विस्तारै पशुपालन, कृषि, तिर आकर्षण वन्न थाल्यो जसले गर्दा मानिसहरु धर्म

[२०] अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना तथ्याङ्क

र व्यवसायको विकाससँगै मानिसको यात्रा सुरु भयो । यातायात साधनहरुको विकासक्रमसँगै व्यवसाय, औद्योगिक, विकासले मानिसको जीवनलाई सरल बनाउन थाल्यो । ७०० इ.पु. तिर वा मुद्राको अवीस्कार भएपछि यात्रा विकासका अध्यायहरु उल्लेखनिय रुपमा अगाडि बढेको पाउन सकिन्छ । विशेष गरी प्रचिन बेनिलोनिया वा इजिप्टका चार हजार वर्ष पहिलेका शासक राजा शुल्गीले यात्रुहरुका लागि चौडाबाटो बगैचा र आरामग्रृह निर्माण गरेको कुरा वाइवलमा पनि उल्लेख छ ।[२१] समय अनुसार विस्तारै यो क्षेत्रमा परिवर्तन हुँदै गयो जसका कारण चौधौं शताब्दीमा पूर्नजागरणका कारण मानिसको सोचाइमा परिवर्तन ल्यायो । यात्रामा क्रान्तीकारी परिवर्तन उन्नाइसौ सताब्दी तिर सुरु भएको यस समय सडकको निर्माण हन थाल्यो । सन १८२५ मा बेलायतमा रेल शुरु हुनुका साथै १८३० मा युरोपमा पनि सुरु भयो । सन १८४१ मा ब्यापीस्ट पिचर र बुक सेलमेन थोमस कुक ले ५०० जनाको एक समूहलाई प्रतिव्यक्ति निश्चित रकम लिएर भ्रमणमा लगे त्यसबाट उनी प्रथम ट्राभल एजेन्टको रुपमा स्विकारियो । यस्तै गरी सन १८४३ मा ३००० स्कुले बिद्यार्थीहरुलाई लेसिस्टर देखि डर्बे सम्म यात्रा गराएका थिए। १८४८ देखि १८५३ सम्म ५००० यात्रीहरुलाई स्कटलैंन्ड यात्रा गराउन सफलता प्राप्त गरे । सन १८५० पछि कुकले युरोपीय महाद्दिप र संयुत्त राज्य अमेरीका जस्ता देसहरुमा अनेकौ बैदेशीक पर्यटनहरुको संचालन गरे । सन १८५५ मा उनले पेरीसमा भएको पर्दशनीको अबलोकनका निम्ति संयुत्त यात्रा संचालन गरे । सन १८६६ मा कतिपय पोस्टरमा उनले आफुलाई पर्यटक व्यवस्थापक भनेका छन भने कतिपय पोस्टरमा उनले टी. कुक. पिन्टर एन्ड कम्पनी भनि लेखे । त्यसपछी सन् १८६५ मा लण्डनमा कार्यलय खोली आफूले व्यवस्था मिलाएका यात्रीलाई आबास सुबिधा समेत दिन थाले । यसै समयमा पर्यटन पत्रिका प्रकाशन गर्नुका साथै अमेरीकामा संगठीत यात्रा शुरु भयो । सन १८७६ तिर पर्यटनका लागि होटलमा कुपनको व्यवस्था हुनुका साथै सन १८७९ देखि पर्यटकहरुलाई बैक एवं बैदेशिक मुद्राको बिनिमय सुबिधा प्रदान गर्ने तर्फ काम गरे । त्यसकारण उनलाई पर्यटनका पिता पनि भनिन्छ ।[२२] उनको विस्तारै यो यात्रा विश्वका सबै मुलुकहरुले सिको गर्न थाले । विस्तारै यातायतका साधनहरुको विकासकम सँगै यसले तिव्ररुप लिन थाल्यो । यो विकासकम सबैभन्दा पहिले हिडेर यात्रा सुरु भयो । विस्तारै यो क्रम सतह मार्गमा मोटरगाडी चढी, रेल यातायात,

[२१] पि.एन. सेथ एन्ड भाट, १९९८, एन इन्ट्रोडक्सन टु ट्राभल एन्ड टुरीजम, स्टरलीङ पब्लीसीङ हाउस, न्यु दिल्ली, पृ. २१
[२२] भाट, ऐ.ऐ. पृ. २२

समून्द्री सतह, हवाई यातायात आदिबाट विस्तार हुन थाल्यो । त्यसपछि विस्तारै पर्यटक पुगेको ठाँउमा खाने बस्ने सुविधा, सुरक्षित रहने, संचार सुविधा र शान्तिपूर्ण वातावरण हुनुपर्दछ भन्ने धारणाहरुको विकास भयो । विभिन्न होटेलहरुको निर्माण हुनु थाल्यो । सन् १९५० को दशकसम्म यसले निरन्तरता पाइरह्यो । त्यसपछि होटेलको स्तर वर्गीकरण र परिभाषित गर्ने काम शुरु भयो यसरी पर्यटकलाई सुविधा पुऱ्याउने होटल, मोटल, लज, रीसोर्ट आदिको आधुनिक अवधारणा देखापऱ्यो । पर्यटन क्षेत्रलाई अगाडि बढाउनको लागी विश्व पर्यटन संगठनको स्थापना भयो । विश्व पर्यटन संगठनले दीर्घकालिन योजनाको परिकल्पना गरेको छ । पूर्व वर्षहरुको आधारमा सन् २०००, २०१० र २०२० सम्मको अवधिमा पर्यटनको आगमन र यसबाट हुने आम्दानी अनुमान गरेका छन् । संगठनका अनुसार सन् २०२० मा विश्व पर्यटन आगमन १.५६ खर्ब पुग्ने अनुमान छ ।[२३]

**तालिका ३.१ विश्व पर्यटनको २०२० सम्मको दिर्घकालिन योजना**

| आधार वर्ष १९९५ | पूर्व अनुमान २०१०-२० | औषत बजार १९९५-२०२० | | बार्षिक औषत वृद्धिदर १९९५-२०२०(दशलाख | | |
|---|---|---|---|---|---|---|
| विश्व | ५६५ | १००६ | १५६१ | १०० | १०० | ४.१ |
| अफ्रिका | २० | ४७ | ७७ | ३.६ | ५.० | ५.५ |
| अमेरिका | ११० | १९० | २८२ | १९.३ | १८.१ | ३.८ |
| पूर्वी एसिया प्रशान्त क्षेत्र | ८१ | १९५ | ३९७ | १४.४ | २५.४ | ६.५ |
| युरोप | ३३६ | ५२७ | ७१७ | ५९.८ | ४५.९ | ३.१ |
| मध्यपूर्व | १४ | ३६ | ६९ | २.२ | ४.४ | ६.७ |
| दक्षिण यसिया | ४ | ११ | १९ | ०.७ | १.२ | ६.२ |

स्रोतः WTO (www.world-tourism.org/facts/2020html)

माथिको तालिकाबाट के थाहा पाउन सकिन्छ भने क्षेत्रगत रुपमा सन् २०२० मा युरोपमा ७१७ (दशलाख) पूर्वी एसिया तथा प्रशान्त क्षेत्रमा ३९७ (दश लाख) र आफ्रिका, मध्यपूर्व र दक्षिण एसीयामा २८२ (दशलाख) पुग्ने अनुमान छ । पूर्वी एसिया एवं प्रशान्त क्षेत्र, दक्षिण एसिया, मध्यपूर्व र अफ्रिकामा पर्यटन वृद्धि दर वार्षिक पाँच प्रतिशत हुने अनुमान छ ।

---

[२३] डब्लु.डब्लु.डट.वल्ड टुरीजम डट ओआरजी फ्याक्ट २०२० हटमेल डब्लु.टी ओ.

## ३.४ पूर्व कार्यको समिक्षा

पर्यटनका क्षेत्रमा विभिन्न विद्धानहरुले अनुसन्धानकर्ताहरुले फरक फरक शैली र ढंगबाट आफ्नो लेखन, पत्र पत्रिका लेख तथा सर्न्दभहरुमा पर्यटनका प्रभावका बारेमा प्रकाश पार्नु भएको छ । एउटा भौगोलिक प्रदेशको मानिस अर्को भौगोलिक प्रदेशमा पुग्दा विभिन्न भौगोलिक तत्वहरुले प्रभाव पारिरहेको हुन्छ भने पर्यटकहरु पनि विभिन्न प्रकारका हुन्छन् । पर्यटकका विभिन्न व्यवहारको र मानव क्रियाकलापको अध्ययन गर्न अप्ठ्यारो पर्दछ । तर पनि विभिन्न अध्ययनहरुले पर्यटनको क्षेत्रमा पारेको प्रभावको बारेमा दिइएका तर्कहरु यस प्रकार रहेका छन् ।

हरमान सुलार्न्डले इ.स. १९१० मा लेखेको लेखमा "पर्यटन भन्नाले मूलत आर्थिक प्रकृतिको त्यस्तो क्रियाकलाप हो जो प्रत्यक्ष रुपले विदेशीहरु कुनै एक देश शहर वा क्षेत्रभित्र आउने वा त्यहाँबाट बाहिर जाने बस्ने यात्रा गर्ने क्रियाशील सम्बन्धीत छ ।"[२४] पर्यटन व्यवसायका विशेषज्ञ यज्ञराज सत्याल पर्यटनको प्रभावको बारेमा लेख्दछन् "पर्यटनको प्रभाव खासगरी यसबाट हुने लाभ पर्यटन क्षेत्रसित सम्बन्धी नीति निर्माण कसरी हुन्छ, मुलुकको समग्र विकास प्रक्रियामा यस क्षेत्रलाई कसरी एकीकृत गरिन्छ, यसलाई कस्तो प्राथमिकता दिइन्छ र यसलाई कसरी व्यवहारमा लागू गरिन्छ भन्ने कुरामा भर पर्दछ ।"[२५] उद्धव पूरी आफ्नो पुस्तकमा लेख्दछन् "पर्यटनले जस्तो लगाउने, उनीहरुले जस्तै गरेर खाने, जीवनका हर शैलीहरुलाई उनीहरुले झै बिताउन खोज्ने वा हरेक कुराको देखासिकी गर्नेहरुले आफ्नो गौरवलाई नै समाप्त पार्न उन्मुख हुनु हो ।"[२६]

डा. प्रेम कुमार खत्री लेख्दछन्, अतिथि र आतिथेय दुबै बर्ग बा समूहबाट समान रुपले अन्तरक्रियाको परिस्थितिको सृजना हुन्छ । यसरी दुई थरी बीच एक विशेष सम्बन्ध स्थापना र बिस्तार हुन्छ । अर्काका भाषा बोली पहिरन बानीब्यहोरा मुल्यमान्यता जस्ता दृष्य र अदृष्य तत्व हरुले एकअर्का माथि बिस्तारै प्रभाब पार्न थान्दछ ।[२७] सांस्कृतिक पर्यटन भन्नाले नेपालको कला, पूरातत्व धर्म, संस्कार, जाति जनजाति र तिनीहरुको संस्कार,

[२४] ए.के. भाटीया, १९९४, इन्टरनेशनल टुरीजम, स्टलीङ पब्लीसर प्राइभेट लिमिटेड, न्यु दिल्ली, पृ. ३४

[२५] यज्ञराज सत्याल १९८८, टुरिज्म इन नेपाल अ प्रोफाइल, बारणसी पब्लीसीङ्ग हाउस, न्युदिल्ली पृ. १०८

[२६] उद्धव पुरी, २०६३, पर्यटन र विकास, तलेजु प्रकाशन, काठमाडौं, पृ. ८०

[२७] डा. प्रेम कुमार खत्री र गंगा खरेल, २०५५, नेपालको पुरातत्व कला र पर्यटन, शाझा प्रकाशन, काठमाडौं, पृ. १८०

जीवनशैली, लोकगाथा, लोकसंस्कृति समेतलाई झल्काउने क्रियाकलापको अवलोकन गर्नु गराउनु भन्ने बुझिन्छ ।"[२८]

अन्नपूर्ण संरक्षण क्षेत्रको महत्वबारे लामा र लिपको विचार यस्तो छ । अन्नपूर्णको आकर्षण यसको असाधारण प्राकृतिक सौदर्यमा मात्र होइन यसको सम्पन्न जैविक विविधता र यहाँका मानिसको अनुपम संस्कृति पनि हो । आफ्नो जमिनबाट हुने फाइदामा यहाँको मानिसहरुको नै सर्वोपरी हक हुन्छ ।

डा. तीर्थ बहादुर श्रेष्ठ (२०६५) आफ्नो बाल साहित्य समाजको बाल साहित्य र पर्यटन सम्बन्धी मस्यौदामा पाहुना वा अतिथि वर्गलाई विशेष असर नपर्ने तर आश्रयदाता वा घरपति समूहलाई दूरगामी प्रतिकुल असर पर्ने विभिन्न अवस्थाहरु नेपालको पर्यटन क्षेत्रमा देखिन थालेको छ । बाल्यवस्था देखि नै पर्यटन व्यवसायमा भुलेर आफ्नै संस्कृति र परम्परालाई चटक्कै बिर्सन वा तिनलाई निरन्तरता दिने पुस्ताकै अभाव पर्ने स्थिति केही पर्यटकीय स्थल जस्तै सगरमाथा नाम्चे क्षेत्रमा देखिन थालेको छ । कुन देशको पर्यटक हो भनेर टाढैबाट चिन्ने तर आफ्नै घर दैलोको जडीबुटी, बालीनाली, पशुपंक्षी नचिन्ने, चौरी पालन, पशुपालन कृषि व्यवसायबाट पुरै बन्चित रहने अनविज्ञ समूह खडा भइसकेको छ ।[२९]

रिता ढुंगेल (२००२) ले आफ्नो शोध पत्रमा चितवनको सौराहमा पर्यटकले पारेको प्रभावको बारेमा उनले आफ्नो उद्देश्यमा उनले सौराहा बछौली गा.वि.स.का समूदायमा परेको सांस्कृतिक प्रभाव, पार्कसँग जनताको सम्बन्ध, थारु समूदायमा परेको सकारात्मक र नकारात्मक प्रभाव, त्यहां वृद्धि भइरहेको, आधुनिकीकरण, सामाजिकीकरण, औधोगिकरण लगायत विविध क्षेत्रमा परेको प्रभावको बारेमा अध्ययन गरिएको छ ।[३०]

रमेशराज कुबर (१९९७) लेख्दछन, "वास्तवमा पर्यटनले बिभिन्न थरीका नयाँ र नौला कला र बस्तुहरुको परिबर्तित रुपको सृजना गर्दछ । यस प्रकारको कला बस्तुहरु पर्यटन बजारका निमित्त तयार गरीन्छ । यिनीहरु बास्तवमा कलाका नयाँ र बेग्लै नमूना हुने गर्दछन ।"[३१]

डा. गणेश क्षेत्री र रायमाझी (२०५७) पर्यटन विकास र व्यवस्थापन पुस्तकमा लेख्दछन पर्यटक र पाहुना बीचको अन्तर सम्बन्ध भनेको अन्तरक्रिया हो । परस्परको

[२८] ऐ. ऐ. पृ. २०२

[२९] डा. तिर्थ बहादुर श्रेष्ठ, २०६५, बाल साहित्य र पर्यटन, मस्यौदा, पृ. ३

[३०] रिता ढुंगेल २००२, चितवनको सौराहामा पर्यटनले पारेको प्रभाव स्नाकोत्तर शोधपत्र, पोखरा

[३१] रमेशराज कुबर, १९९७, पर्यटक र पर्यटन, गंगा सेन कुबर, काठमाडौं, पृ. १८३

अन्तरक्रिया भेटघाट रहनसहन आनीबानी बोलीचाली लवाई खवाई आपना आस्था एवं विश्वासमा समेत आदान प्रदान गर्ने गर्दछन । विदेशी भाषाशैली बोली लगायत अनेकौ सांस्कृतिक मान्यता ग्रहण गर्दछन । यसैबाट बिश्व भाइचाराको सम्बन्ध विकास हुनुका साथै परस्पर एक अर्काका नजिक हुन पुग्दछन । यस अर्थमा आयोजक र पर्यटक पाहुना बीच कायम हुन जाने सामाजिक र सास्कृतिक सम्बन्ध अत्यन्त संबेदनशिल सम्बन्ध हो भन्नु पर्दछ । त्यसै गरी वर्तमान अवस्थाका पर्यटन मानवीय जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने महत्वपुर्ण कार्यकलाप भईसकेको छ । मानविय जीवनशैलीबाट यसलाई अलग्याउन सकिदैन । यस अर्थमा यो मानवीय समाजका लागि अपरीहार्य तत्व भई सकेको देखिन्छ । त्यसकारण पर्यटनको सकारात्मक र नकारात्मक असरहरु मानव जीवनका बिभिन्न पक्षसगँ सम्बन्धीत रहेका छन ।[३२]

ए. के. भाटीया (१९९४) आफ्नो पुस्तकमा लेख्दछन, पर्यटनको प्रत्यक्ष प्रभाव सामाजिक शिक्षा एवं बेग्लाबेग्लै क्षेत्र र मुलुकहरुका बीचका बासिन्दाहरुमा आपसी समझदारी बढाउनमा रहेको देखिन्छ । बेग्लाबेग्लै भाषा सस्कृति र जीवनशैली भएका मानिसहरुको बीचमा सदभावको सृजना गर्नु नै पर्यटनको सबैभन्दा महत्वपुर्ण सामाजिक प्रभाव हो ।[३३]

नुनेज आफ्नो पुस्तकमा लेख्दछन, सास्कृतिक सिद्धान्तलाई परीक्षण गर्नका निमित्त पर्यटन एउटा प्रयोगशाला हो । वर्तमान अवस्थामा पर्यटक सर्वव्यापक हुन पुगीसकेको छ । वास्तवमा उ सांस्कृतिकरण र सांस्कृतिक गतिबिधिको व्यापक सम्बाहक नै हो ।

डा. गणेश क्षेत्री र रामचन्द्र रायमाझी लेख्दछन, वर्तमान अवस्थामा पर्यटन मानव जीवनसग प्रत्यक्ष सम्बन्ध राख्ने महत्वपुर्ण कार्यकलाप भईसकेको छ । मानवीय जीवनशैलीबाट यसलाई अलग्याउन सकींदैन । यस अर्थमा यो मानवीय समाजका लागि अपरीहार्य तत्व भईसकेको देखिन्छ, त्यसकारण पर्यटनको सकारात्मक र नकारात्मक असरहरु मानव जीवनका बिभिन्न पक्षसग सम्बन्धीत रहेका छन ।[३४]

नेपाल भ्रमण बर्ष १९९८ सम्बन्धी पत्रिकामा नेपालमा गुणस्तरीय पर्यटनको अर्थको बारेमा के लेखिएको छ भने "गुणस्तरीय पर्यटन भनेका ति हुन जसले प्रशस्त धन नेपालमा

---

[३२] डा.गणेश क्षेत्री र रामचन्द्र रायमाझी, २०५६, पर्यटन बिकास र व्यबस्थापन, एशिया पब्लिकेशन्स पृ. ४९

[३३] पुर्ब पादटिप्पणी, नं २, पृ. ४६४

[३४] पुर्ब पाद टिप्पणी नं १० पृष्ठ १५२

खर्च गर्दछन ती पनि हुन जो नेपाली वातावरण र संस्कृति प्रति अनुरागी भएर बुढा बुद्धिमत्तापुर्ण तवरले खर्च गर्दछन ।"[३५]

श्रेष्ठ (१९९९) ले आफ्नो सोधपत्रमा बन्दिपुरको ग्रामीण पर्यटनमा लेख्दछन, समुदायमा आधारीत ग्रामीण पर्यटन यस गाँउमा धेरै राम्रो छ । समुदायको सक्रिय सहभागिता भएपछि मात्र दीर्घकालीन रुपमा ग्रामीण पर्यटनको विकास हुन सक्दछ । यस गाँउमा पर्यटनको आगमनबाट आर्थीक विकास भएको र नकारात्मक प्रभाब घटदै गईरहेको छ । त्यसकारण यस ठाँउको मुख्य आबस्यकता भनेको समुदायमा आधारीत ग्रामीण पर्यटन हो । जसले गर्दा राष्ट्रिय आय र रोजागार पनि वृद्धि हुन पुग्दछ ।

जमुना पाहारी (२००८) ले आफ्नो शोधपत्रमा लेख्दछीन, कमजोर आर्थीक अवस्था भएका महिलाहरुमा शिक्षाको कमी, बढी परीश्रम र धेरै समय कामगर्नु पर्ने समस्या रहेको छ । अर्को तर्फ पर्यटन क्षेत्रमा लागेका महिलाहरुलाई तालिम नदिइनु, थोरैमात्रमा ज्याला दिनु, कम मात्रमा अवसरहरु दिइनु, महिला र पुरुष बीच भेदभाव गरीनु, आदि कारणले गर्दा महिलाहरु समाजका हरेक क्रियाकलापमा पछि परीरहेका छन । सामाजिक कार्यमा, राजनितिमा, निति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता न्युन रहेको छ ।

यस अध्ययनको मुख्य रुपमा महिलालाई सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा ज्यादै न्युन छ । समन्वय र सकारात्मक सोचका कारण मात्र मानिसहरु महिलालाई धेरै क्षेत्रमा सहभागी गराउछन, तव मात्र यसले महिलालाई अगाडि बढाउनुका साथै आफ्नो घर पेशा आदिलाई व्यवस्थित बनाउदछ । त्यसकारण मानिसहरुको महिला प्रतिको धारणा सकारात्मक र नकारात्मक दुबै हुन्छन । त्यसैका आधारमा प्रत्येक क्षेत्रमा सहभागी गराउँछन् ।

ऋषिराम बराल (२००८) आफ्नो शोधपत्रमा लेख्दछन, पोखरामा पर्यटन व्यवसायबाट धेरै भन्दा धेरै मानिसहरुले रोजगारी प्राप्त गरीरहेका छन । यस्तो व्यवसायमा स्थानिय भन्दा बाहिरका मानिसहरुले बढी फाइदा प्राप्त गरीरहेका छन । पर्यटनको विकासले गर्दा पर्यटकका प्रत्येक गतिबिधिहरुले ठूलो मात्रमा रोजगारका अवसरहरु सृजना गर्नुका साथै मानिसको जीवनयापनशैलीमा पहिलाको भन्दा धेरै परीवर्तन आईरहेको छ ।

खुमलाल लामिछाने (२००९) आफ्नो शोधपत्रमा लेख्दछन, नेपालमा पर्यटन विकासका धेरै सम्भावनाहरु रहेका छन । यहाँको प्राकृतिक स्वरुप, कलाकौशल र सांस्कृतिक

[३५] नेपाल भ्रमण बर्ष १९९८, (१९९७) पर्यटन बोर्ड पृष्ठ ३८

मुल्यमान्यताले नै पर्यटकलाई आर्कषण गर्नुका साथै मुख्य गन्तव्यस्थलको रुपमा परिचित छ । पर्यटनले अर्थतन्त्रको विकासमा महत्वपुर्ण भूमिका खेलीरहेको छ । अन्तराष्ट्रिय मुद्रा सटही, सामान निर्यातमा वृद्धि गर्नुका साथै राष्ट्रले आर्कषणरुपमा आयआर्जन गर्न यस क्षेत्रले मद्धत गरीरहेको छ । अर्को तर्फ देशले आन्तरीक ब्यापार व्यवसायमा वृद्धि गरीरहेको छ ।

नेपाल राष्ट्र बैंक (२०५७) ले पोखरामा पर्यटन व्यवसाय, समस्या, उपलब्धि र चुनौति विशेष अध्ययनमा लेख्दछन, पर्यटन व्यवसायको विकासबाट समग्रमा देखिएका सकारात्मक प्रभावमा रोजगारीमा वृद्धि, विदेशी मुद्रा संचिति एवं आयआर्जन (जीवनस्तर सुधार) धर्म, सस्कृति, सभ्यता र बीचारको आदान प्रदान पारस्परीक सदभाव, सहयोगी र मैत्री सम्बन्धमा वृद्धि, पोखरा नेपाल र नेपालीको अन्तराष्ट्रिय जगतमा प्रचार प्रसार प्रमुख रुपमा रहेका छन भने नकारात्मक प्रभावमा वातावरणीय प्रदुषणमा वृद्धि, मौलिक संस्कृतिमा लोप तर पश्चिमी संस्कृतिको आगमन, दुर्ब्यसनीको संख्या र कारोवारमा वृद्धि महगी एवं फजुल खर्च वृद्धि, फेशनमा विकृति, विदेश पलायनमा वृद्धि, स्वदेशी उत्पादन हतोत्साहीत तर आयतित बस्तु तथा सेवाको खपतमा वृद्धि प्रमुख रुपमा रहेका छन ।

सुरेन्द्रभक्त प्रधानाङ्ग (२००२) चितवनमा ग्रामीण पर्यटन भन्ने पुस्तकमा लेख्दछन, मुख्य मुद्धा भनेको ग्रामीण क्षेत्रको पर्यटन विकासका लक्ष्य र योजना कार्यान्यनमा आइपर्ने सबैभन्दा ठूलो प्रभावका बारेमा छलफल र बिष्लेषण गर्नु पर्दछ । एकातर्फ पर्यटन ठूलो रोजगार दिने संस्था र श्रमीकको आर्कषण उधोग हो भने अर्कोतर्फ पुंजी संकलनको स्रोत हो । पर्यटन शाब्दिक अर्थमा नै महत्वपुर्ण शब्द हो । त्यसकारण वर्तमान अवस्थामा यसलाई लक्ष्यअनुसार योजना निमार्ण र विकास गदै लैजानु पर्दछ । ग्रामीण पर्यटनको कार्यान्वयन र विकासका लागि दीर्घकालीन सोचका साथ योजना निर्माण, सहि सीद्धान्त, ठिक समय, ठिक ठाँउ, सही मानिसद्वारा यो सुत्रको प्रयोग गरेमा उद्देश्यमा पुग्न सकिन्छ । ग्रामीण पर्यटन विकास र उन्नति हुनुका साथै अन्त्यमा चितवनका लजहरुले भबिश्यमा एकातर्फ उच्च आर्थीक वृद्धि दर हासील गर्न ग्रामीण पर्यटनको विकास सतहीरुपमा सुरु गरी यसमा उपलब्ध गराइने सेवा सुबिधा र अर्कोतर्फ भौतिक पुर्वाधारहरुको निर्माण गर्ने कुराहरु बुझ्न आबश्यक छ ।

यज्ञराज सत्याल (२००४) ले टुरीजम इन नेपाल अ प्रोफाइलमा लेख्दछन, नेपालमा १९७० को दशक देखिनै पर्यटने सामाजिक र सांस्कृतिक मुल्य मान्यतामा विवाद सृजना गरीरहेको छ । पुरानो आर्दशबादी कथाहरुले विवाद र बीचारहरुको अध्ययन र अनुसन्धान

गर्नु पर्दछ । यो कुरा सत्य हो की पर्यटनको धेरै प्रभाव परम्परागत जीवनशैली र सस्कृतिमा परेको छ । जुन कुरा सामाजिक परीवर्तनसँग छुट्टाएर राख्न सकिदैन । अर्को परीवर्तन भनेको भौगोलीक रुपमा पर्यटनमा ध्यान केन्द्रित हुँदा त्यसको प्रभाव स्थानिय समुदायमा पर्दछ । मुख्यतः यसको प्रभाव जुन युवा पर्यटकसँग प्रत्यक्ष सम्पर्क हुन्छन, तिनीहरुमा पर्दछ । अरु प्रभावहरु जनताको जीवनस्तरमा, वातावरणमा दवाब, प्रदुषण, पहाडी क्षेत्र र हिमालहरुमा फोहोर बढ्नु, आदि हुन् भने अर्को तर्फ प्रत्यक्ष र अप्रत्यक्ष बसाईसँराई र बिबाह पनि हो ।

लाल प्रसाद गुरुङ (१९८९) ले आफ्नो शोधपत्रमा लेख्दछन, अन्नपूर्ण क्षेत्रको दक्षिण भागमा रहेको ठाँउको जब फरक फरक सस्कृति र समुदाय बीच अन्तरक्रिया हुन्छ त्यसले दुबै समुहमा परीवर्तनको सृजना गर्दछ । यहाँको सस्कृति, सामाजिक परम्परा सामुहिक रुपमा बाटो मर्मत, पुल निर्माण कृषि गतिबिधि, रोपाई, अन्नबाली काटने र थन्काउने सामुहिक रुपमा काम गर्दछन । गुरुङहरुको सस्कृति अरुको भन्दा फरक छ । यिनिहरुले बुद्ध र हिन्दु धर्म दुबैका चाडपर्वहरु मनाउँछन ।

सामाजिक र सांस्कृतिक प्रभावको रुपमा विदेशीहरुले प्रयोग गर्ने सामानहरु जस्तै क्यामरा, ज्याकेट र अन्य युरापीय उत्पादनहरुको प्रयोग गरेको देखेपछि पहिरनमा प्रभाव परेको छ । पर्यटक गाइडहरुलाई आर्कषण गर्न यौन व्यवसायलाई मनोरञ्जनको साधनको रुपमा लिनुका साथै कहिलेकाहि विदेशी पर्यटकलाई समेत कुनैकुनै ठाँउमा संलग्न गराउने र ब्यापार व्यवसाय बढाउन प्रयास गर्ने कार्य मोदीखोलाका गाँउहरुमा रहेको छ । अर्कोतर्फ यहाँका गुरुङहरु ब्रिटीस गोर्खामा भर्ति हुनु र बाबुआमासँग त्यस ठाँउमा पुगेका युवाहरुले सिगापुर हङकङ जस्ता ठाँउहरुमा डिस्को डान्स र रेष्टुरेण्टहरुका क्रियाकलाप देखिसकेका छन । अर्को मुख्य परिवर्तन भनेको पुराना घरहरुको ठाँउमा परम्परागत आधुनिकशैलीका घर निर्माण र जीवनयापनशैलीमा आएको परिवर्तन नै पर्यटनको प्रभाव हो ।

पर्यटनको क्षेत्रमा गरीएका धेरै अध्ययनहरु बिदेशीहरुबाट भएको छ भने मानबशास्त्रीय र समाजसास्त्रीय आधारमा भने धेरै न्युनरुपमा मात्र अध्ययन भएको छ । पर्यटनले अर्थतन्त्रमा पारेको प्रभावको बारेमा पनि धेरै अध्ययन गरीएको छ तर समाज र सस्कृतिमा परेको प्रभावको बारेमा ग्रामीण क्षेत्रमा कमै मात्र अध्ययन गरीएको छ । पर्यटन पुर्वाधारको बिकास हुदै गईरहेको, आन्तरीक र बाहि्य पर्यटक बढीरहेको, त्यहाँको जनसंख्या भन्दा बढी पर्यटकको आगमन हुदा सामाजिक संरचना र वातावरणमा सकारात्मक र

नकारात्मक दुबै प्रभाव पारीरहेको हुन्छ । त्यसकारण सकारात्मक प्रभाबको अनुकरण गर्दै नकारात्मक प्रभावलाई न्युनीकरण गर्दै लैजानु पर्दछ ।

## ३.५ नेपालमा पर्यटनको इतिहास

'टुरिजम' शब्दको विकास सन १२९२ मा लेटीन शब्द 'टोर्नस' अर्थ एउटा वृत वा घुम्ने चक्काको रुपमा शूरु भएको हो ।[३६] स्यामसगल पेगको भनाई अनुसार 'टुरि-स्ट ' शब्द 'ट्राभलर' बाट १८०० मा र बेलायती उपन्यासमा १८११ मा 'टुरिजम' शब्दको उत्पत्ती भएको हो तर नेपालमा पर्यटनको इतिहासको शुरुवातलाई अध्ययन गर्दा एकीकरण अगाडि पछाडी र सन १९५० पछिको पर्यटनको रुपमा अध्ययन गरीन्छ ।

एकीकरण अगाडि नेपालको पर्यटन विकास प्राचिन समय देखि नै नेपाल पवित्र भूमी -हिन्दु र बौद्ध धर्मावलम्बीहरुको तीर्थस्थल, सन्त महन्त र तपस्या गर्ने ठाँउको रुपमा रहेको छ । नेपालको उत्पतीसँगै भारतबाट भगवान कृष्ण, चिनबाट मन्जुश्री त्यस्तै गरी किरात काल, इ.स. ३०० स्थुगको सम्राट असोक आदि धार्मिक रुपले आवत जावत वढदै गयो । सन् ४०३ मा चिनियाँ यात्री फाहियान, वाङ हेन से लिई पियावा, ६३६ मा हु एन साङ आदि नेपाल आई आफ्नो यात्रा वृतान्तको बारेमा लेखे । त्यस्तै नेपाल, भारत, र चिनका राजाहरु समक्ष राजनैतिक तवरबाट दुतहरु जाने आउने क्रम अरनिको चिन भ्रमण, भृकुटीको विवाह आदि बाट पनि यात्राको विकास भयो भने मल्लकालमा नेपाल भोट चिन सगको व्यापार चरम सिमामा पुग्नु, नेपाली मूद्राले र नेपालीहरुले ब्यापारीक आधिपत्य जनाउनु नै विदेशी नेपाल भ्रमण र नेपाली विदेश भ्रमण व्यापक भइसकेको थियो ।

एकीकरण पछाडीको पर्यटनको निकासलाई हेर्दा पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तार क्रममा विभिन्न वाइसे चौबिसे राज्यहरु र रजौटाहरुले अंग्रेजहरुलाई गुहार्न थाले । पर्यटन विकासको पुर्वधारको रुपमा नेपाल भित्रकै राज्यहरुको बैवाहिक सम्बन्ध, लडाई, तिर्थयात्रा र भारत तिब्वत चीनसँगको ब्यापारीक र धार्मिक सम्बन्ध कारण यात्राक्रम शूरु भयो । पृथ्वीनारायण शाहको बनारस यात्रा, भक्तपुर यात्रा, किनलक अभियान, भिरकासीम अभियान, नेपाल तिब्वत युद्ध, आदि कुराले यसलाई बढाउँदै लग्यो । नेपालको बारेमा कर्क प्याट्रीकले तथ्यहरु संकलन गरी पुस्तक प्रकाशन गरेपछि विदेशीहरुलाई चासो बढ्यो र

[३६] पुर्व पाद टीप्पणी नं ३. पृ. ८

आगमनमा परिवर्तन आयो । सन १८०१ मा क्याप्टेन नक्स सहित ५० जना नेपाल आए । त्यसपछि समुहका विशेषज्ञ टोलीका सदस्यहरु र हेमील्टनको कृतिले यसलाई अझ बढी परिचित बनायो । सन् १८०१ – १८४४ सम्म नेपालमा १५३ जना विदेशी आए भने महिला १८४४ मा राजदुत हेनरी लरेन्सकी पत्नी एक जना मात्र थिइन् ।[३७] सन् १८४६ पछि राणाहरु नेपालको सत्तामा पूगे उनिहरुले १०४ बर्षे शासन कालमा अंग्रेजहरुलाई प्रवेश खुला गरे भने नेपालीहरु युरोपेली सभ्यता, संस्कार र विकासले प्रभावित भए । सन १८५० मा ठूलो समुहका साथ जंगबहादुरले बेलायत भ्रमण, गोर्खा भर्ती केन्द्रको स्थापना, अंग्रेजहरुलाई ब्यापारिक सुविधा, देवशमशेरको वेलायत र भारत भ्रमण, विद्यार्थी अध्ययन का लागि जापान जानु, सिनेमा-गोरखापत्रको प्रकाशन, शिक्षाको विकास गरी जनचेतना फैलाउने कामले पर्यटन क्षेत्रमा उत्साहजनक प्रगति भयो । सन १९०८ मा चन्द्र समसेरको बेलायत भ्रमणको बारेमा झन्डै ७३ पत्रिकाले नेपालको कला–सस्कृति र संस्कार, राजकीय परम्परालाई विदेशमा व्यापक रुपमा प्रचार प्रसार गरायो । १९५१ मा नेपालमा राणा शासन अन्त्य हुनाले नेपालको राजनैतिक आर्थिक सामाजिक, एवं अन्तराष्ट्रिय सम्वन्धमा परिवर्तन भयो भने नेपालमा पर्यटकिय हिसावले राम्रो हुनुका साथै सन् १९२१ मा ब्रिटीस रिकन्नाइजसान्स टिमको सगरमाथा आरोहण प्रयास उल्लेखनिय रह्यो ।

सन १९५१ मा प्रजातन्त्रको स्थापना पछि पर्यटन विकास गतिविधि खुल्ला भए भने विदेशसँग कुटनैतिक सम्बन्ध गाँसीदै गयो । नेपालको विकासमा वैदेशिक सहयोग प्राप्त हुनु पर्यटन उद्योगका लागि सन १९५१ देखि नै निजि स्तरको समेत संलग्न भई संस्थागत विकास शुरु भयो । सन १९५३ मा एडमन्ड हिलारी र तेन्जिङ नोर्गे सेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेपछि नेपाल र नेपालीको गौरव विश्वभरी फैलिएको छ । सडक यातायात र हवाई मार्गको पूर्ण रुपमा विकास भएको थिएन सन् १९५० मा पहिलोपल्ट गौचरण हवाई अड्डा हालको त्रिभुवन विमानस्थलमा घाँसे मैदानमा डेकोट हवाई जहाज र १९५१ मा इन्डियन एरवेजको उडान सन् १९५६ मा भारत सहयोगमा त्रिभूवन राजपथ वनेपछि नेपालमा अन्तराष्ट्रिय पर्यटन र आन्तरिक पर्यटनको विकास शुरु भयो ।[३८]

[३७] पुरी, पुर्व पाद टीप्पणी नं ४. पृ. ३४

[३८] ऐ.ऐ. पृ. २२

सन १९५५ मा थोमस कुक एण्ड सन्स ट्राभल एजेन्सीले पहिलोपल्ट नेपाल सरकार सँग अनुमति लिएर ६० जना पर्यटकलाई हवाईमार्गद्वारा गौचरण घाँसे मैदानमा इन्डियन नेसनल एवरवेज मार्फत ओरालेका थिए ।[३९] यस्तै गरी १९५८ मा आरएनएसीको जन्म भएपछि पर्यटन क्षेत्रमा थप आयम थपियो । यस्तै गरी वि.स. २०१४ मा 'पर्यटन विकास ऐन' लागु गरेपछि नेपालमा आन्तरिक र बाह्य रुपमा पर्यटनको विकास भयो । यसै ऐन अनुसार सन् १९५७ मा उद्योग वाणिज्य मन्त्रालय अन्तरगत पर्यटन बोर्डको गठन, १९६२ मा संचार मन्त्रालय अन्तरगत पर्यटन विभागको स्थापना वि.स. २०३३ मा पर्यटन मन्त्रालयको स्थापना भयो ।[४०]

सन् १९६४ मा कर्मचारी ऐन, सन १९७८ मा पर्यटन ऐन, सन् १९८१ मा औद्योगिक लगानी ऐन लागु भएपछि पर्यटन क्षेत्रमा थप प्रोत्साहन गरायो । पर्यटन क्षेत्रमा निजीस्तरको संलग्नता बन्यो भने विभिन्न ठाँउहरुमा होटेलको स्थापना, पर्यटन पूर्वाधारको विकास, ट्राभल्स एजन्सीहरुको स्थापनाले थप टेवा पुऱ्याउँदै गयो भने प्रथम पञ्चबर्षीय योजनाबाट यस क्षेत्रमा पनि बजेट विनियोजन गर्न थालियो । पर्यटन विकास पूर्वाधारको काममा विभिन्न मित्रराष्ट्र एवं एसियन विकास बैंक तथा विश्व बैंकको सहयोग महत्वपुर्ण छ । यस्तै गरी पर्यटन क्षेत्रको विस्तार, सुरक्षा, संरक्षण र प्रचार प्रसारमा संलग्न संघ संगठन को सदस्यता लियो भने सन् १९७५ मा नेपालले दक्षिण एसीया पर्यटन वर्ष पनि मनाएको थियो । पर्यटन विभागको स्थापना भइसकेपछि हालसम्म धेरै ठाँउमा पर्यटन सूचना केन्द्रको स्थापना भई सकेको छ भने धेरै ट्राभल्स ट्रेड सम्बन्धी संस्था, वायुसेवाहरु, हेलीकप्टर लगायत विभिन्न यातायातका साधनहरु रहेका छन् । अर्थतन्त्रमा महत्वपुर्ण विकासको रुपमा हेर्दा पर्यटन उद्योग धेरै अगाडि रहेको छ । नेपाल जस्तो विकासशिल राष्ट्रका अगाडि पर्यटन विकासको रुपमा रहेको छ । यहाँको हावापानी, वातावरण, सुन्दर र मनमोहक हुनु, जातीय विविधतामा एकता हुनुका साथै विभिन्न कला र सस्कृतिको क्षेत्रमा आकर्षण भएको ले हालसम्मको अवस्थामा पुगेको छ । सन १९६२ देखि हालसम्मको पर्यटकको आगमनको वृद्धि प्रतिशत यस प्रकार रहेको छ ।

---

[३९] पुर्व पाद टीप्पणी नं ३. पृष्ठ १२

[४०] ऐ.ऐ. पृ .१२

**तालिका ३.२ नेपालमा पर्यटकको आगमन**

| वर्ष | संख्या | प्रतिशत | वर्ष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १९६२ | ६१७९ | – | १९९५ | ३,६३,३९५ | ११.३ |
| १९६६ | १२,५६७ | १०३.४ | १९९६ | ३,९३,६१३ | ८.३ |
| १९७० | ४५,९७० | २६५.८ | १९९७ | ४,२१,८९५ | ७.२ |
| १९७४ | ८५,८३८ | ९५.४ | १९९८ | ४,६३,६८४ | ९.९ |
| १९७८ | १,५६,१२३ | ७३.८ | १९९९ | ४,९१,५०५ | ६.० |
| १९८२ | १७५,४४८ | १२.४ | २००० | ४,६३,६४३ | –५.७ |
| १९८३ | १७९४०५ | २.३ | २००१ | ३,६१,२३७ | –२२.१ |
| १९८४ | १,७६,६३४ | –१.५ | २००२ | २,७५,३६८ | –२३.७ |
| १९८५ | १८०९८९ | २.५ | २००३ | ३,३८,१३२ | २२.७ |
| १९८६ | २२३३३१ | २३.४ | २००४ | ३,८५,२९७ | १३.९ |
| १९८७ | २,४८,०८० | ११.१ | २००५ | ३,७५,३९८ | –२.६ |
| १९८८ | २,६५,९४३ | ७.२ | २००६ | २,८३,९२६ | २.२ |
| १९८९ | २,३९,९४५ | –९.८ | २००७ | ५,२६,७०५ | २७.१ |
| १९९० | २,५४,८८५ | ६.२ | २००८ | ५,००,२७७ | –५.२ |
| १९९१ | २,९२,९९५ | १५.० | २००९ | ५०९९५६ | १.९ |
| १९९२ | ३,३४,३५३ | १४.१ | २०१० | ४,४८,७६९ | १३.६ |
| १९९३ | २,९३,५६७ | –१२.२ | | | |
| १९९४ | ३,२६,५३१ | ११.२ | | | |

स्रोत : उद्दव पुरी, पर्यटन र विकास, एक्याप, पत्रपत्रिका

नेपालमा पर्यटकको आगमनकोतथ्याङ्क सन १९६२ बाट भेटीएको छ । त्यस समयमा ६१७९ पर्यटक आएका थिए । यसरी पर्यटकको आगमन बढ्दैजाँदा नेपाल भ्रमण बर्ष १९९८ मनाउन कुल ४,६३,६८४ पर्यटक अर्थात ९.९% ले बृद्दी भएकोमा बिस्तारै नेपालमा युद्धको अबस्था सृजना भएपछि यो संख्या आधाले घटन पुग्यो भने शान्तीबार्ता भएपछि सन २००७ मा हाल सम्मकै धरै ५,२६,७०५ जना पर्यटक नेपाल घुम्न आए । यसरी पर्यटक परीशिष्ट ४ मा देखाइए जस्तै बिभिन्न उद्देश्यले आएका हुन्छन ।

### ३.५.१ घान्द्रुकमा पर्यटको इतिहास

गुरुङ भाषाको प्रचलित नाम कोडनासबाट चिनिने विविधता ले भरीपुर्ण यस घान्द्रुक गा.वि.स. क्षेत्रफल २९६.५० वर्ग कि.मी. छ । पर्यटनको विकासका लागी २०१५ सालमा नेपालमा पर्यटन बोर्डको स्थापना भयो र यस समयमा प्रथम पञ्चवर्षिय योजना अनुसार पर्यटकका लागी होटेल निर्माण गर्न बजेट विनियोजन गरीयो । यस समयमा काठमाडौं उपत्यकामा तिव्र गतिमा पर्यटनको विकास भयो भने अन्य ठाँउका विकासमा त्यति ध्यान पूग्न सकेन । स्व.डा. हर्क गरुङले प्रकाशित पुस्तकमा उनले २०२४ सालमा घान्द्रुक भ्रमण गरेका थिए । त्यँहा प्रवेश गर्दा सुरुमै रहेका पञ्चे भन्ने ठाँउमा लामो घर जुन बन्द अवस्थामा थियो त्यस घरका बासिन्दाहरु बसाईसराई गरी गएका थिए । अर्के घरमा पुग्दा बस्ने व्यवस्थासम्म भयो भने पछि पर्यटकको लागि होटेलको व्यवस्था थिएन । त्यस समयमा विदेशमा लाहुरे हुने, पशुपालन र खेतिपाती नै मुख्य पेशा थियो । घरहरु राम्रा र चिटिक्क परेको स्लेट जस्ता ढुङ्गाले छाएका, घरका भित्ताहरु सेता रङ लगाएका, घरका ढोकाहरु कलात्मक वुट्टाहरुले बनाएका, गुजुमुज्ज परेका घरहरु र भित्रभित्रै बाटाहरु भएका भनि लेखेका छन् । १९८० मा मुख्य रुपमा भन्नुपर्दा सामान्य होटल व्यवसायबाट पर्यटन व्यवसायको शुरु भएको पाइन्छ । घान्द्रुकमा वि.स. २०२७ सालमा स्थानिय पञ्चे भन्ने स्थानमा लेप्टन कुल बहादुर गुरुङको घर भाडाँमा लिएर फिस्टेल होटेल सञ्चालन गरेको स्थानिय शिक्षक बृद्धिजिवि शंकर बहादुर गुरुङले बताउछन् । हालको अवस्थामा आइपूग्दा उनले त्यसको नाम परिवर्तन गरी होटल मिलन भनि चलाउदै आएका छन् । उक्त स्थानमा समूद्री सतहबाट १९५० मिटर उचाईमा रहेको छ । त्यस्तै गरी २०२७ साला छोम्रोङमा थमन बहादुर गुरुङले पनि सामान्य व्यापार सुरु गरे । वि.स. २००४ सालमा भर्तिभई क्याप्टेन साब बनि २०२६ सालमा अंग्रेजी बुझेका हुनाले उनले भने “It is really heaven of land many people come here with a lot of money but lack of hotel they can't spent it" यसै भनाईबाट पनि थाहा हुन्छ की त्यस समयमा पर्यटकहरुलाई बस्ने बास पनि थिएन ।[४१] उनिहरु गाँउघरका पिँडिहरुमा बस्दथे । त्यस समयमा उनले छोम्रोङमा २२ वटा पाल किनेर १ जना सुतेको रु.१ लिन्थे । विदेशमै कुक कोर्ष गरेको हुनाले उनले खाना बनाउन जानेका थिए भने गाँउकै खाना, लसुन, आखेटिमुर, साग, बन्दा आदि राखि

[४१] क्या. थमन गुरुङ अन्तरवार्ता

बनाइएको सुपलाई क्याण्टेन सुप भनि खोसाखोस गरी खान्थे । पहिला ५० पैसा मा बेचेको एक कप चियालाई १ रुपैँयामा वेच्दा विदेशीलाई यत्रो पैसा लियो भनेर छोम्रोङ जिब्रो काडदथे । छोम्रोङ देखी माथि एउटा पनि होटल थिएन अन्नपूर्ण आधार शिविर सम्म । उनको होटलमा  बास बसी ४ दिनसम्मलाई पुग्ने गरी मकैको खट्टे, चापट्टी, उसीनेको अन्डा लानेहरुले रु. ५० बुझाए पुग्दथ्यो । हाल उक्त होटल वन्द अवस्थामा रहेको छ ।

छोम्रोङबाट माथि अन्नपूर्ण आधार सिविरसम्म त्यस समयमा होटल थिएनन् । भेडागोठहरु प्रशस्त रुपमा वस्ने गर्दथे । त्यसै अनुसार भेडा गोठमा बस्ताबस्दै पर्यटक आएको देखि एक जना गोठाले  स्थानिय वासी मैतासिंहले २० वर्ष सम्म वन्दुक चलाए र भेडा धपाउन थाले । एबीसीमा भेडा धपाउने ठाँउमा विदेशी आउन थालेपछि भकारी र सेउला ले वारवेर गरेर सोत्तर ओछ्याएर सुत्ने पाहुनालाई मकैको खोले र जौको फाडोलाई पोरीज र तातोपानीमा मह मिसाएर चिया बनाई बेच्दथे । पछि उनले १३ बर्ष छोराहरुलाई त्यस ठाँउमा राखेर आफु दोभानमा वस्न थाले । त्यस पछि एमबीसीमा बसेका मिन बहादुरले खाली खुट्टा थर्मसमा कालो चिया बोकेर लगे एबीसीतिर, त्यसैबाट उनको नाम बल्याक टी रह्न गयो । हाल यस ठाँउलाई ४ वटा होटलहरु रहेका छन् । पर्यटक आगनले पातिको वार,  स्याउला र भकारीको छाना बाट शुरु भएको होटेल व्यवसाय हालको अवस्थामा आइपुग्दा यस क्षेत्रमा धेरै परिर्वतन भएको छ । यस क्षेत्रको विकासमा महत्वपुर्ण भुमीका खेल्ने पर्यटनविद झलक थापा, कर्णेल जेम्स रेवर्ट, स्व.डा. चन्द्र प्रसाद गरुङ, स्व. मिग्मा नोर्वु सेर्पालाई हिजोको अवस्थाबाट आजको अवस्थामा यस अन्नपूर्ण क्षेत्रलाई ल्याउन सफल हुन भएको छ । जस अनुसार यस ठाँउमा वर्तमान अवस्थाका होटलहरुको विवरण यस प्रकार रहेको छ ।

**तालिका ३.३  घान्द्रुकका होटलहरुको विवरण २०६७ सम्म**

| क्र.स | ठाँउको नाम | बडा न. | संख्या | बेड संख्या |
|---|---|---|---|---|
| १ | स्याउली बजार | १ | १० | १२४ |
| २ | किम्चे | २ | ४ | १० |
| ३ | घान्द्रुक | ३ -८ | ३२ | ४०० |
| ४ | टाडापानी, देउराली | ८ | २० | २०० |
| ५ | कोम्रोङडाडा | ८ | २ | २० |

| | | | | |
|---|---|---|---|---|
| ६ | चुईले | ८ | २ | ३८ |
| ७ | घुर्जुङ्ग | ९ | ४ | ४४ |
| ८ | छोम्रोङ्ग | ९ | १४ | ३५० |
| ९ | भ्फीनु | ९ | ५ | १५० |
| १० | हिमालपानी | ७ | ३ | ५० |
| ११ | भनुवा | ९ | २ | ४० |
| १२ | सिनुवा | ९ | ३ | ६५ |
| १३ | बम्बो | ९ | ५ | १०० |
| १४ | दोभान | ९ | ३ | ६५ |
| १५ | हीमालय | ९ | २ | ५० |
| १६ | देउराली | ९ | ४ | ९० |
| १७ | एम.बी.सी. | ९ | ५ | १०० |
| १८ | ए.बी.सी | ९ | ४ | ९० |
| १९ | अन्य | | | १०० |
| जम्मा | | १२४ | | २०८६ |

यस गा.बि.स अन्तरगत २०६७ साल सम्म यस पर्यटन ब्यबस्थापन समितिमा दर्ता भएका वडागत आधारमा १२४ वटा होटल तथा रेष्टुरेन्टहरु छन भने कुल २०८६ बेड संख्याहरु रहेका छन । यस कारण यस ठाँउमा एक दिनमा भ्फन्डै २१०० पर्यटकलाई ब्यबस्थापन गर्न सक्ने क्षमता रहेको छ ।

### ३.५.२ संरक्षण क्षेत्र व्यवस्थापन समिति

एक्याप क्षेत्र अन्तरगत प्रत्येक संरक्षण क्षेत्र गा.वि.स.हरुमा १/१ वटा संरक्षण क्षेत्र ब्यवस्थापन समिति गठन गरिएको छ । उक्त समितिले आ-आफ्नो क्षेत्र भित्रको वन्यजन्तु, बोटविरुवा, सार्वजनिक स्थलहरुको संरक्षण गर्नुको साथै पर्यटन पुर्वधारहरुको निर्माणहरु पनि गरीरहेको छन् । यस घान्द्रुकमा यस समितिले सम्पूर्ण होटेलहरुमा दाउरा बाल्न प्रतिवन्ध लगाएको छ भने बम्बो देखि माथि दाउरा वालन पूर्णरुपमा प्रतिवन्ध लगाएको छ । त्यस्तै गरी टाठापानी, भैसीखर्क, देउराली बनठाँटी क्षेत्रमा अत्याधिक मात्रमा गुरासका रुखहरु कटान भइरहेकोले त्यस क्षेत्रमा होटेलहरुमा दाउरा बाल्न पुर्णप्रतिवन्ध लगाउनुको साथै

छड्के निरिक्षण गरी दण्ड जरिवाना समेत गरिसकेको छ भने सार्वजनिक स्थलहरुमा हाल बनीसकेका होटेलहरुबाहेक अरु नयाँ कोठा थप गर्न नपाउने पुरानो मर्मत गर्दा तोकीएको सीमाहरुमा मात्र कोठाहरु निर्माण गर्नु पर्ने प्रावधान रहेको छ । संरक्षण क्षेत्रलाई व्यवस्थापन बनाउन हेरालाहरुको व्यवस्था गर्नुको साथै चोरी,सिकारी नियन्त्रण, बोटविरुवा कटानका लागी पूर्जी वितरण, गा.वि.स.ले गर्ने अन्य कामहरु जस्तै साध, सिमाना, भैै-भगडा, रीतिथीति, आदि कुराहरु पनि व्यवस्थित रुपमा गर्नुका साथै प्रत्येक महिनाको १ गते बैठक बस्ने गर्दछ ।

### ३.५.३ पर्यटन व्यवस्थापन उप-समिति

यस क्षेत्रका होटलहरुको विधिवत रुपमा व्यवस्थापन गर्नका लागि सेन्चुरी पर्यटन व्यवसायी समिति कास्कीमा दर्ता भई सक्रिय रुपमा लागिरहेको छ । यस गा.वि.स. मा घान्द्रुक र छोम्रोङ गरी २ वटा पर्यटन व्यवस्थापन उप समितिहरु क्रियाशिल रहेको छन् । यि समितिहरुले प्रत्येक महिना नियमित रुपमा बैठक बस्नुको साथै एक आपसमा रहेका समस्याहरुको बारेमा छलफल गर्दछन् । यस क्षेत्रमा रहेको होटलहरु र जमिन पनि कुनै बाहिरका मानिसले खरिद गर्न र सञ्चालन गर्न पाउदैनन् । यो समितिले ठाँउ अनुसार मुल्यसुची निर्धारण गर्नु, पर्यटकलाई स्वागत सत्कार गर्नु, फोहोर मैला व्यवस्थापन गर्न, पुर्वधारको निर्माण गर्न पनि सक्रिय रहेको छ । यस क्षेत्रमा यस समितिलाई आमा समूह र क्लबहरुले पनि सहयोग गर्दै आएका छन् । वडा नं.१ देखी ८ सम्म घान्द्रूक उप समिति र वडा नं.९ छोम्रोङ उपसमिति (छोम्रोङ देखि एबीसीसम्म) कार्यरत छ । ५००० मिटर उचाइमा रहेको फोहोरलाई छोम्रोङसम्म ल्याउनका साथै त्यसलाई व्यवस्थित गर्नु , बोतल, वियर र मिनिरल बाटरलाई प्रतिवन्ध लगाउन छोम्रोङ समिति पुर्णरुपमा लागेको छ भने उत्कृष्ट भई विभिन्न पुरुस्कार पनि प्राप्त गरीसकेको छ । त्यस्तै यी समितिले आमासमुह मार्फत प्रत्येक महिनाको १ पटक सरसफाइ र आवश्यक रुपमा विशेष पाहुना आउँदा अन्य दिन पनि सरसफाई गरीरहेका छन भने यि सबै क्षेत्रमा क्लबहरुले विभिन्न क्षेत्रहरुमा कर्मचारी राखी यस क्षेत्रमा आउने गाइड, र पोटर बाट खाना खाए वापत लिएको रकम बाट ५०% होटलाई र ५०% बाट कर्मचारीहरुको तलब शैक्षिक संस्थानमा सहयोग, बाटाघाटो निर्माण, गार्ड पोटर उद्दार कोप आदि खडा गरेका छन् । यस क्षेत्रमा छोम्रोङ देखि माथी भारी बोक्ने मानीसले ३०-३५ के.जी भन्दा वढी बोक्न प्रतिवन्ध लगाइएको छ । भने सिनुवा देखि माथी सबै ढुवानी मानिसबाट गरी खच्चरलाई प्रतिवन्ध लगाइएको छ । नयाँ

नयाँ पर्यटकिय गन्तव्य स्थलहरुको खोजी र पहिचान भए पनि त्यस्ता स्थानमा पर्यटकीय पहुच पुऱ्याउन सरकारका तर्फबाट आवश्यक पूर्वाधारको विकास हुन नसक्नु मुख्य कारण छन् ।

आन्तरीक पर्यटकले पनि पर्यटन वर्ष २०११ लाई सहयोग पूऱ्याउने विश्वास लिइएको छ । तर नेपालीहरुलाई नेपालकै ठाँउ हेर्न समय छैन, खर्च छैन, साच्चै भन्ने हो भने रुची पनि छैन झन सरकारी कर्मचारी त विदेश जान मात्र ध्यान गरेको पाइन्छ । लाखौ नेपालीहरु तिर्थयात्राको रुपमा भारत, लगायत अन्य ठाँउहरुमा जान्छन् । पैसा र समय हुन्छ तर नेपालका पर्यटकिय स्थलहरुको भ्रमण गर्ने इच्छा नभएर भ्रमण गर्दैनन् । हामीले हाम्रो सोचाइमा परिवर्तन ल्याउन जरुरी छ । म र मेरो देशलाई पहिले चिनौ र देशको भ्रमण गरी आन्तरीक पर्यटनलाई सघाउ पुऱ्याउ । विदेशको गुनगान हैन आफ्नै देशको गुनगान गाऔँ । तपाई एक व्यक्तिले ल्याएको विचारको परिवर्तनले तपाइको परिवार समाज, अनि राष्ट्रलाई परिवर्तन गर्न सक्दछ ।[४२]

## ३.६ पर्यटनको प्रकार

पर्यटकका विभिन्न उद्देश्यहरु हुन्छन् । कोही विदा वा फुर्सदको समयमा मनोरञ्जन लिन चाहन्छन् भने कोही नयाँ कुराको अनुभव र खोजीका लागि आफ्नो ध्यान केन्द्रित गर्न आँउदछन् । पर्यटक का फरक -फरक इच्छा र चाहानाका हिसाबले पर्यटकको वर्गिकरण गरेको पाइन्छ । यस विषयमा विभिन्न समयमा विभिन्न विचारहरु देखा पर्दछन् । नेगीले (१९९०:२३) मा सस्कृत साहित्यमा जो मानिस घर छोडेर बाहिर जान्छ त्यसलाई पर्यटक भनिन्छ जसका तिन प्रकारहरु छन् ।

पर्यटन : मनोरञ्जन र ज्ञान लिन निस्केका मानिसहरु

देशाटन : विदेशमा धन कमाउन गएका ब्यक्तिहरु

तीर्थाटन : धार्मिक स्थलहरु घुम्न निस्केका मानिसहरु

(आखेटन : शिकारी बर्ग )

वालिन्स स्मतले जातिय पर्यटन, सास्कृतिक पर्यटन, ऐतिहासीक पर्यटन, वातावरणीय पर्यटन र मनोरञ्जनात्मक पर्यटन भनि पाँच भागमा विभाजन गरेका छन् । सन १९८० को दशकदेखि पर्यटन र वातावरणलाई दिगो तुल्याउने मानव आकर्षक सम्पदाहरुको संरक्षण

[४२] पुर्व पाद टीप्पणी नं २, (१५४-१५७)

प्रति पर्यटक, पर्यटन व्यवसायी र स्थानिय जनताहरुलाई सचेत गराउन तथा यस्ता सम्पदाहरुको संरक्षणमा पर्यटक, पर्यटन व्यवसायी र स्थानिय बासिन्दा स्वयमलाई सहभागि बनाउन एक पछि अर्को अवधारणाहरु प्रतिपादन गरिएको छ । जस अनुसार पर्यावरण र वातावरणसँग विषेश चासो राख्ने पर्यटक लाई साहसीक पर्यटन समूह पर्यटन, दिगो पर्यटन, गुणस्तरिय पर्यटन,नियन्त्रीत पर्यटन, लक्ष्य निर्धारण पर्यटन, चल्तीको पर्यटन आदि शुरुवातसँगै अन्तरीक्ष पर्यटनको पनि शुरुवात भइसकेको छ भने पर्यटकलाई देशीय पर्यटक र अन्तराष्ट्रिय पर्यटक गरी विभाजन गरीएको छ भने हाल पर्यटक र पर्यटनलाई मनोरञ्जन, सास्कृतिक पर्यटन, खेलकूद पर्यटन , स्वास्थ्य पर्यटन, सभा सम्मेलन पर्यटन, पर्वतीय पर्यटन, ब्यापार वा प्रविधि पर्यटन गरी विभाजन गरीएको पाइन्छ । नेपालमा सन् १९९४-२००८ सम्म महिनागत रुपमा आएका पर्यटकहरुलाई हेर्दा एक बर्षमा मार्च, अप्रिल, मे र सेप्टेम्बर, अक्टोबर, नोभेम्बरमा अन्य महिनामा भन्दा बढी पर्यटक आँउछन् जुन कुरा परिशिष्टाङक पाँचबाट थाहा पाउन सकिन्छ । त्यस्तै गरि यस क्षेत्र अन्नपूर्ण पद मार्गको रुपमा विकास भएको क्षेत्र भएकाले पर्यटन आगमनका विभिन्न उद्देश्यगत मध्ये विदा मनाउने, पर्वतारोहण र धामिर्क पर्यटन पनि रहेका हुन्छन् । यसरी नेपाल आएका पर्यटकहरुको उद्देश्यगत विवरण परिशिष्टाङक चारमा दिइएको छ ।

## ३.७ पर्यटनको क्षेत्रमा अनपूर्ण संरक्षण क्षेत्र आयोजनाको भुमीका

राष्ट्रिय प्रकृतिक संरक्षण कोषले कास्की जिल्लाको घान्द्रुक गाँउमा सन् १९८६ मा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनको स्थापना गरी एकीकृत संरक्षण र विकास कार्यक्रमको थालनी गरेको हो । आयोजनाले वातावरणिय विकासको कारक तत्वको रुपमा जनतालाई हेरीनै परप्परागत सोचाईको सट्टा स्थानिय जनतालाई स्रोत ब्ववस्थापनको उपभोग गर्ने तथा ब्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ । आयोजनाको सिद्धान्त अनुसार स्थानिय जनता अन्नपूर्ण संरक्षण आयोजनाको एकीकृत र विकास कार्यक्रम पद्दती विकासका तीनवटा अन्तर सम्बन्धी उद्देश्य रहेका छन् ।

क) नकारात्मक तथा अनावश्यक वातावरणीय प्रभाव न्युनीकरण गर्दै पर्या-पर्यटन र अन्य विकास गर्न जिम्वेवारी दिने ।

ख) स्थानीय स्तरमा सिप, विकास, उत्पादनमा वृद्धि र पर्यटनको आय परिचालन गरी स्थानीय आय आर्जनमा टेवा पुऱ्याउने ।

ग) पर्यटनबाट प्राप्त राजस्व स्थानिय विकास लगानी गरी, संरक्षण पर्यटन र स्थानिय विकास बीचअन्तरसम्बन्ध कायम गर्ने ।

सन् १९८६ मा परीक्षणको रुपमा पहिलो चरणमा शुरु भएको एक्यापले सन १९३३ सम्म पुग्दा ५५ गा.वि.स. र हालसम्म आइपूग्दा कास्की, लम्जुङ्ग, मनाङ, म्याग्दी, मूस्ताङ, जिल्लाका ७५ वटा गा.वि.स. को ७६२९ वर्ग कि.मी. मा फैलिएको छ । यसरी यस अन्नपूर्ण संरक्षण क्षेत्रलाई विश्वकै १० उत्कृष्ट गन्त्तय स्थल मध्ये एउटामा सुचिकृत गरीएको छ । नेपालमा आउने कूल पर्यटक मध्ये यस क्षेत्रमा ६०% पर्यटकहरु घुम्न आउदछन् । पर्यटनको विकास गरी स्थानिय जनताहरुको जिवनस्तरमा उकास्नका साथ साथै पर्यटनबाट पर्न सक्ने नकारात्मक असर न्युनीकरण गर्नका लागि आयोजनाले विभिन्न स्थानिय पर्यटन उपसमिति गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । पैदल मार्ग निर्माण, पूलहरु निर्माण तथा मर्मत, पदमार्गको सुचना संकेत पोष्ट, संग्राहलय (जोमसोम, घान्द्रूक, मनाङ, घलेगाँउ नयाँ पदमार्ग) लघुजलविद्युतको निर्माण, मट्टितेल र ग्याँस डिँपोहरु, सौर्य हिटर, सुधारीएको चुलोहरु, स्वास्थ्य सेवा, चर्पी निर्माण, प्रर्वद्न सामाग्री निर्माण (भिडियो फिल्म, अडियो हल, क्यासेट, ब्रोसर, बुकलेट, ट्रेकिङ्ग नक्साहरु), सुचना केन्द्रहरु र पर्यटक चेक पोष्ट, सुचना केन्द्रहरु, चेतना शिविर कार्यक्रम, क्षमता अभिबृद्धि कार्यक्रम, पर्यटन पुर्वाधार विकास, सुचना सामाग्रीको प्रकाशन र उत्पादन र वितरण, फोहोर मैला व्यवस्थापन, शुद्ध खानेपानी योजना तालिम तथा गोष्ठी आदि सञ्चालन गरि रहेको छ ।


अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले आफ्नो व्यवस्थापन योजना २००९-२०१२ मा स्थानिय समुदायलाई वढी फाइदा दिन गरिबमुखी पर्या पर्यटन विकास पद्धतिको प्रर्वद्न गर्ने लक्ष्य राखेको छ । गरीबमुखी पर्या-पर्यटन लागि परिभाषित नमुना (ग्रामिण पर्यटन), समुदायमा आधारीत पर्यटन, सास्कृतिक पर्यटन, कृषि पर्यटन) को विकास गर्ने स्थानिय वस्तु तथा सेवा उत्पादन गर्न प्रयोग गर्न उत्साहीत गर्ने, स्थानिय सस्कृति परम्पराको साथै प्रकृति संरक्षणलाई पर्यटन बस्तुको रुपमा प्रर्वधन गर्न स्थानिय जनतालाई तालिम दिने, स्थानिय युवा, गरिब र पिछडीएका समूहहरुलाई विभिन्न किसीमका प्रविधिक तथा लाभदायिक तालिम प्रदान गर्ने, पर्यटनमा साना उद्यमीहरुलाई प्रोत्साहन गर्न विशेष गरी महिला र गरिबलाई आर्थीक सहयोग गर्ने, नयाँ पर्यटन गन्तब्य स्थलको उजागर गर्ने, जस्तै (तिलिचो-घान्द्रुक), सम्भाव्यताको आधारमा लामो र छोटो दुरीको नयाँ बैकल्पीक पैदलयात्राको विकास गर्ने, भुपरीधी, सस्कृति र सास्कृति सम्पदा, जैविक विविधता र स्थानिय

संरक्षण नीति नियम्, परम्परागत सस्कृति गीत र नाच वारे युवापुस्तालाई तालिम दिने, सस्कृति परम्परा र प्रथाहरुको महत्वको बारेमा समुदायका महिला समुह, र विद्यार्थीहरुमा सचेतना, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण, आचार संहिता तयार गरी लागु गर्न सहयोग गर्ने, चाडपर्व, जीवनशैली, भाषा, संगीत, नाच, तथा कलाहरु पहिचान गरी लिपीबद्ध गर्ने, स्थानिय चाडपर्व, मेला तथा सास्कृतिक समूहलाई सहयोग, स्थानिय विद्यालयहरुमा परम्परागत कला, संगीत, भाषा, नाचगान सिकाउन प्रोत्साहन गर्ने जस्ता रणनीतिहरु यस संस्थाले लिएको छ । यस क्षेत्रलाई विश्वकै १० उत्कृष्ट गन्तब्य स्थल मध्ये एकको रुपमा परिचित गराएको छ । यस क्षेत्रमा पर्यटनका विकास सांस्कृतिक सम्पदा जैविक विविधताको संरक्षण गर्नु, फोहोर मैला ब्यवस्थापन, सरसफाई अभियान संचालन जनतालाई चेतना फैलाउने काममा महत्वपुर्ण भुमीका खेलेको छ ।

यस क्षेत्रमा रहेको विविध सास्कृतिक परम्परा र जैविक विविधतालाई ध्यानमा राखी अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले यस क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुलाई शुल्क निर्धारण गरेको छ । जस अनुसार सार्क राष्ट्रिय पर्यटकको लागि रु.२०० र अन्य राष्ट्रका लागी रु.२००० शुल्क तिर्नुपर्दछ । यदि कसैले यो शुल्क नतिरी प्रवेश गरेको पाइएमा यसको दोब्बर दस्तुर तिर्नुपर्ने प्रावधान छ । यो शुल्क पनि यस क्षेत्रमा निश्चित अवधिका लागी मात्र हो यदि उक्त समय भन्दा वढी वसोवास गर्नुपऱ्यो भने सोही अनुसार थप शुल्क तिर्नुपर्ने प्रावधान रहेको छ । यस आयोजनाले आफ्नो क्षेत्रको प्रवेश गर्ने पर्यटकहरुका लागी विभिन्न ठाँउमा चेकपोष्ट राखेको छ । यसै चेकपोस्टको आधारमा यस क्षेत्रमा प्रवेश गर्ने पर्यटक, गाइड, पोटर सबैको रेकर्ड राख्ने काम गर्दछ । यस आयोजनाले नेपालको कुल क्षेत्रफल मध्ये ७६२९ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । यस क्षेत्रको कुल जनसंख्या मध्ये परीवार संख्या १८६८० मा ४३१४२ पुरुष र ४५२४५ महिला गरी जम्मा ८८३८७ जना रहेको छन् ।[४३] यसरी यो क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरु कतिपय ठाँउमा यस ठाउँको जनसंख्या भन्दा पनि कैयौ गुणा बढी रहेको छ । यस आयोजनाले आफ्नो कार्य क्षेत्रलाई विभिन्न ७ वटा इलाकामा विभाजन गरेको छ । १९९४ देखि यस क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुको विवरण यस प्रकार रहेको छ ।

[४३] आयोजना ब्यवस्थापन योजना २००९-२०१२ पृष्ठ २०

चित्र नं. ३.१ एक्याप क्षेत्रमा अन्तराष्ट्रिय पर्यटक आगमन संख्या



माथिको तालिकाबाट पनि के थाहा पाउन सकिन्छ भने प्रत्येक वर्ष यस क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुको संख्यामा द्वन्दकालको अवस्थामा घट्दै गए पनि हाल आउँदो यो संख्या दिनप्रतिदिन वढ्दै गइरहेको छ । यदि देशको राजनैतिक स्थिरता कायम रहने हो भने शान्ति स्थापना हुनु र द्वन्द्व सृजना नहुने हो भने यस क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरुको संख्यामा त्यस ठाँउको जनसंख्याको दोब्बर र तेब्बर पुग्न सक्ने छ भने अर्कातर्फ सडक निर्माण कार्यले यस क्षेत्रको पैदल मार्गलाई विस्थापन गर्दै लगीरहेको छ भने पर्यटकहरुको बँसाई घट्नुको साथै कतिपय होटलहरु बन्द हुने अवस्थामा पुग्नुले पनि आर्थिक अवस्थामा असर परिरहेको देखिन्छ । नेपाल आउने कुल पर्यटक मध्ये यस क्षेत्रमा आउने पर्यटकहरु पैदल मार्गको रुपमा आउने पर्यटकहरुको संख्या झन्डै ६०% रहेको छ । त्यस्तै गरी कुल एक्याप क्षेत्र मध्ये इलाका संरक्षण कार्यलय घान्द्रुकको विरेठाँटी चेक पोस्टबाट प्रवेश गर्ने र फर्कने पर्यटकहरुको संख्या २००८ मा प्रवेश २६६४८ र फर्कने ३१४३० जना थिए भने २००९ मा प्रवेश गर्ने २९२६९ र फर्कने ३४१७४ जना रहेको तथ्याङ्क एक्यापले दिएको छ । सन् २०१० मा यस क्षेत्रमा जाने र फर्कने पर्यटकहरुको संख्यामा दिन प्रतिदिन बढ्दै गइरहेको छ । पर्यटकहरुकै संख्याको आधारमा गाइड र पोटरहरुको संख्या पनि बढीरहेका छ भने यो तथ्याङ्कमा कुल विदेशी पर्यटकहरुको संख्या मात्रै दिन प्रतिदिन बढ्दो छ, त्यत्तिकै अवस्थामा नेपालीहरु पनि घुम्न आउने गर्दछन् त्यसकारण यस क्षेत्रमा जनसंख्याचाप अत्याधिक पनि छ भने फोहोमैला पनि त्यतिकै अवस्थामा बढी रहेको छ । यसरी आउने स्वदेशी र विदेशी पर्यटकहरुले भित्राइरहेएको सस्कृतिले यस क्षेत्रका वासिन्दाहरुमा पनि ठूलो प्रभाव पार्दै गइरहेको छ ।

### ३.७.१ लक्षीत पर्यटन

यस घान्द्रुक गा.वि.स.मा ७५० देखि ४२०० मिटर उचाईसम्म (अन्नपूर्ण आधार शिविर) होटलहरु रहेका छन् । ती होटेलहरु ले पर्यटकका लागि गुणस्तरिय सेवा प्रदान गर्दै आइरहेका छन् जसका लागि आन्तरिक र बाह्य धेरै व्यक्तिहरुले रोजगार पाईरहेका छन् जस अनुसार यस क्षेत्रको लागि घान्द्रुक गा.वि.स., घोडेपानी, घान्द्रुक र ए.बी.सी.सम्म पुग्ने पर्यटकहरुको विवरण यस प्रकार रहेको छ ।

**तालिका ३.४ २०१० जनवरी देखि २०१० डिसेम्बर सम्म घान्द्रुकमा पर्यटन विवरण**

| महीना | घान्द्रुक | घान्द्रुक घोरेपानी | ए.बी.सि | जम्मा |
|---|---|---|---|---|
| जनवरी | ७८ | ९८५ | ५८३ | १६४६ |
| फेब्रुअरी | १३८ | १५१३ | ५१० | २१६१ |
| मार्च | २८७ | २०५८ | १२८६ | ३६३१ |
| अप्रील | १८५ | १६५१ | १२३९ | ३०७५ |
| मे | १५१ | ६४७ | ३६१ | ११५९ |
| जुन | ५२ | ३७२ | १४३ | ५६७ |
| जुलाई | २० | ४९२ | २०८ | ७२० |
| अगष्ट | ३६ | ८२९ | २६९ | ११३४ |
| सेप्टेम्बर | १६२ | १६८५ | ९९१ | २८३८ |
| अक्टोबर | ३०५ | २२४९ | २२७९ | ४८३३ |
| नोभेम्बर | २८७ | २३९९ | १४७० | ४१५६ |
| डीसेम्बर | १८० | १४४८ | ७१० | २३३८ |
| जम्मा | १,१८१ | १७,५३९ | १०,०४९ | २८६६९ |

यस तालिकामा घोरेपानी घान्द्रुक हुँदै आउने पर्यटक एबीसीसम्म पूग्ने पर्यटकहरुको विवरण दिइएको छ । यस तालिकाले प्रत्ययक्ष रुपमा बिरेठाँठी चेकपोष्टमा लगायत अन्य ठाँउहरुमा आफ्नो अन्तिम गन्तब्य स्थल भनि तोकिएको बाट लिइएको हो । जसमा मार्च, एप्रिल, मे र अक्टोवर, नोभेम्वर र डिसेम्बरमा पर्यटक आगमनको संख्या बढीरहेको देखाएको छ । यसमा त्यतिकै मात्रामा गाइड, पोटर र नेपाली आन्तरिक पर्यटकहरु पनि आउने गर्दछन् । जसको चापको कारण यस क्षेत्रमा फोहोर मैला वृद्धि हुनुको साथै पर्यटक सबै एकै प्रकारका उद्देश्यका हुदैनन् त्यसकारण उनीहरुले विभिन्न विकृतीहरु सृजना गरीरहेका हुन्छन् । यसरी यस क्षेत्रमा आउने पर्यटकहरुलाई उनिहरुको देशको आधारमा १० उत्कृष्ट देशका पर्यटकहरु यस प्रकार रहेका छन् ।

**तालिका ३.५ २०१० जनवरी देखि २०१० डिसेम्बर सम्म उत्कृष्ट दश देशका पर्यटक**

| देशको नाम | संख्या |
|---|---|
| बेलाायत | ३४६० |
| चीन | ३३६८ |
| कोरीया | २८९० |
| अमेरीका | २६३५ |
| जर्मन | २१४४ |
| फ्रेन्च | २०५२ |
| डच | १८९० |
| अष्ट्रेलीया | १७४८ |

माथिको तालिकाबाट के थाहा हुन्छ भने यस क्षेत्रमा आउने उत्कृष्ट पर्यटकहरुमा बेलायत, चिन र अमेरीका का ब्यक्तिहरु रहेका छन् । २०१० को पर्यटन आगमन ४४,८७,६९८ पर्यटक नेपाल पर्यटन बर्ष २०११ मा पर्यटक हरुको आगमन संख्यालाई १० लाख पुऱ्याउने लक्ष्य राखेको थियो सोही अनुसार यस कार्यक्रमको औपचारीक उद्घाटन २०६७ पौष ३० गते भएको थियो । यसको मुख्य लक्ष्यहरुमा पर्यटकहरुलाई सेवा प्रदान गर्ने व्यवसायी उद्योगी आदि विच छलफल गर्नु, बढी भन्दा बढीलाई रोजगारी लगानीको सुनिश्चितता र प्रत्येक नेपालीलाई केही फाइदा पुग्नु, सास्कृतिक सम्पदा र प्राकृतिक सम्पदालाई संरक्षण गर्दै जातिगत साँस्कृतिक पहिचान र नृत्यको विकास गर्ने, ४० भन्दा वढी अन्तराष्ट्रिय पत्रकारहरु मार्फत विश्वमा पुऱ्याउने र पर्यटनको दायरा विस्तार गर्ने आदि लक्ष्य लिएको थियो । नेपालमा आउने कुल पर्यटन संख्या मध्ये २०१० को प्रथम चार महिनाको कुल पर्यटक संख्या मध्ये २०१० को प्रथम चार महिनाको तुलनामा नेपाल पर्यटन बर्ष २०११ को प्रथम चार महिनामा पर्यटक आगमन १८.४% ले दरले बृद्धि भएको छ भने यस इलाका क्षेत्रमा आउने पर्यटकको तुलनात्मक रुपमा १२.५३% का दरले र फर्कने पर्यटकको ५.७६ का दरले बृद्धि भइरहेको छ । यो विवरणमा पनि कुल रुपमा यस क्षेत्रमा आउने नेपाली पर्यटकको विवरण राखिएको पाइदैन तर आन्तरीक पर्यटकहरु पनि त्यतिनै धेरै मात्रामा आउने गर्दछन् । यसरी हेर्दा नेपालमा आउने पर्यटकहरु मध्ये ६०% भन्दा वढी यस क्षेत्रमा पैदल मार्गमा निस्कने गरेका हुन्छन् । जसले गर्दा यस क्षेत्रको सामाजिक र सांस्कृतिक परम्परामा ठूलो असर परिरहेको हुन्छ ।

### ३.७.२ पर्यटकीय क्षेत्रमा नयाँ सडकको प्रभाव

आर्थिक उन्नतिको माध्यमबाट गरिबि निवारणका लागि नयाँ सडको उल्लेखनिय असर रहेको अध्ययन अनुसन्धानबाट देखिएको छ । कृषि र गैरकृषि उत्पादकत्व बृद्धि गर्नु सहयोग पुग्नुको साथै रोजगारी र आय आर्जनका अवसर उपलब्ध मालसामान ढुवानीको लागी अवसर वृद्धि गर्दछ । सडक निर्माणले पर्यटनमा मिश्रित प्रभाव परेको छ । किनभने यस क्षेत्रमा अद्वितीय दृष्यहरु र सस्कृतिहरु हेर्न र अनुभव लिन तथा घुम्न आउने पर्यटकको संख्या घट्ने संभावना छ । शान्त प्रकृतिमा आनन्द हुने मानिसहरुले मोटरको सवारी घुइचो हुने क्षेत्र भन्दा अन्य क्षेत्र खोज्ने गर्दछन् । अन्नपूर्ण क्षेत्रमा यो हुनु भनेको पर्यटनबाट थोरै मात्रमा आम्दानी हुनु हो । हतार हुने पर्यटक र स्थानिय मानिसहरुका लागि सडक निर्माणबाट राम्रो हुनेछ । अन्य पर्यटकहरु जो प्रकृति र शान्त वातावरण चाहाने, पहाडहरुबाट आनन्द लिन चाहाने, तातोपानी, घोडेपानीका चम्कीला गुँरासको जंगल र सुन्दर गाँउहरु हेर्न चाहाने पर्यटकका लागि बैकल्पिक मार्गको आवश्यकता पर्दछ ।

सडक निर्माणका कारणले पदयात्रीहरुको भ्रमण दिन छोट्याउने छन स्थानिय जनतामा आर्थिक असर पर्दछ भने अन्य पर्यटन सेवाहरु जस्तै : उद्दारकार्य, बैंक सेवा, संचार सुविधा, र आवश्यक अन्य साधनहरु सहजै सस्तो मुल्यमा प्राप्त हुने छ । पर्यटनका निश्चित तथा अन्तिम गन्तव्य स्थलहरुमा पर्यटकको चाप वढे पनि अन्य पुरानो बाटोका क्षेत्रहरुमा रहेको होटेलहरु बन्द हुने अवस्थामा पुगीरहेका छन् । नयाँ सडकको प्रभाव सकरात्मक नकारात्मक दुवै भए पनि चुनौतिहरु पनि त्यत्तिकै रहेका छन् । सकरात्मक प्रभाव अर्न्तगत निर्माण र मर्मत सस्तो हुनु, जब धेरै मानिसहरु घुम्न र हेर्न आउछन तब परम्परागत जीवनशैली कायम राख्न स्थानिय जनता उत्साहित हुनुका साथै पर्यटन व्यवसायबाट आम्दानीका स्रोतहरु प्राप्त हुन्छन् । नकारात्मक प्रभावमा, नयाँ बाटो निर्माणका कारण सास्कृतिक सम्पदामा नकरात्मक प्रभाव,र परम्परागत रितिथिति, पहिरन, घरबनोट, जीवन शैली, भुक्षय हुनु, रुखविरुवा मासिनु, जंगली जनावरको वासस्थानमा प्रभाव हुनु, चोरी शिकारी बढ्नु, लामखुट्टे तथा अन्य प्राणीहरुको परस्थानीय प्रजातिहरु भित्रन्छन् । योजनाबद्द र अनियन्त्रित भौतिक पूर्वधार विकास जस्तैः घर निर्माण, भाषा, र रितिस्थिति हराउने, लोक संगीत र नाचमा क्षय, ऐतिहाँसीक र सास्कृतिक सम्पत्तीमा आक्रमणका कारण स्थानीय सस्कृति परम्परा र घर बनोटको क्षयिकरण जस्ता चुनौतिहरु सृजना भएका छन् ।

होटेलहरु बन्द हुने अवस्थामा पुगीरहेका छन् । नयाँ सडकको प्रभाव सकरात्मक नकारात्मक दुवै भए पनि चुनौतिहरु पनि त्यत्तिकै रहेका छन् । सकरात्मक प्रभाव अन्तरगत निर्माण र मर्मत सस्तो हुनु, जब धेरै मानिसहरु घुम्न र हेर्न आउछन तब परम्परागत जीवनशैली कायम राख्न स्थानिय जनता उत्सीहत हुनुका साथै पर्यटन व्यवसायबाट आम्दानीका स्रोतहरु प्राप्त हुन्छन् । नकारात्मक प्रभावमा, नयाँ बाटो निर्माणका कारण सास्कृतिक सम्पदामा नकरात्मक प्रभाव,र परम्परागत रितिस्थिति, पहिरन, घरबनोट, जीवन शैली, भुक्षय हुनु, रुखविरुवा मासिनु, जंगली जनावरको वासस्थानमा प्रभाव हुनु, चोरी शिकारी बढ्नु, लामखुट्टे तथा अन्य प्राणीहरुको परस्थानीय प्रजातिहरु भित्रन्छन् । योजनाबद्द र अनियन्त्रित भौतिक पूर्वधार विकास जस्तैः घर निर्माण, भाषा, र रितिस्थिति हराउने, लोक संगीत र नाचमा क्षय, ऐतिहासीक र सास्कृतिक सम्पत्तीमा आक्रमणका कारण स्थानीय संस्कृति परम्परा र घर बनोटको क्षयिकरण जस्ता चुनौतिहरु सृजना भएका छन् ।

### ३.७.३ बैकल्पिक उर्जा

यस स्थानमा होटलहरुमा दाउरा बाल्न रोक लगाउनुको साथै टाठापानीदेखि देउराली र सिनुवादेखि एबीसीसम्म पूर्णरुपमा प्रतिवन्ध लगाइएको छ । त्यसमध्ये ति ठाँउहरुमा दाउराको सट्टा ग्याँस र मट्टितेल डिपोहरु एक्यापको सहयोगमा स्थापना गरीएका छन् जस अनुसार ती डिपोहरुबाट वितरीत मट्टितेल र ग्याँस यस प्रकार रहेको छ ।

**तालिका ३.६ ग्याँस र मट्टितेल डिपोहरुको विवरण २०६७**

| क.स. | ठाँउको नाम | ग्यास | मट्टितेल लिटर |
|---|---|---|---|
| १ | घान्द्रुक | ३६० | १६८० |
| २ | टाठापानी | ५२५ | २५५५ |
| ३ | छोम्रोङ | ६२८ | ३३६० |
| जम्मा | | १५१३ | ७५९५ |

स्रोत :एक्याप इलाका संरक्षण कार्यलय, घान्द्रुक

यस क्षेत्रमा रहेको होटलहरुले दाउरा बाल्दा बढी वनजंगल फडानी हुनुको साथै खपत पनि वढी हुन्छ ,स्थानीय बासीलाई संकट हुन सक्दछ भन्ने धारणा अनुसार बनजंगलको संरक्षण गर्न ग्याँस र मट्टितेल डिपोको स्थापना गरीएको छ । जसअनुसार एक

बर्षमा १५१३ वटा ग्याँस र ७५९५ लिटर मट्टितेल खपत भएको छ भने डिपो वाहेक अरु पसलहरुबाट पनि त्यतिकै मात्रमा खपत भएको पाइन्छ ।

## ३.८ पर्यटनका लागि सरकारी नीति

नेपाल पर्यटका लागि उत्कृष्ट गन्तव्य स्थल हो । यहाँको कला सस्कृति, भौगलिक विविधतामा एकता आदि कारणले पर्यटनको वृद्धि भइरहेको छ । नेपाल सरकारले पर्यटनलाई आर्थिक फाइदा दिने व्यवसायको रुपमा विकास गर्न प्रथम योजनाबाट नै थालानी शूरु भयो ।

प्रथम पञ्चबर्षीय योजना (२०१३-२०१८) ले पर्यटन क्षेत्रको विकासका लागी पर्यटन पूर्वाधारको निर्माण गर्ने कुरामा जोड दियो । यसले पर्यटकबाट विदेशी मूद्रा आर्जन गर्न पर्यटन विकास बोर्डको स्थापना २०१४ साल २ उद्योगको रुपमा विकास गर्न उद्योग बाणिज्य मन्त्रालयको रुपमा २०१६ सालमा विकास भयो । यसरी विकास हुँदै गएको पर्यटन विभिन्न पञ्चवर्षिय र त्रिवर्षीय योजनको रुपमा विकास हुदै गयो ।

तीन बर्षीय अन्तरिम योजना (२०६४-२०६७) पर्यटन बजारको विकास गर्नूका लागी भारत, सिङगापुर, मलेशिया, थाइल्याण्ड र बंगलादेश गरेको पर्यटक क्षेत्रको विकास का कारणहरु बुझी सोही अनुसार पर्यटन केन्द्रले निति निर्धारण गर्ने र पर्यटन वोर्डले यसलाई प्राथमिकताका रुपमा संचालन गर्ने निति तय गऱ्यो ।

नेपाल अन्तराष्ट्रिय पर्यटकीय स्थलको रुपमा विश्व मानचित्रमा अंकीत छ । त्यस्तै एउटा भनाई छ "Naturally Nepal: Once is not enough". राष्ट्रले पर्यटन क्षेत्रको दिगो विकास गर्न सकेमा त्यो भनाई पुरा गर्न सक्दछ । त्यसैलाई आधार मानेर ग्रामिण क्षेत्रमा गरिवी घटाउनको लागी पर्यटन विकास (TRPAP) को सफलताका साथ पुरा गर्न छ वटा जिल्लामा पाइलट कार्यक्रम संचालन गरेको छ । यस कार्यक्रमको मूख्य रुपमा महिला र पिछडीएका जातिमा लक्षित छ । सगरमाथा आरोहणको ५० बर्ष पुगेको अवसरमा ८००० मिटर भन्दा अग्लो हिमाल चढ्दा प्राप्त हुने रोयल्टी बाट यस क्षेत्रको विकास गरीने रहेको छ ।

**उद्देश्यहरु :-** तीन वर्षे अन्तरीम योजनाको उद्देश्य सास्कृतिक पर्यटन र नागरिकको विकास गर्न ल्याएका रणनितिक कार्यहरु निम्नअनुसार रहेका छन् ।

- ऐतिहासीक र सास्कृतिक सम्पदाको संरक्षण, सर्म्वद्दन तथा विकास गर्न ।

- मुख्य पर्यटकीय स्थलहरुमा पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय आय वृद्धि गर्नु, पर्यटकसँग सम्बन्धित पूर्वाधारहरुको विकास गर्न पछि परेका पर्यटकिय गन्तब्य स्थलको खोजी गरी त्यस क्षेत्रको रोजगारका अवसरहरुको सृजना गर्नुको साथै जिवन यापन गर्ने शैली बृद्धि गर्नू र गराउनु ।
- स्वास्थ्य क्षेत्रको विकास गर्नुको साथै प्रतिस्पर्धात्मक रुपमा वायुसेवाको विकास गरी आन्तरीक र बाह्य बायुसेवासँग सम्बन्धी पुर्वाधारहरुको विकास गर्नु र यातायात क्षेत्रको विकास गर्नु ।

**तालिका ३.७ तीन बर्षे अन्तरीम योजनाको परिणात्मक लक्ष्य**

| | आ.व. २०६४ | आ.व. २०६७/०६८ |
|---|---|---|
| पर्यटक आगमन (हजारमा) | ३७५ | ७०० |
| पर्यटकको वसाई समय दिनमा | ९ | १३ |
| विदेशी मुद्रा आर्जन -मिलियनमा) | १४८ | ३०० |
| प्रति प्रर्यटक प्रतिदिन खर्च (यु.एस डलरमा | ५८.५ | ६३ |
| GDP को प्रा. | २ | ३ |
| प्रत्यक्ष रोजगारी (प्रतिहजारमा) | ८३ | १०० |
| नेपालको लागि अन्तरष्ट्रिय नियमित उडन(संख्या) | १७ | २५ |
| अन्तराष्ट्रिय क्षेत्रमा एकतर्फी उडान सिट क्षमता (प्रतिहजारमा) | २८५० | ३२५० |
| अन्तराष्ट्रिय उडानबाट पर्यटक आगमन (प्रति हजारमा) | १,३८,३०० | १५,००,००० |

*स्रोत : तीन बर्षे अन्तरीम योजना २०६४:२०४*

नेपाल सरकारले तीन वर्षे अन्तरीम योजना अनुसार आर्थीक बर्ष २०६४-२०६७ सम्ममा नेपालमा पर्यटकको आगमन ३७५ प्रतिहजारबाट बढाई ७०० प्रतिहजार पुऱ्याउनुका साथै पर्यटकहरुको बसाई दिन बढाउदै प्रति पर्यटक प्रति दिन खर्च बढाउनुका साथै कुल राष्ट्रिय उत्पादन समेत बढाउने लक्ष्य राखेको छ । यसरी पर्यटकको आगमन बढाउदा प्रत्यक्ष रोजगारका अवसरहरु बढदै जानु अन्तराष्ट्रिय उडान बृद्धी गर्नुका साथै जहाज थप गरी बिदेशी पर्यटकलाई बढी भन्दा बढी आर्कषण गर्नु रहेको छ । त्यसै अनुरुप पर्यटन पुर्वाधारको बिकास गरी पर्यटन मन्त्रालयले सन २०११ लाई पर्यटन बर्षको रुपमा मनाउनुका साथै १० लाख पर्यटक नेपाल भित्राउने लक्ष्य लिएको छ ।

# परिच्छेद - ४

## पर्यटनको सामाजिक प्रभाव


### ४. परिचय

मानिसको उत्पत्तिसँगै प्रत्येक विकासमा चरणहरमा विभिन्न क्रियाकलापहरु गर्दै आइरहको थियो । मानिस सामाजिक चेतनशिल प्राणी भएकै कारण उसले समाजका सबै पक्षहरुलाई अगालीरहेको छ । जुन समयमा रहेका धर्म, जातजाति, परम्परा र भौगलिक कारणले स्थापित भएको छ । जब समाजमा पर्यटकीय गतिविधिको शुरुवात हुन्छ त्यहाँ समाज भन्दा वाहीरको धर्म, सस्कृति र परम्परा भएका मानिसहरुको प्रवेश हुन्छ । त्यस्तै आवत जावतले स्थानिय समाजमा सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पार्दछ । कतिपय परम्परा र सस्कृतिमा रहेको गलत मान्यता र परम्परामा सुधार हुन्छ । त्यो समाजका व्यक्तिहरु आफ्नो सामाजिक परिवेशमा सुधार ल्याई त्यसलाई अवलम्बन गर्दै जान्छ भने त्यो सकारात्मक पक्ष हो भने बाहीरको सम्पर्कमा जाँदा बितिकै आफ्नौ धर्म, सस्कृति, परम्परा र ब्यवहार लाई पूर्ण अवज्ञा गर्दै चोरी, हत्या, बलत्कार वा देखासीकिमा आफ्नो पूर्व पहिचानलाई छोड्ने कार्यहरु पर्यटनको नकरात्मक प्रभाव हो । विशेषगरी अबिकसीत देशहरुमा नकारात्मक प्रभाव बढी भएको देखिन्छ ।

विश्वमा विभिन्न धर्म छन्, त्यही अनुसारको परम्परा छ सम्पन्नता र असम्पन्नताले मानिसको जीवनशैलीमा फरक देखिन्छ । शिक्षा र अशिक्षाले मानिसहरुलाई भिन्न देखाउँदछ तर पर्यटनका कारण मानिसहरु एक ठाँउबाट अर्को ठाँउमा जाँदा आफ्नो ठाउँको धर्म, परम्परा, सस्कृति, रितिरिवाज, अर्को ठाँउका मानिससँग नमिल्न सक्दछ । जव मानिस पर्यटक भएर जाँदा आफ्नोपन लिएर जान्छ । त्यँहाको समाज र ठाँउ भिन्न प्रकृतिको हुदा एक अर्कालाई अध्ययनको विषय बनाउँदछन् । जसले गर्दा समाजमा राम्रा नराम्रा दुवै प्रकारका प्रभावहरु देखिन्छन् । प्रा.डा. गणेश क्षेत्री र रामचन्द्र रायमाझी आफ्नो पुस्तकमा लेख्छन्-वर्तमान अवस्थामा पर्यटन मानविय जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने महत्वपुर्ण कृयाकलाप भइसकेको छ । मानवीय जीवनशैलीबाट यसलाई अलग्याउन सकिदैन । यस अर्थमा यो मानविय समाजका लागि अपरिहार्य तत्व भइसकेको देखिन्छ । त्यसकारण

पर्यटनको सकारात्मक र नकारात्मक असरहरु मानव जीवनमा विभिन्न पक्षसँग सम्बन्धित रहेका हुन्छन् ।[४४]

पर्यटकहरुको सस्कृति वा युरोपीय सस्कृतिको प्रभावको कारणले राष्ट्रिय भेषभुषा र पहिरन देखी सबै कुराहरुमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव परीरहेको छ । जसले गर्दा निम्न अनुसारको सामाजिक प्रभाव परीरहेको हुन्छ ।




*स्रोत : रमेशराज कुवर (२०१०) टुरीष्ट एण्ड टुरीजम पृ. १५७*

पर्यटकनको सामाजिक महत्व सामाजिक सन्तुलन कायम राख्नु रहेको हुन्छ । खासगरी आन्तरीक पर्यटक विकसीत भएको खण्डमा कुनै पनि देश भित्रको जातिय वा बर्गीय द्वेष र घृणाहरुको ठाँउमा सद्भाव र समझदारी विकसीत हुन सक्दछ । बेग्लाबेग्लै क्षेत्र र स्थानहरुका मानिसहरु विच उठबस, भेटघाट, चिनजान र सामाजिक सहभागिताको सृजना सामाजिक पर्यटन ले मात्र गर्दछ । मेडलिक लेख्दछन्, “कुनै पनि पर्यटक कुनै पनि स्थान र त्यहाँको बासीन्दा भएको ठाँउमा पुगेपछि एउटा सामाजिक पृष्ठभुमीको असर उ

[४४] डा. गणेश क्षेत्री र रामचन्द्र रायमाझी, २०५७, पर्यटन बिकास र व्यवस्थापन एशिया पब्लीकेसन, काठमान्डौं पृष्ठ २०५

पुगेको ठाँउ र त्यहाँको बासीन्दाहरु माथि पर्दछ भने पर्यटक फर्कदा त्यस ठाँउका वासीन्दाहरुका अनेकौ आविबानी र चलनहरु आफुसीतै लिएर जाने गर्दछन् ।[४५]

## ४.१ पर्यटनमा नयाँ धारणा र पर्यटनमा आधारीत व्यवसाय

विकासोन्मूख देशको अर्थतन्त्रको मूख्य आधार भनेको पर्यटन हो । पर्यटन क्षेत्रले बढी पाहुनालाई आतिथ्य दिए पनि प्रति पर्यटक आम्दानी घटेको छ । आर्थिक सर्वेक्षण २०६६/०६७ को आधारमा तुलनामा १०% ले घटेको छ । पर्यटकबाट प्राप्त आम्दानीका आधारमा हेर्दा २०६७ पुष मसान्त सम्म भएको आय २४ करोड ९८ लाख ८८ हजार रुपैयाँ छ । २०६६ पुषसम्म २७ करोड ९६ लाख रुपैया आम्दानी भएको थियो । सर्वेक्षण अनुसार डलरको मुल्यमा आएको गिरावटका कारण पर्यटकले एक दिनमा ६३ डलरको हाराहारीमा खर्च गर्ने गरे पनि यस आर्थिक वर्षमा यो खर्च ४६ डलरमा घटेको छ । बसाई अवधि लक्ष्य भन्दा १ दिन बसेको अर्थात ११.३२ दिन रहेकोमा चालु वर्ष औषत वर्ष वसाई १२ दिन पुगेको छ । २०६६/०६७ मा पर्यटन क्षेत्रवाट आर्जित विदेशी मुद्रा २८ अर्व ११ करोड ९० लाख र २०६७/०६८ को पहिलो छ महिनामा १३ अर्व ५१ करोड बरावर विदेशी मुद्रा आर्जन भएको छ ।[४६] यस अवधिमा रोजगारका अवसरहरु ९० हजारबाट वढेर १ लाख १० हजार पुगेको छ । पर्यटन क्षेत्रको प्राप्त आय ग्रामिण क्षेत्रमा पुऱ्याउने पर्यटकलाई थप वास तथा आतिथ्य उपलब्ध गराउने, स्वरोजगार वृद्धि गर्ने उद्देश्य अनुरुप होमस्टे संचालन कार्यविधि २०६७ लागु भएको छ भने निजामती कर्मचारीको सगरमाथा आरोहणमा पनि सफलता प्राप्त गरेका छन् । यसरी पर्यटन क्षेत्रमा विकास भइरहे पनि यस क्षेत्रका पर्यटन व्यवसायी निम्न रुपमा आधारित रहेका छन ।

[४५] म्याथिसन एन्ड वाल,१९९२, टुरीजम इकोनामीक फिजिकल एन्ड सोसीयल इम्प्याक्ट,लगम्यान लन्डन,पृ. १४५


[४६] कान्तिपुर पत्रिका २०६८ असार २७ पृ.१७

**तालिका ४.१ पर्यटनमा आधारीत व्यवसायी**

| आधारित तह | उत्तरदाता | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| उच्च रुपमा आधारीत | १६ | ७ | ९ | ४० |
| आंशिक रुपमा आधारित | २ | २ | ० | ५ |
| थोरै मात्रमा आधारीत | १२ | ४ | ८ | ३० |
| सबै आधारीत छैनन | १० | २ | ८ | २५ |
| जम्मा | ४० | ४० | ४० | १००% |

*स्रोत : स्थलगत अध्ययन २०६८*

**चित्र ४.१. पर्यटनमा आधारीत व्यवसायी**




घान्द्रुकको अध्ययन क्षेत्रको आधारमा तुलना गर्दा ४०% उच्च रुपमा ५% आंशिक रुपमा ३०% थोरै मात्र र २५% सबै आधारीत नभएको अध्ययनले देखाएको छ । जव मानिसमा धेरै मानिस र सामुदायको घुलमील हुन्छ उसले समय सेकेन्डमा नै परीवर्तन हुन्छ । कुनै पनि उद्योगमा कुनै देश, क्षेत्र अथवा समूदाय आधारीत हुँदा त्यस क्षेत्रको सामाजिक समन्वयमा ठूलो प्रभाव परीरहेको हुन्छ । नेपालको सन्दर्भमा पर्यटनमा आधारीत ठाँउहरुमा (पोखरा) सौराहा (चितवन), ठमेल (काठमाण्डौं), भंक्तपुर दरवार क्षेत्र, घान्द्रुक गाँउ (कास्की), अन्नपूर्णक्षेत्र पर्दछन् । जव कुनै पनि ठाँउमा समूहगत रुपमा पर्यटन प्रवेश गरी सके पछि पर्यटन उद्योगको शुरुवात हुन्छ । तेस्रो मुलुकका व्यक्तिहरु आनन्द लिनका लागी पैसा खर्च गर्दछन् । जसले गर्दा त्यहाका मानिसहरुलाई आर्थिक फाइदा पुग्दछ । नेपालमा प्रशस्त मात्रामा एक तारे, दुई तारे, देखि ५ तारेसम्मका होटलहरु छन् त्यस्ता

होटलहरुले आर्थिक फाइदा लिनुका साथसाथै समाज र सस्कृतिमा पनि विकृती सृजना गरीरहेका छन् । पर्यटन आगमन वृद्धि सँगसँगै आर्थिक रुपमा पनि मानिसहरु सक्षम बन्दै जानुका साथै जीवनयापन शैलीमा पनि परिवर्तन आइरहेको हुन्छ ।

## ४.२ पर्यटनले जिवनयापन शैलीमा पारेका प्रभाव

धेरै मानिसहरु विच अनर्तक्रिया सृजना हुदा नयाँ वातावरण तयार हुन जान्छ । जसले गर्दा हाल विश्व नै एउटा घर जस्तो भइरहेको छ । पर्यटनबाट अर्थतन्त्रमा राजश्व संकलनको र राष्ट्र निर्माणको महत्वपूर्ण स्रोतको रुपमा रहेको छ । जब पर्यटनको वृद्धि हुँदा समाजलाई अल्पकालिन र दिर्घकालिन रुपमा सकारात्मक र नकारात्मक प्रभावहरु परिरहेका हुन्छन् । यस अध्ययनको मुख्य उद्देश्य नै पर्यटनले पारको समाजिक प्रभाव जसले गर्दा मानिसको जीवनयापन शैलीमा महत्वपुर्ण प्रभाव पारीरहेको छ । पर्यटनको वृद्धि सँगसँगै मानिसको आय वृद्धि हुँदा सोचमा पनि परिवर्तन आइरहेको हुन्छ । राजनीति लगायत प्रविधिको क्षेत्रको विकासले हाम्रा पारम्परागत गृह निर्माण शैलीमा ठाँउमा आधुनिक भनिने पश्चिमी गृह निर्माण शैली विकासोन्मुख मुलुकमा देखा पर्दछ । त्यस्तै धरै मानिस सँगको अन्तरक्रियाबाट पर्यटन व्यवसायीले धेरै कुरा सिक्न सक्दछ । जसले गर्दा उसको जीवनस्तर र जिवनयापन शैलीमा महत्वपुर्ण प्रभाव पार्दछ । जव पर्यटन आगमनले व्यवसायीककरणमा वृद्धी ल्याउदछ तब मानिसहरुका इच्छा र आकाक्षा बन्दै जान्छन् । ६५% यस क्षेत्रका मानिसहरुले पर्यटन व्यवसाय संचालन गरेपछी ब्यस्त जीवन विताइरहेको महशुस गरीरहेको छन् ।

**तालिका ४.२ पर्यटनले जिवनयापन शैलीमा पारेको प्रभाव**

| विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| परिवार र आफन्तको व्यवसायीकरण वृद्धि | २१ | ५२.५ |
| धेरै पैसा खर्च गर्ने | १८ | ४५ |
| ब्यक्तिगत बानि ब्यवहारको विकास | १६ | ४० |
| धेरै औपचारीक | १४ | ३५ |
| धरै अनौपचारीक | ३ | ७.५ |
| ब्यस्त जिवन | २६ | ६५ |
| अन्य | ० | ०० |

स्रोत : स्थलगत अध्ययन (उत्तरदाताले धेरै भन्दा धेरै उत्तर छनौट)

उनीहरुको ब्यापार र व्यवसायले गर्दा उनीहरु सग फुर्सद नहुनाले आफन्तहरुको भेटघाट र अन्य सामाजिक कार्यमा सक्रियता पनि कम भएको देखिन्छ । ब्यवासायीकरण वृद्धिमा ५२.५१ रहेको छ । त्यस्तै गरी व्यवसायमा लागेपछि व्यक्तिगत बानी ब्यवहार विकासमा ४०% र धेरै औपचारिक ३५% रहेको अध्ययन सर्वेक्षणले देखाएको छ । यसरी उनीहरुलाई औपचाररिक बनाउन पर्यटन व्यवसाय र त्यस सम्बन्धी क्रियाकलापले महत्वपुर्ण भुमीका खेलेको हुन्छ ।

## ४.३ उमेर समुहमा पर्यटनले पारेको प्रभाव


पर्यटक जाने गन्तब्य स्थलहरुमा त्यहाँ धेरै जातजाति भाषाभाषि, र उमेर समूहका मानिसहरु वसोवास गरी रहेको हुन्छ । जुन ठाँउमा पर्यटकहरु पुग्दछन त्यस ठाँउमा उनीहरुको परिचय युवापुस्ताहरु सँगै हुने गर्दछ । वयस्क उमेर समूहका युवायुवतीहरुको पहिरनमा ठूलो प्रभाव पारीरहेको हुन्छ ।

**तालिका ४.३ उमेर समूहमा पर्यटनले पारेको प्रभाव**

| उमेर समुह | उत्तरदाता | प्रकारहरु | प्रतिशत |
|---|---|---|---|
| १५-३० | १२ | बालबालिका | ३० |
| ३०-४५ | २५ | युवापस्ता | ६२.५ |
| ४५ माथी | ३ | उच्च ब्यक्ति | ७.५ |
| जम्मा | ४० | | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण - २०६८

चित्र ४.२ **उमेर समूहमा पर्यटनले पारेको प्रभाव**



पर्यटन व्यवसायमा लागेका व्यवसायीहरु मध्ये धेरै जसो ३०-४५ भित्रको उमेर समूहका रहेका छन् । उनीहरुको भनाईअनुसार पर्यटनको ६२.५% प्रभाव युवा पुस्तामा परीरहेको छ । त्यसमा पनि युवतीहरुको पहिरन छोटो कपडा लगाउने कपालमा विभिन्न रङहरु लगाउने गर्दछन् भने केटाहरु कपाल पाल्ने हिपप (हिप्पी) जस्ता कपडाहरु लगाउने गर्दछन् । आजभोली सबैभन्दा ठूलो प्रभाव टाटो लगाउने र शरीरका विभिन्न अङ्गहरु (कान, नाक, आखीभौं, जिब्रो, ओठ, चिउडो, नाइटो) छेड्ने मुद्रा लगाउने जस्ता क्रियाकलापहरु बढ्दै गइरहेको छ । पर्यटनबाट आएको पश्चिमी संस्कृतीको देखासिकी गर्दै जाने कम वढ्दै गएको छ । यसको प्रभावमा ३०% बच्चाहरुमा पनि वढ्दै गइरहेको छ । पर्यटकहरु अनेक थरीका आउने गर्दछन् । उनीहरुले बालबालिकाहरुलाई मिठाइ, चक्लेट, कलम, पैसा आदि बाडदै हिड्ने गर्दछन् । यसले गर्दा बालबालिकाहरु बाटमा बसेर पर्यटकसग माग्ने परम्परा वढीरहेको छ । अर्को तर्फ आर्थिक फाइदाको लागि पर्यटक गाँजा बेच्ने उनीहरु सगै खाने परम्परा पनि वृद्धि भएको छ । उच्च क्षेत्रमा मानिसहरु भने फरक प्रकारको सोच्ने शैलीका कारण उनीहरुमा यस्तो प्रभाव परिरहेको छैन । विद्यालय क्षेत्रमा विद्यार्थी देखि अन्य मानिसहरु समेत आर्थिक फाइदाका लागि गाँउ -गाँउ वाट गाँजा खोजेर पर्यटकलाई बेच्ने गर्दछन् । त्यसकारण यस अध्ययनबाट के प्रष्ट हुन्छ भने बाबुआमा तथा अभिभावकहरु समयमा नै यस विषयमा सोच्नु पर्ने आवश्यकता देखापर्दछ ।

## ४.४ खानामा दिइएको प्राथमिकता

हाम्रो खाने, पिउने र बनाउने तरीकाले समग्र देशको सामाजिक एवं सास्कृतिक सम्पदाको परिचय दिइरहेको हन्छन् । पर्यटकहरु यिनै परम्परागत खाना र त्यसका प्रकारहरुमा रमाइरहेका हुन्छन् । पर्यटन व्यवसायीहरु हिजोको आफ्नो परम्परागत खानपानमा धेरै भन्दा धेरै परीवर्तन आइरहेको हुन्छ । हिजो कृषि र पशुपालन युगमा गोठमा बस्ने ढिडो र गुन्द्रुकको तरकारी खाने, परम्परा रहीआएकोमा पर्यटनको विकाससँगै विभिन्न प्रकारको खानाहरुको विकास भएको छ । आफ्नो परम्परागत खानपानलाई छाडदै नयाँ खाना खाने र पर्यटककै देखासिकी गर्ने परम्पराको थालानी भएको पाइन्छ । हाल  आएर नेपाली, इन्डियन, अमेरीकन, ओरीन्टेल, (चाइनीज, कोरीयन, थाई, जापानीज) कन्टिनेन्टल (इटालीयन, फ्रेन्च,) र अन्य खानाहरुका परिकार बन्ने गर्दछ । अर्का तिर विदेशीहरु नेपालमा आएर यहाँको चुलो चौको हेर्ने, खाना बनाउने तरिका हेर्ने, खानाका प्रकारहरु हेर्ने, फोटो

खिच्ने, जस्ता शैलीको एकातिर परम्परागत खानपानमा ब्यापारीकरण भइरहेको छ भने अर्को तर्फ संरक्षण पनि भइरहेको छ । त्यसकारण खाने कुराको सुचीमा रहेका खानालाई व्यवसायीहरुले निम्नअनुसारको प्राथमिकता दिइरहेका छन ।

**तालिका ४.४ पर्यटन व्यवसायीले खानामा दिइएको प्राथमिकता**

| प्रकार | नेपाली | % | इन्डियन | % | ओरीन्टेल | % | कन्टीनेन्टल | % | अमेरीकन | % | अन्य | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम | २५ | ६२.५ | ५ | १२.५ | ५ | १३.५ | २ | ५ | २ | १० | १ | ५ |
| दोस्रो | ८ | २० | १४ | ३५ | १२ | ३० | ३ | ७.५ | ४ | १० | १ | ० |
| तेस्रो | ४ | १० | १२ | ३० | १५ | ३७.५ | १२ | ३० | ३ | ७.५ | ० | ० |
| चौथो | ३ | ७.५ | ४ | १० | ३ | ७.५ | १४ | ३५ | ३ | ७.५ | ३ | ७.५ |
| पाँचौ | ३ | ७.५ | ३ | ७.५ | २ | ५.० | १ | २.५ | २५ | ६२.५ | ३ | ७.५ |
| छैँदौ | ० | ० | २ | ५ | १ | २.५ | ० | ० | १ | १ | ० | ० |
| जम्मा | ४० | १००% | ४० | १००% | ४० | १००% | ३२ | ८०% | ४० | १०० | ८ | २० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण - २०६८

नेपाली खानामा दाल, भात, तरकारी सबै एकै ठाँउमा मिसाएर खाने परम्परा रहेको छ । यस खानाको मुख्य कुरा भनेको प्रोटीन युक्त दाल कार्वोहाइडेड युक्त भात तरकारी अचार सहितको स्वादीलो खाना खाने गर्दछन् । नेपाली खानामा दाल अचार छुटै खाने परम्परा छैन । अन्य खानाको तुलनामा अध्ययनको क्षेत्रमा नेपाली खानालाई प्राथमिकता दिनेमा ६३% पहिलो प्राथमिकता दिने रहेका छन् भने १३% इन्डियन, १३% ओरीन्टेल, ५% कन्टीनेन्टल १०% अमेरीकन र ५% अन्य खानालाई प्राथमिकता दिने रहेका छन् । विस्तारै विस्तारै नेपाली खानाले भन्दा विदेशी खानाहरुले बढी प्राथमिकता पाउदै जाने छन् । तुलनात्मक रुपमा पनि यहाँ तयार गरिने खाने कुराहरु स्थानिय उत्पादन घट्दै जानुका साथै सबै राष्ट्रिय र आयतित खानामा निर्भर रहने कारणले पनि अन्य खानाहरुले प्राथामिकता पाउनुको साथै परम्परागत रुपमा खाने खाना विस्तारै लोप हुदै जाने संभावना देखिन्छ । हिजोको दिनमा प्रयोग गरीने जैविक खाद्यान्नहरु हालको दिनमा आइपुग्दा रसायनिक खाद्यान्नहरुको मात्रा वढ्दै गइरहेको छ । परम्परागत खाद्यान्नहरु र खाने परम्पराहरु पनि लोप हुँदै जाने अवस्थामा रहेको छन् । सामाजिक मुल्यमा आउने अर्को परिवर्तन लवाइ

खवाई, लत्ताकपडा, पहिरन, श्रृङगार, खाने कुराको परिकार, खाद्य सामाग्री, आयोजक देशले तयार पार्ने विधि र खाने शैली आत्मसात गर्दछन् ।

## ४.५ पर्यटक नहुदाको फुर्सदको समयको उपयोग

पर्यटक व्यवसायमा लागिसकेपछि यस क्षेत्रका मानिसहरुले व्यस्त जीवन विताउनु परेको ६५% उत्तरदाताले बताएका छन् । त्यसकारण पर्यटक आगमनको समयमा ब्यस्त रहेपनि पर्यटकको आगमन नभएको समयमा उनीहरु विभिन्न क्रियाकलाप गरेर समय बिताउने गरेको पाइन्छ । पर्यटक नभएको समयमा धेरैले होटल रेस्टुरेण्ट रंगरोगन गर्ने, मर्मत संभार काम गर्दछन् भने ग्रामिण क्षेत्रमा भएका कारण डिस्को हलहरु, डान्स रेष्टुरेन्टहरु नभए पनि बजार क्षेत्रमा झरेर केही समय विताउने गरेको उनीहरुको भनाईबाट बुझ्न सिकिन्छ । यसरी फुर्सदको समय बिताउने काम विभिन्न क्रियाकलापहरुमा उनीहरु सक्रिय हुनुको साथै सामाजिक कार्यहरुमा पनि सक्रिय देखिन्छन् । आफ्नो व्यस्त जीवनबाट फुर्सदको समय निकालेर नयाँनयाँ ज्ञान आर्जन गर्नु र आफ्नो व्यवसायलाई अझै ब्यवस्थित बनाउन सक्रिय रुपमा लागिरहेका छन् । समाज र सामाजिक कार्यप्रति सर्मपित हुन पनि उनीहरु लागि परेका छन् तर हालका अवस्थामा आइ पुग्दा बसाईसराईका कारण पर्यटन व्यवसायीहरुनै यस समाजमा नेतृतत्व गर्ने ब्यक्ति भएका छन् ।

**तालिका ४.५ फुर्सदको समयको उपयोग**

| विभिन्न क्रियाकलापहरु | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| पर्यटन सम्बन्धी पुस्तक/उपन्यास/पत्रपत्रिका पढेर | २२ | ५५ |
| साथी र आफन्तहरुको भेटघाट गरेर | १८ | ४५ |
| कुनै यात्रा भ्रमण गरेर | ११ | २७.५ |
| गित सुन्ने | ५ | १२.५ |
| तास खल्ने | १५ | ३७.५ |
| चलचित्र हेर्ने | १२ | ३० |
| अन्य | १५ | ३७.५ |

स्रोत : स्तलगत अध्ययन सर्वेक्षण - २०६८(धेरै भन्दा धेरै उत्तरहरु छनोट)

घान्द्रुकमा ५५% जति मानिसहरु बिभिन्न किसिमका किताबहरु, पढ्ने, उपन्यास हेर्ने, भनेर उत्तर दिएका छन् भने साथी र आफन्तहरुको भेटघाट गर्ने ४५%, कुनै यात्रा भ्रमणमा घुम्न जाने र नयाँनयाँ कुराहरु बटुल्ने २८% रहेका छन् भन घरमै बसरे गित सुन्ने चलचित्र हेर्ने धेरै जसो महिलाहरु रहेका छन् भने तास खेलेर समय विताउनेहरु पनि ३८% रहेका छन् । हिजो गोठमा बस्ने, घाँस काट्ने, खेतिपाती गर्ने मानिसहरु हाल आएर व्यवसायमा लागेपछि सजिलै र सहज तरिकाले जीवनयापन गर्न थाले भने त्यस ठाँउमा कुनै पनि बाहिरको मानिसहरुले जग्गा जमिन किन्न र होटल सञ्चालन गर्न नपाउने भएका कारण पनि त्यस ठाँउमा स्थानिय बाहेक अरु व्यवसायको प्रतिस्पर्दा गर्न नपर्ने भयो । त्यसकारण ति कार्य बाहेक अन्य कार्यहरु गरेर समय विताउने ३७.५% रहेका छन् , जुन समयमा उनिहरु करेसावारीमा काम गर्ने गर्दछन् । त्यसबाट के थाहा हुन्छ भने मानिसहरु पर्यटन उद्योग सञ्चलन गरेर आय आर्जन गर्नु र सुखी जीवनयापन शैली बिताउन थालेका छन् भने तास खेल्ने, मादक पदार्थ सेवन गर्ने आदि कार्य पर्यटनका नकारात्मक प्रभाव हुन सक्दछन् ।

## ४.६ लागुपदार्थ सेवन


जुन मानिस केही पैसा खर्च गर्ने र घुम्ने उद्देश्य लिएर एक ठाँउबाट अर्को ठाँउमा जान्छन, त्यस समयमा लागु पदार्थ ओसार पोसार गर्ने मानिसहरु भेट हुन सक्दछ । कतिपय ठाँउमा पर्यटक आफै त्यस्ता क्रियाकलापमा अप्रयक्ष रुपमा लागीपरेको हुन्छन् भने कतिपय पर्यटकहरु त्यस्ता ब्यक्तिहरुको खोजी गर्दै हिडिरहेका हुन्छन् । यसरी लागु पदार्थ सेवन गर्नेहरु बजार क्षेत्रमा खातेबालबालिकाहरु, धनी व्यक्तिका छोराछोरीहरु हुनुको साथै यौन व्यवसायमा लागेका महिलाहरु नै लागुपदार्थ व्यापारी हुन सक्दछन् । यस अध्ययनको उद्देश्य भनेको यस क्षेत्रमा पर्यटकले गर्दा लागु पदार्थ दुर्व्यसन र ओसारपोसारमा के कस्तो सम्बन्ध र प्रभाव पारेको छ भन्ने कुरालाई देखाउन खोजिएको छ ।

**तालिका ४.६ समाजमा लागु पदार्थको प्रभाव**

| क्रियाकलापहरु | उत्तरदाता | प्रतिशतमा |
|---|---|---|
| समाज लागुपदार्थबारे सचेत | २५ | ६२.५ |
| दुर्व्यसनलाई प्रोत्साहन | ५ | १२.५ |
| ओसार पोसारमा बच्चाको प्रयोग | २ | ५ |
| दुर्व्यसनलाई उत्साह भंग पार्नु | २ | ५ |
| पर्यटन र लागुपदार्थ बीच सम्वन्ध छैन | ६ | १५ |
| अन्य | ७ | १७.५ |

स्रोत : स्थलगत अध्ययन, २०६८(धेरै भन्दा धेरै उत्तरहरु छनोट)

**चित्र ४.३ समाजमा लागु पदार्थको प्रभाव**




६३% समाजका मानिसहरु लागुपदार्थ बारे सचेत रहे तापनि हालका युवापुस्ताहरु लुकीछिपी गरेर मादक पदार्थ सेवन गर्न सुरु गर्दछन् । बजारमा घुम्न आउने र त्यस्ता व्यक्तिहरुसँग सम्पर्क हुनुको साथै एक दूई पटकको प्रयोग पछि उनीहरु बिस्तारै साथी संगतिहरु यसलाई प्रयोग गर्दै जानाले र ग्रामिण क्षेत्रमा आउने कुनै कुनै पर्यटकरु खुलेआम गाँजा माग्ने र खाने तथा उनीहरुकै अनुसरण गरेर युवापुस्ताहरुले ब्यापारीक रुपले बच्ने र प्रयोग गर्ने प्रक्रिया बन्नाले दुर्व्यसनले आन्तरिक रुपमा प्रोत्साहन पाइरहेको छ । ५% उत्तरदाताहरु लुकिछिपी भएपनि लागु पदार्थ प्रयोग गर्ने गरेको गुनासो गर्दछन् भने ५% बालबालीकाहरु यसको सिकार बन्न सक्ने संभावना  ब्यक्त गर्दछन् । मानिसहरुको भिड

बढ्दै जानु, दुर्व्यसन बढ्नु र बिक्रीवितरण बढ्न थाल्यो भने त्यस्ता क्रियाकलापहरु नियन्त्रण गर्नू पर्दछ भने त्यस्ता व्यक्तिहरुको उत्साह भंग पार्नको लागि विद्यालयस्तरका बालबालीका लाई सचेत बनाउनको साथै प्रहरीले छडके गस्ती गर्नु परिरहेका छ । पर्यटकीय क्षेत्र भएकोले सबै प्रकारका मानिसहरुको प्रभाव यहाँ परिरहेको हुन्छ तर पनि पर्यटक र लागुपदार्थ बीच १५% उत्तरदाताहरु सम्बन्ध नभएको कुरा व्यक्त गर्दछन् । यदि यस्ता पदार्थको प्रयोग समाजमा बढ्न थाल्यो भने नकारात्मक असर पर्न सक्दछ । त्यसकारण समाज समयमानै सचेत रहनु पर्दछ ।

## ४.७ पर्यटन र समाजमा चोरी डकैती

पर्यटनले राष्ट्रिय भेषभुषा र पहिरनमा असर पार्नु जसले गर्दा नग्नता, अर्धनगनता, जस्ता कुराहरु सामाजिक रुपमा बढ्ने र यसको परिणाम स्वरुप समाजमा नकरात्मक प्रभाव देखा पर्ने हुन्छ । जसका कारण समाजमा चोरी, ठगी, पाकेटमार, लुटपाता, हत्या जस्ता अपराधहरु बढ्नु, बहुमुल्य बस्तु कलाकौसल, बहुमुल्य कृति, नसालु पदार्थ आदिको तस्करी शुरु हुन जस्ता आदि कृयाकलापहरुको वृद्धि हुन थाल्दछ । उदारणको लागी सन् १९६०–१९८० को दशकसम्म नेपालमा प्राचिन मुर्तिकलाका अनेकै नमुनाहरु चोरी निकासी भएको कुरालाई लिन सकिन्छ ।[४७] तस्करीमा लाग्ने पर्यटकहरुको संख्या पनि प्रशस्त हुन्छ । त्यस्ता पर्यटकहरु तस्करहरुको गिरोह विश्वव्यापीरुपमा सक्रिय छ ।[४८] यस अध्ययनमा पनि यस क्षेत्रमा प्रवेश गर्ने स्वदेशी अथाव विदेशी पर्यटकहरुलाई पनि खानतलास नगर्ने भएका कारण यस्ता क्रियाकलाप भए नभएको पत्ता लगाउन आप्ठ्यारो हुन्छ ।

**तालिका ४.७ चोरी डकैतीले पारेको प्रभाव**

| क्रियाकलाप | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| चोरी डकैती गर्ने बातावरण सृजना | २६ | ६५ |
| चोरी डकैती नियन्त्रण | ३१ | ७७.५ |
| पर्यटक र चोरी डकैती बीच सम्बन्ध नभएको | २ | ५ |
| अन्य | ११ | २७.५ |

स्रोत : स्थलगत अध्ययन २०६८ (बहुउत्तर छनौटबाट)

[४७] पुर्ब पाद टिप्पणी नं १, पृ. २०६

[४८] प्रयागराज शर्मा, १९९५ कल्चर एन्ड टुरीजम इसीमोड, काठमाडौ, पृ. २२

जुन क्षेत्र पर्यटकीय स्थलको रुपमा विकास भइरहेको हुन्छ यस स्थानमा घुम्न जाँदा पर्यटकले आफुसँग नगद रकम क्यामरा कपडा लगायत अन्य वस्तुहरु बोकेर हिडेका हुन्छन् । त्यस कारण ग्रामिण क्षेत्रमा भएको सबै ठाँउहरुमा मानिसको रेखदेख नपुगेका कारण यस्ता कुना काप्चाहरुमा पर्यटकलाई लुट्ने र लुट्न प्रयास हुने कुरा ६५% स्थानीय बासीहरु बताउदछन् । विगत समयमा जंगलका विचहरुमा लुटपाट गर्ने, मार्ने, कार्यहरु पनि भएको थियो । त्यस्ता क्रियाकलापमा स्थानियबासी र पर्यटन व्यवसायीले सक्रियताका साथ लागे पछि हाल आएर यो कृयाकलाप पनि नियन्त्रणमा आएको ७८% उत्तरदाताहरुको भनाइ रहेको छ । हालका दिनहरुमा यस्तो पर्यटकहरुलाई लुट्ने कार्य नभएको विगतका दिनहरुमा लुटेराहरु भौगलिक कारणले गर्दा भाग्न नसकी समातिएका कारण पनि यस क्षेत्रमा चोरी, डकैतीमा कमी भएको छ भने पर्यटकहरुलाई त्यस्ता स्थानमा हिड्दा एक्लै नहिड्न पनि सुचना प्रदान गर्ने गरिएको छ । यदि पर्यटक लुटिए भने आतित्य गर्ने व्यवसायी र पर्यटक विच विवाद वढ्न जान्छ त्यसको असर यही नकरात्मक रुपमा पनि गयो भने पर्यटन व्यवसायी नै धरासायी हुन्छ ।

## ४.८ पर्यटन र यौन व्यवसाय

यौन पर्यटन नेपालको लागि महत्वपूर्ण तत्व होइन तर कतिपय विश्वमा विभिन्न मूलुकहरु जस्तै बैकक (थाइलैन्ड), मनिला (फिलिपिन्स), वाली (इन्डोनेसिया), भिएतनाम, मलेसिया, क्यारेवियन टापु अफ्रिका आदि मूलुकहरुमा त्यस्तो क्रियाकलापका लागी कानूनबाट नै खूल्ला गरीएको छ । जापान, कोरीया, चीन, भारत, पाकिस्तान आदि जस्ता छिमेकी मुलुकहरुमा पनि यस्तो व्यवसाय विभिन्न गल्लीहरुमा देख्न पाइन्छ । जसले गर्दा एउटा महिलालाई व्यवसायको रुपमा राख्नु अथावा परीभाषित गर्नु र बेचविखन गर्न जस्तो अमानविय व्यवहार हुँदै आइरहेको पाइन्छ । नेपालमा पनि कतिपय स्थानहरुमा यस्ता क्रियाकलापहरु हुने गरेको पाइन्छ । पर्यटकिय स्थललाई लक्षित गरेर काठमाडौंको ठमेल, पोखराको लेकसाइडमा खोलिने डिस्को, डान्स, रेष्टुरेन्टहरुले त्यस्तो व्यवसाय गरिरहेको कुरा विभिन्न समाचारका माध्ययमहरुमा सुन्न पाइन्छ । यसले विभिन्न किसिमका रोगहरु आउनुको साथै सामाजिक विकृतिहरु पनि भित्रिएको पाइन्छ । पर्यटकहरुबाट विशेष गरी भनेजति विदेशी मुद्रा वा समानान्तर रुपमा स्वदेशी मुद्रा आर्जन गर्न सकिने हुनाले बेश्यावृत्तीमा बृद्धि हुन पुग्दछ । यस अध्ययनको घान्द्रुकको पर्यटकीय स्थलहरुमा भए गरेको व्यवहार तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.८ पर्यटनले यौन ब्यवहारमा पारेको प्रभाव**

| क्रियाकलाप | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| यौन रोग सम्वन्धी जानकारी भएको | ३३ | ८२.५ |
| यौन ब्यापारमा बृद्धि भएको | २ | ५ |
| समाजमा यौन सम्वन्धी धारणाको विकास | २६ | ६५ |
| अन्य (धेरै भन्दा धेरै उत्तरहरु) | ९ | २२.५ |

स्रोत : स्थलगत अध्ययन २०६८ (बहुउत्तर छनौटबाट)

हालका दिनहरुमा धेरै व्यवसायीहरुको धारणा अनुसार पर्यटकलाई आकर्षीत गर्न अर्थात पर्यटन गाइडहरुलाई आकर्षित गर्नको लागी पनि व्यवसायीहरुले महिला कामदारको रुपमा राख्ने गरेका र कुनै कुनै ठाँउहरुमा गाइडहरुको भनाई अनुसार त्यस्ता महिलाहरु रहेको पाइन्छ । गाइडहरुलाई आकर्षक गरे पर्यटकहरु आफ्नो होटलमा धेरै ल्याउन सकिने भएको कारण अन्य कुराहरु भनेर २३% उत्तरदाताले सहमत जनाएका छन् तर समाजको यौन रोग सम्बन्धी कुरामा जानकारी पाएको कारण ८३% सचेत भएको पाइन्छ भने यौन सम्वन्धीमा ५६% ले समाजको मानिस जानकारी भएको देखाउदछ र यौन ब्यवहार ५% ले बृद्धि भएको देखाएको छ । चेलीवेटी बेचविखन, यौन रोगको बृद्धि जस्ता कुराहरुले भने थाहा नभएको जानकारी दिएको छ । हाल कास्की जिल्लामा आएर एड्स रोगसँग सम्बन्धित प्रत्यक्ष औषधी सेवन गर्नेहरुको संख्या १२४ रहेको र मर्नेहरुको संख्या १४५ रहेको जि.वि.स. कास्की र सरोकारवाला संस्थाहरुले जानकारी  दिएका छन् । पर्यटकहरुले आर्थिक लोभ देखाएर पनि यौन क्रियाकलाप बढदै जान थाल्यो भने समाजमा नकारात्मक असर पर्दछ ।

# परिच्छेद - ५

## सांस्कृतिक प्रभाव

पर्यटनको प्रभाव सांस्कृतिक आदन प्रदान मुलुकहरुका बीचमा हुने गर्दछ । बास्तवमा सांस्कृतिक आकर्षणहरु नै कुनै पर्यटक पर्यटनका लागि जुरमुराउदछन् । कला, वास्तुकला, ऐतिहासीक अवशेषहरु, प्रसिद्ध ब्यतिका जन्मस्थलहरु लगायत चाडपर्वहरु जस्ता सांस्कृतिक महत्वका कुराले नै पर्यटन विकसित हुने गर्दछ । पर्यटनले सांस्कृतिक पक्षमा पनि सकारात्मक र नकारात्मक दुवै प्रकारका प्रभावहरु पारीरहेको हुन्छ । आस्था, मूल्य विश्वास लगायत, शिक्षा, स्वास्थ्य, संगित भाषा प्रविधि आदि संस्कृतिकै अभिन्न अङ्ग हुन् । पाश्चात्य संस्कृतिको प्रभाव पूर्वीय संस्कृतिमा अत्याधिक रुपमा परेको छ । "शसक्त संस्कृतिमा भएको मुलुक र कमजोर संस्कृति भएका मूलुकका विचामा हुने सामाजिक अन्तरक्रियाले कमजोर संस्कृति भएका मुलकलाई प्रभावित पार्दछ ।" फलस्वरुप शसक्त संस्कृति, कमजोर संस्कृति माथि हाबी हुन पुग्दछ ।[४९] यस्तो प्रकारको सांस्कृतिक परिवर्तन आदिवासी समाजमा हुने गर्दछ । यस्तो समाजको परम्परागत मूल्य र मान्यताका ठाउँमा पर्यटक संस्कृतिले स्थान लिने गर्दछ। सांस्कृतिक परिवर्तनको कारणले नयाँ र शसक्त संस्कृति भित्र स साना स्थानिय संस्कृतिहरु विलोप हुन पुग्दछन् ।

पर्यटक आउने सिलसिलाले सांस्कृतिक आकर्षणका रुपमा रहेको सांस्कृतिक परम्पराहरु संरक्षित र सुरक्षित हुन पुग्दछन् । जे जति हाम्रा संस्कृति छन् तिनीहरुलाई पर्यटन विकासका निमित्त जोगाउने, संरक्षित गर्ने र तिनीहरुको यथास्वरुप कायम राख्न पुनरावृत गर्ने एवंम पूर्नजीवन गर्ने गरिन्छ । सांस्कृतिक क्षेत्रमा पर्यटनको सबैभन्दा नकारात्मक असर भनेको सांस्कृतिक गोप्यता भंग गर्नु रहेको छ तर कट्टर धर्म हुने देशहरुमा (मुस्लीम देश) पर्यटकहरुले त्यस देशको संस्कृतिमा कुनै असर पार्दैन । धेरै जसो पर्यटक विकसित मुलुकबाट विकासोन्मुख मुलुकहरुमा पर्यटक भएर आउने गर्दछन् । यसरी पश्चात्य संस्कृतिको प्रभाव पुर्वीय संस्कृतिमा अत्याधिक रुपमा परेका पाइन्छ । नुनेज लेख्दछन् "सांस्कृतिकरणको सिद्धान्तलाई परीक्षण गर्नका निमित्त पर्यटन एउटा प्रयोगशाला हो । वर्तमान अवस्थामा पर्यटक सर्वव्यापक हुन पुगीसकेको छ । वास्तवमा उ संस्कृतिकरण

---

[४९] म्याथिसन एन्ड वाल, १९९२, टुरीजम इकोनामीक फिजिकल एन्ड सोसीयल इम्प्याक्ट, लगम्यान लन्डन, पृ. १८०

र सांस्कृतिक गतिविधिका व्यापकताको संवाहक नै हो ।"[५०] र अर्को शब्दमा नुनेज लेख्दछन् "सांस्कृतिकरणको प्रक्रिया बास्तावमा अनुकरण वा नक्कल गर्ने मनोवृत्तिबाट शुरु हुन्छ । दुई फरक फरक संस्कृतिहरु बीच हुने निश्चित अवधिको सम्पर्कले यस्तो मनोवृत्तिको जन्म दिने गर्दछ ।"[५१] त्यसकारण पर्यटनले संस्कृतिमा सकारात्मक र नकारात्मक दुबै प्रभाव पारीरहेको हुन्छ । संस्कृतिमा पारेको प्रभाव तलको चार्टबाट पनि थाहा पाउन सकिन्छ ।




मोडीफाई फ्रोम जोन लि(१९८८)

रमेशराज कुवर(२०१०) टुरीष्ट एण्ड टुरीजम पृ. १७८

## ५.१ गीत र संगीतमा पर्यटनको प्रभाव

गीत र संगीत मानवीय जीवनमा एक अभिन्न अंगका रुपमा रहेको हुन्छ । हाम्रा परम्परागत लोकगीत र संगीतले हिजोको दिनमा जुन कुराहरु व्यक्त गर्दथे आज ती कुराहरु विस्तारै हराउँदै गएका छन् । हिजो दिनभरी काम गरेपछि मानिसहरु बेलुकाको समयमा थकाई मेटाउन रोधी बस्ने परम्परा थियो । त्यो आज पूर्णरुपमा हराएको छ । हिजोका ती हाम्रा लोकगीतहरुले हाम्रो परम्परालाई झल्काउथ्यो, दुःख बेदनाका गीतहरु गाइन्थे तर आज ती लोप हुँदै गइरहेका छन् । हिजो नाचिने नाँचहरु, घाँटु, सोरठी, कौडा जस्ता परम्परागत नाँचहरु हराएका छन् । संगीतको क्षेत्रमा पनि पश्चिमी संगीत र अनेक प्रकारका बाजाहरु पर्यटकहरुको सुविधाको लागि भित्रने गर्दछन् जसले गर्दा सामाजिक जीवन प्रभावित हुने गर्दछ त्यसैगरी पर्यटकहरुबाट ओसारीने अनेकै किसिमका साहित्यहरु समाजमा प्रचलित हुन

[५०] नुनेज १९६३ :१५२) उद्दृत डा. गणेश क्षेत्री र रामचन्द्र रायमाझी,२०५७,पर्यटन विकास र व्यवस्थापन एशिया पब्लीकेसन, काठमाडौं, पृ. २०५

[५१] क्षेत्री ऐ.ऐं पृ. १७७


पुग्दछन् । जसले गर्दा साहित्यमा पनि पश्चिमी संस्कृतिको प्रभाव पर्दछ । गीत संगीत क्षेत्रमा पनि पर्यटनको सकरात्मक र नकारात्मक प्रभाव परीरहेको छ । कतिपय ठाउँमा पर्यटनको लागि भनेर परम्परागत गीत र संरक्षण गरिन्छ भने कतिपय ठाउँमा पर्यटकहरुलाई आकर्षण गर्न युरोपेली संगीतका प्रभाव पारीरहेको छ । यस अध्ययन क्षेत्रमा पनि पहिले पहिलेका गीत संगीत नाचहरु विस्तारै लोप हुनु र नाँचमा लगाउने पोशाकहरुमा पनि परिवर्तन आईरहेको छ ।

**तालिका ५.१ पर्यटनको गीत र संगीतमा प्रभाव**

| कारणहरु | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| स्थानीय गीत र संगीतमा वृद्धि | २३ | ५७.५ |
| स्थानीय गीत र संगीतमा अवमूल्यन | १७ | ४२.५ |
| विदेशी संगीतको उच्च प्रभाव | २७ | ६७.५ |
| पर्यटक र संगीतबीच सम्वन्ध छैन | ३ | ७.५ |

स्रोत : स्थलगत अध्ययन - २०६८

**चित्र ५.१ पर्यटनको गीत र संगीतमा प्रभाव**




गीत र संगीत मनोरञ्जनका साधनहरु हुन केही होटेलहरुले स्थानीय गीत र संगीतलाई प्रोत्साहन गर्नको लागि पाहुनाहरुको आग्रहमा स्थानीय आमा समूहले नाँच देखाउने र केही आर्थिक संकलन गर्ने गर्दछन् । जातजातिको नाँच सबैभन्दा महत्वपूर्ण राष्ट्रको गहना हो । पर्यटकहरुलाई देखाउन स्थानीय गीत र संगीतको बृद्धि भईरहेको ५८% उत्तरदाताहरु बताउदछन भने ४३% उत्तरदाता अवमूल्यन भइरहेको छ भने हाल आएर पर्यटकलाई आकर्षण विभिन्न क्यासेटहरु बजाएर संगीत सुनाउने र त्यसमानै नाच्ने

परम्पराले गर्दा विदेशी संगीतको उच्च प्रभाव पार्दै गइरहेको छ । यस क्षेत्रका युवा युवतीहरु पुराना लोकगीतहरु सुन्न मन पराउँदैनन् तर वुढापाकाहरु यसको संरक्षण गर्न युवा पूस्तालाई सँगै राखेर गाउने प्रयास गरे पनि सफलता प्राप्त गरीरहेका छैनन् ।

## ५.२ परम्परागत मूल्य मान्यता र लोक संस्कृति

मानव सभ्यतासँग गाँसिएको संस्कृति शब्दको व्याख्या र त्यसमाथि देखापरेको प्रभावको उल्लेख गर्नु सरल कुरा होइन । संस्कृति मानवले आर्जन गरेका ती सबै कुरा हुन जुन आफ्नो बंश र परम्परा र सामाजिक परम्पराबाट आर्जन गरीरहेको हुन्छ । जसलाई धर्म र भौगोलीक स्थितिले पनि प्रभाव पारेको हुन्छ । प्राचिन देखि हाल सम्म आइपुग्दा संस्कृतिमा थुपै भिन्नताहरु देखा परिसकेका छन् । स्थान विशेष जाति धर्म आदि कारणले पृथ्वीको एउटा कुनाको मानिसको संस्कृति अर्को मानिसको कुनाको संस्कृतिसँग फरक हुन्छ । आफ्नो परम्परा र संस्कृतिलाई अनुसरण गर्दै त्यसलाई संरक्षण गर्नुपर्दछ । पर्यटनमा सांस्कृतिक महत्व वढी हुन्छ । कुनै देश वा कुनै ठाउँको सांस्कृतिक अध्ययनको जानकारीको लागि पर्यटकहरु पुग्दछन र उसले त्यस ठाउँमा मानिसको संस्कृति, रहनसहन, बानी व्यवहार वा परम्परा कस्तो छ भन्ने कुराले पनि पर्यटकहरु प्रभावित हुन्छन् । पर्यटक कुनै पनि ठाउँको संस्कृति, परम्परा एंव सामाजिक मुल्य मान्यता जान्न बुभ्न स्थानीय बासिन्दा बीच घुलमिल हुन थाल्दछन् । पर्यटक र स्थानिय बासी एक अर्काको स्वार्थको कारण घनिष्ठ बन्न थालेपछि सामाजिक मान्यता एंव सांस्कृतिक परम्परा जस्तै खानपान, बानीब्यवहार लवाईखवाई, परम्परागत नाचगान बोलीचाली, भाषा एवं अन्य सांस्कृतिक क्रियाकलापमा स्वभावत परिवर्तन आउन थाल्दछ । कतिपय सांस्कृतिक क्रियाकलाप अर्थउर्पाजनका लागि पनि प्रस्तुत हुन्छन् ।

**तालिका ५.२ परम्परागत मूल्य मान्यता र लोक संस्कृतिमा प्रभाव**

| क्रियाकलाप | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| परम्परागत मूल्य मान्यतामा वृद्धि | ६ | १५ |
| परम्परागत मूल्य मान्यता घट्नु | २९ | ७२.५ |
| गलत तवरले बुझाउने काम | ७ | १७.५ |
| धर्म परीवर्तन हुनु | ३ | ७.५ |

पर्यटकबाट आय कमाउने र पर्यटकलाई रिझाउने उद्देश्यले आयोजक मूलुकका बासिन्दाहरुको परम्परागत सम्पूर्ण आनीबानी र परम्पराहरुको व्यापारीकरण हुन पुग्दछ । सामाजिक मुल्य मान्यता पैसामा क्रयविक्रय सुरु हुन्छ । नेपालमा दोभाषे र पथपर्दशक यस्ता सांस्कृतिक दलालका रुपमा रहेका हुन्छन् । यसरी परम्परागत वृद्धि हुनुमा १५% उत्तरदाता सहमत छन भने ७८% उत्तरदाता घट्दै गएको कुरा बताउँछन् । कतिपय परम्परा गलत तवरले बुझाउने काम भएको १८% ले जनाएका छन् भने अर्कातर्फ धार्मिक पर्यटनको रुपमा आउने धर्म प्रचारकहरुले आयोजक मुलुकका बासिन्दाहरुको धार्मिक अवस्था मात्र नभए र धर्मको मुल स्वरुप नै परिवर्तन गरेको पाइन्छ । यसरी बोन धर्म मान्ने गुरुङहरु बुद्ध धर्म मान्न थाल्नुको साथै ठूलो प्रभाव भनेको क्रिश्चियन धर्म रहेको छ । यसरी धर्म परिवर्तन गर्नेहरु विभिन्न आर्थिक र धार्मिक प्रलोभन देखाउने कार्य भइरहको हुन्छ जस अनुसार यस अध्ययन क्षेत्रमा त्यस्ता पर्यटकहरुले ८% धर्म परीवर्तन गराईरहेका छन् यो भ्रम विस्तारै बढ्दै जाँदा त्यस ठाउँमा रहेको जातजाती भाषाभाषी र धार्मिक आस्थाको कुराहरु विस्तारै हराउँदै जान थाल्नेछन् ।

## ५.३ सामाजिक मूल्य मान्यता

समग्रमा पर्यटन विस्तार र विकासले कुनै पनि ठाउँको संस्कृति माथि अनुसरण गरेर पर्यटकलाई खुसी पार्न आफ्नो परम्परागत संस्कृतिमा पर्यटकको चाहाना अनुरुप परिवर्तन गरेर र पर्यटकलाई कुनै स्थानको सांस्कृतिक परम्पराको जानकारी गराउनु नै हाम्रा उत्सव र परम्पराहरुको महत्व घट्दै गएको छ । हिजोको दिनमा गरिने विभिन्न पुजा आजाहरु, मौला पुजा मानिसको उपस्थिति र सक्रियता घटेको छ भने पन्चोल लैजाने परम्परा पूर्ण रुपमा घट्दै गएको छ । प्रयागराज शर्मा लेख्दछन् -"पर्यटकका खोजी पूर्ण आँखाहरु हरेक कुना कच्चामा प्रत्येक घरको चुलोमा एवं अगेनामा तथा मानिसहरुले सम्पन्न गर्ने गरेका काममा पुग्दछन् । उनीहरुको क्यामराले प्रत्येक कुराको फोटो खिच्दछन् । यहाँसम्म की मसानघाट र मृत्यु संस्कारलाई समेत उनीहरु छाड्दैनन् । मन्दिरको पुजा, बलिको दृष्य समेत उनीहरु प्रत्यक्ष सहभागी सरह सुपरिवेक्षण गरीरहेका हुन्छन्, यस अर्थमा उनीहरु नेपाली संस्कृतिको गोप्यता भंगकर्ताहरु हुन ।"[५२] त्यस्तै हाम्रो विभिन्न परम्परा अनुसार मनाइने चाडपर्वहरु घट्दै गइरहेका छन् भने विभिन्न चाडपर्व लाग्ने मेलाहरु हाल

[५२] प्रयागराज शर्मा, १९९५ कल्चर एन्ड टुरीजम इसीमोड, काठमाडौं, पृ. ३१

खेलकुदमा सिमित भएका छन् भने तीज, मनाइने जात्रा र त्यसमा गाइने गीत पूर्ण रुपमा लोप भयो भने ल्होसार मान्ने परम्परा विस्तारै बढदै गएको छ तर पुरानो संस्कारले नभई नयाँ तरीकाले मनाउनुको साथै टोटे (ट्रहोटे) पर्व पनि बिस्तारै मनाउन थालिएको छ ।

**तालिका ५.३ सामाजिक मूल्य मान्यतामा प्रभाव**

| क्रियाकलाप /उत्तरदाता उमेर समुह | १५-३० | ३०-४५ | ४५ माथी | प्रतिशत |
|---|---|---|---|---|
| घटना र चाडपर्वको पर्दशन | ११ | १६ | ८ | ८७.५ |
| उत्सव र परम्पराको महत्व | ५ | ५ | ८ | ४५ |
| स्थान उत्पत्तीका चाडपर्व घटनु | ३ | १४ | ४ | ५२.५ |
| अन्य | ३ | ४ | ४ | २८.५ |

स्रोत : स्थलगत अध्ययन २०६८ (धेरै भन्दा धेरै उत्तर छनौट)

पर्यटकहरु घुम्न आउँदा त्यस्ता स्थानहरुमा जाति विशेषका र राष्ट्रिय चाडपर्वहरु एवं विभिन्न जन्म, मृत्यु, लगायत अन्य संस्कारका क्रियाकलापहरु भइरहेका हुन्छन् जसले गर्दा उनीहरुले हाम्रो चाड पर्वहरु देख्न पाउदछन् । उनीहरुको भ्रमण स्थल भनेको हाम्रा मठ मन्दिर विभिन्न चाडपर्व गीत संगीतमा उनिहरु धेरै रमाउछन् । त्यसैले ८८% त्यस्ता कुराहरु उनीहरुले आखाले देखेर र क्यामाराले कैद गरेर लैजान्छन भन्ने उत्तरदाताहरु रहेका छन् भने ती परम्पराहरुले पर्यटकलाई आकर्षण गर्नुका साथै संरक्षणमा पहल गरिनुले त्यस्ता चाडपर्वहरुको महत्व पनि बढ्न थालेको छ तर स्थान र उत्पत्तिका विभिन्न चाडपर्वहरु घटदै गइरहेका छन् । यसमा ५३% उत्तरदाताहरु हिजोका विभिन्न चाडपर्वहरु मान्ने परम्परा रोधी, सोरठी, घाटु, जस्ता नाचहरु विस्तारै हराउँदै गएका छन् । अन्य भनेर २८% उत्तर दिएका छन जसमा त्यस्ता उत्सव र चाडपर्वहरु जस्तै कृष्णचरीत्र, घाटु आदि गुरुहरुको आवश्यकता पर्ने हुँदा घाटु लोप भएको छ भने कृष्णचरीत्र पनि एक गाउँमा निश्चित मानिसहरुका मात्र सिमित हुन पुगेको छ । त्यसको संरक्षण र युवापुस्ताले यसलाई सिक्ने प्रयास गरीरहेका छैनन् । त्यसको संरक्षण गर्नु आवश्यक छ । पर्यटकले जस्तै लगाउने, उनीहरु जस्तै खाने र हरशैली उनीहरु जस्तै विताउने,आफ्नो देश जाती, धर्म र परम्परालाई चटक्कै परिवर्तन गर्न खोज्नु हो । जस्तै हाम्रो समाजमा कतिपय कुसंस्कारहरु, बोक्सीको आरोपमा तातो फलामले डाम्ने, दिसा खुवाउने, बलि चढाउने जस्ता कुराहरुमा पनि पर्यटकको प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग प्राप्त भएकै हुन्छन् ।

## ५.४ पर्यटनले भाषामा पारेको प्रभाव

भाषा हाम्रो संचारको माध्यम हो । धेरै जातजाती र भाषाभाषी भएको यस मूलुकमा आन्तरीक रुपमा नै त्यस ठाउँमा बोलचालको भाषा फरक हुन्छ । पर्यटनको आय आर्जनका कारण पनि सांस्कृतिक बस्तुमा व्यापारीकरण हुन्छ । पर्यटनको कारणले कुनै पनि मुलुकको संस्कृतिमा मनोबैज्ञानिक ह्रास आउदछ । पर्यटकको भाषाको प्रभूत्व समेत पर्न जान्छ । जसले आयोजक मुलुकको भाषा शुषुप्त हुनुको साथै पर्यटकहरुको भाषा भने बोलचालको माध्यमबाट र अध्ययन अध्यापनको माध्ययबाट समेत हुन पुग्दछ । जनसाधारण समेत आफुलाई पर्यटक सरह सभ्य देखाउन उनीहरुसित सम्पर्क कायम राख्न पर्यटकको बोली बोल्न थाल्दछन् यसरी भाषागत रुपमा पर्यटनको प्रभाव ज्यादै नकारात्मक हुने गर्दछ । उदारहणको लागि वर्तमान समयको अंग्रेजी भाषालाई लिन सकिन्छ । अध्ययन क्षेत्रमा गरीएको अनुसन्धानमा भाषाको प्रभाव निम्नाअनुसार पाइएको छ ।

**तालिका ५.४ पर्यटनले भाषामा पारेको प्रभाव**

| प्रभावहरु | उत्तरदाता | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| धेरै भाषाको ज्ञान | ३१ | १४ | १७ | ५२.५ |
| विदेशी भाषाले प्राथमिकता पाउनु | ३५ | १७ | १८ | ८७.५ |
| स्थानिय भाषा र नेपाली भाषामा विकृति | २६ | ११ | १५ | ९० |

स्रोत : स्थलगत अध्ययन २०६८ (धेरै भन्दा धेरै उत्तर छनौट)

पर्यटकहरुको आगमन भइसके पछि उनीहरुसँग आतिथ्य गर्ने परम्परा र बोलीचालीको भाषाको रुपमा विदेशी भाषाको प्रयोग हुन्छ । ८८% जति मानिसहरु बोलचाको भाषाको रुपमा विदेशी भाषाको रुपमा प्रंयोग गर्नुपर्दछ । यसरी पर्यटक र आतिथ्य गर्ने समूदाय बीच पर्यटककै भाषा वोलीहरु धेरै भाषाको ज्ञान हुनको साथै ९०% स्थानिय भाषा र नेपाली भाषामा विकृति सृजना भइरहेको छ । पुरानो गुरुङ बस्ती भएको ठाउँमा सबै ठाउँहरुको नाम पनि गुरुङ भाषामा नै राखीएका थिए । पर्यटकको आगमनसँगै त्यस्ता कतिपय पर्यटकिय स्थलहरुको ठाउँमा नयाँ नामाकरण गरीनु पर्यटनको प्रभाव हो । कतिपय मानिसहरु आफ्नो परम्परागत, जातिगत, बोलचालको भाषा पनि बुझ्न सक्दैनन् । बोडीङ स्कूलको प्रभावले पनि अव जन्मेको बच्चाहरुले गुरुङ भाषा बोलचाल र उच्चारण गर्न नै सक्दैनन् । त्यसकारण भाषामा पर्यटनको ठूलो प्रभाव परीरहेको छ ।

## ५.५ स्थानीय कलाकौशलमा परेको प्रभाव

सामुदायीक सांस्कृतिको अध्ययन भनेको पर्यटकहरुद्वारा लोप हुँदै गइरहेका जीवनशैलीहरु, वास्तुशैली, कलाकौशल र त्यस सम्वन्धि शैली, लवाईखवाई तथा कृषि लगायत अन्य उपकरणहरुको जानकारी प्राप्त गर्नु हो । सांस्कृतिक पर्यटनका कारणले स्थानीय परम्परा, घरेलु उद्योग, लगायत परम्परात कलाकौशलहरुको जगेर्ना भइरहन्छ । किनकि यस्ता कुराहरु पर्यटकहरुले खोजी गर्ने गर्दछन् साथै परम्परागत चाडपर्वहरु, उत्सवहरु, लोकनृत्य, र लोकगीतहरु समेत जनजीवनमा दोहोरिन्छ् ।[५३] फोस्टर लेख्दछन् - "परम्परा र कलाकौशलको विनासकका रुपमा प्रस्तुत गरीन्छ किनकि यसले असत्य वा कृतिम लोकसंस्कृतिलाई जन्म दिने गर्दछ ।[५४] रमेशराज कुँवर लेख्दछन्, वास्तवमा पर्यटनले विभिन्न थरीका नयाँ र नौला कलावस्तुहरुको परीवर्तीत रुपको सृजना गर्दछ । यस प्रकारको कलावस्तुहरु पर्यटन बजारका निमित्त तयार गरीन्छ । यिनिहरु वास्तवमा कलाका नयाँ र बेग्लै नमुना हुने गर्दछन् ।[५५] यसरी यो विभिन्न साहीत्यकारहरुको भनाइबाट पनि प्रष्ट हुन्छ की पर्यटनले कला कौशलको क्षेत्रमा प्रभाव सकारात्मक र नकारात्मक दुवै पारीरहेको छ ।

**तालिका ५.५ स्थानीय कला कौशलमा पर्यटनको प्रभाव**

| विभिन्न पभावहरु | उत्तरदाताा | प्रतिशत |
|---|---|---|
| पुराना कलाकृतिको लोप | २९ | ७२.५ |
| परम्परागत कलाकौशलको संरक्षण | ४ | १० |
| परम्परागत घर निर्माण र शैलीको संरक्षण | ७ | १७.५ |
| पुराना घरहरुको स्वरुप नै परिवर्तन | १८ | ४५ |
| हस्तकला र हस्तव्यापार | १७ | ४२.५ |

स्रोत : स्थलतग सर्वेक्षण २०६८

पर्यटनको आगमनसँगै सम्पूर्ण सांस्कृतिक परीवेश नै व्यापारीकरण हुन पुग्दछ । नेपालको खुम्बु क्षेत्रमा कपकल्देनले बनाएको थाङका पौभा चित्रको माग त्यो क्षेत्रमा पुग्ने पर्यटकहरुलाई ज्यादा हुन गए पछि त्यो क्षेत्रमा पौभा चित्रकलाको बाणीज्यकरण हुन पुग्यो ।

[५३] यज्ञराज सत्याल,१९८८ टुरीजम इन नेपाल, अ प्रोफाइल, बारणसी पब्लीसिङ हाउस न्यु दिल्ली, पृः १६

[५४] सत्याल १९८८, पृ.१६

[५५] रमेशराज कुवँर, १९९७, पर्यटक र पर्यटन, गंगासेन कुँबर,काठमाडौं, पृ. १८३

फलस्वरुप आकर्षक पौभा चित्रको ठाउँमा गुणस्तर नभएको पौभा देखा पऱ्यो ।[५६] त्यस्तै यस क्षेत्रमा पनि स्थानिय भेडाको उनबाट बनाइने राडी, पाखी, गलैचा, सिस्नोबाट बनाइने भाङग्रा आदिको व्यापार ४३% ले भइरहेको छ भने पुराना कलाकृतिहरु ६३% ले लोप हुँदै गइरहेका छन् । हिजो गोठमा बस्दा पानीपर्दा ओढ्ने लोप्रो (घुम), अल्लोबाट बनाउने भाङग्रा, थैलाको ठाउँमा नयाँ धागो र प्लास्टीको प्रयोग बढ्न थालेको छ भने परम्परागत गुजुमूज्ज परेका घरहरु स्लेट जस्ता ढुङगाले छाएको छाना भएको ठाउँमा बसाईसराईका कारण त्यस्ता कतिपय घरहरु भत्केका छन् भने कतिपय घरहरु भत्कने अवस्थामा छन् । अर्कोतर्फ त्यहाँ निर्माण हुन लागेका र भएका घरहरुले पुराना घरहरुको स्वरुप नै परिवर्तन गरी सिमेण्ट र छटको प्रयोग गरेर घर निर्माण गर्दा ४५% पुराना घरहरुको स्वरुप नै परिवर्तन भइरहेको छ । त्यस्ता नयाँ र आधुनिक घरहरुको निर्माणमा कानुनी प्रावधान भएपनि यसको पूर्णरुपमा पालना पर्यटन व्यवसायीले नै गरीरहेका छैनन् । गाडीको होहल्ला, धुवाधुलोबाट टाढा रहेर शान्त वातावरणमा जिवन यापन गर्न र पुराना घरहरुमा बासबस्ने परम्परालाई जोगाउनु पर्दछ ।

पर्यटनले सास्कृतिक धरोहरलाई कमजोर बनाउदै लगीरहेको छ । समाज परीवर्तन सगै उनीहरु आफ्नो परम्परा र सामाजिक मुल्य मान्यतालाई बिर्सन थालेका छन । आफ्नो भाषा लोप हुदै जानुका साथै ठाँउको नाम समेत परीवर्तन हुदै जानु, स्थानीय रुपमा रहेका हाते तान जस्तै भाङ्ग्रा गलैचा बुन्ने परम्परा हराउदै नक्कली कलाकृतिले प्राथमिकता पाउन थालेकाले, आफ्ना चाडपर्व गीत संगीत कलाकौशलको संरक्षण गर्नु पर्दछ ।पर्यटकलाई स्वागत सत्कार गर्दा आफ्नो सस्कृति र गायनशैली बिर्सनु हुदैन ।

[५६] क्षेत्री, पूर्ब पाद टिप्पणी न.२ बाट उदृत ह्यामिनडर्फ, १९७५, पृ. १०४-१०५

# परिच्छेद - ६

## पर्यटन र वातावरणीय पक्ष

हालको अवस्थामा समाजमा देखापरेका हरेक विकृतीको जिम्वेवार पर्यटन मात्र भने होइन । यद्यपी पर्यटनले समाजमा सर्वाधिक प्रभाव त पारेकै हुन्छ । किनभने जहाँ पर्यटक पुग्दछन् त्यहाका बासीन्दाहरु आफ्नो आर्थीक उन्नतिको लागि पर्यटकसँग नजिक हुन पुग्दछन् । विशेष गरी विकासोन्मुख एवं गरिब मुलुकमा यस्तो प्रभाव बढी पर्दछ । धनि र आधुनिकीकरणको चरम सीमामा पुगेका देशका मानिसहरुको रहन सहन भाषा, नाचगान र उनीहरुको लवाइखवाई, सामाजिक स्वभावका कतिपय विषयहरु विकृत रुपमा रहेको भए पनि अनुसरण गर्ने गरीरहेको हुन्छ । पर्यटकिय स्थलका बासिन्दा र त्यसबाट प्रभावित क्षेत्र आफ्नो संस्कृति परम्परा जोगाइराख्नेकी पर्यटकहरुको देखासीकिमा ढाल्ने भन्ने सम्बन्धमा पुराना एवं धार्मीक र सांस्कृतिक अनुयायी समूह र युवापिढीको समूह बीच भिन्नता देखा पर्दछ ।

बैकल्पीक पर्यटनले पर्यटकहरुको गतिविधिको पारदशिर्ता वातावरण र प्राकृतिक सम्पदाको सुरक्षामा सचेतता बढी भन्दा बढी जनसहभागिता सामाजिक र सांस्कृतिक मूल्य मान्यता र परम्पराहरुमा यथास्थितिपन राख्न जोड दिन्छ । पर्यटनमा वातावरण र पर्यावरण दुई कारणहरुले महत्व राख्दछ । जुन ठाउँका वातावरण मानव अनुकुल हुदैन त्यस ठाउँमा पर्यटक जादैनन् । पर्यटन आनन्द मनोरन्जन र स्वस्थकर हुने भएकोले पर्यटन विकास र विस्तारका लागि यसको उचीत प्रवन्ध र संरक्षण हुन जरुरी छ । पर्यटनका कारण वातावरण र पर्यावरणमा सकारात्मक र नकारात्मक दुवै प्रकारका असरहरु परीरहेका हुन्छन् । वास्तवमा मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने वातावरण र पर्यावरण पर्यटन विकासका लागि पनि त्यतिकै महत्व राख्दछ । अन्य जीव तथा वनस्पतिको अस्तित्वको सञ्चालन पनि अपरीहार्य छ ।

पर्यटन अहिले विश्वमा नै धुलो धुवारहित उद्योगको रुपमा विकसीत भइसकेको छ । त्यसकारण यसलाई वातावरणको कारकतत्व मानिहाल्नु हुँदैन । प्राकृतिक वातावरण र मानव एक अर्काको परीपुरक हुन । कुनै पनि विकास निर्माणका काम वातावरणीय सोच विना तयार हुँदा प्राकृतिक स्रोतलाई भविश्य प्रति कुनै चासो नै नराखी वा दीर्घकालिन प्रभाव र असरहरुलाई ध्यानै नदिई आफुखुसी प्रयोग गरीरहेका छन् । त्यसकारण वातावरणीय प्रदुषण व्यापक रुपमा बढीरहेको छ । पर्यटनले दुई प्रकारले वातावरण विनास

गरिरहेका छन् । (क) मानव निर्मीत वा अप्राकृतिक वस्तुहरुको प्रयोग गरेर (ख) पर्यटन उद्योगको विकास र विस्तारका नाममा प्रकृतिक सम्पत्तिको (बन, जंगल, नदी, सामुन्द्रिक किनार, हिमाल आदी) माथी अतिक्रमण बढीरहेको छ । विकसित देशहरु यस्ता वातावरणीय क्षतिलाई रोक्न सुरक्षात्मक उपाय खोजीसकेका छन् भने विकासोन्मुख देशहरु बुझेर पनि बुझ पचाउन व्यस्त छन् ।

पर्यटन विस्तारसँगै जनसंख्याको चाप पनि वढ्दछ । यातायातका साधन बृद्धि हुन्छन् । त्यस ठाउँमा त्यो अवस्था नभए पनि मानिसले प्रयोग गर्ने सामानहरु, कागज, प्लाष्टिक, टिन सिसा, जस्ता सामानहरुको थुप्रो लाग्दछ । फोहोरमैलाको उचीत प्रवन्ध हुन नसकेपछि शहर गाँउ वा पर्यटन स्थल दुर्गन्धीत भई वातावरणमा असर पार्दछ । यस ठाउँमा पनि त्यस्तै विषयलाई मध्यनजर गरेर घान्द्रुकको छोम्रोङ देखि माथि बोतल, वियर, प्रतिबन्ध लगाउनुका साथै मिनरल वाटर बोतल प्रतिवन्धीत क्षेत्र घोषणा गरीएको छ । यस क्षेत्र देखि एबीसी सम्म रहेको फोहोरलाई व्यवस्थित गर्न पर्यटन ब्यवस्थापन उपसमितिले ठूलो पहल गरिरहेको छ । उनीहरुको यस कार्यलाई नेपाल पर्यटन बोर्ड, अन्नपूर्ण आधार सिबिर मजदुर संघ, नेपाल पर्यटन होटल ट्रेकीङ तथा रेष्टुरेन्ट श्रमिक संघ लगायत विभिन्न संघसस्थाहरुले सहयोग गर्दै आएका छन् । त्यसै अनुरुप एबीसी देखि संकलन गरिएको फोहोरलाई छोम्रोङ संकलन केन्द्रमा ल्याएर त्यसलाई नयाँ पुल हुँदै पोखरा पठाउने व्यवस्था गरिएको छ । यस क्षेत्रमा पर्यटकको चाप जनसंख्या भन्दा पनि बढी रहेको छ । यस क्षेत्रमा गरिएको अनुसन्धान अनुसार वातावरणमाथिको चाप स्थानिबासीले भन्दा पर्यटकले बढी गरिरहेका छन् किनभने त्यस ठाउँमा हिजोको अवस्थामा मानिसको बसाइसराई भएको थिएन । जंगलमा गोठ बस्ने, पशुपालन, भेडाबाखा पाल्ने काम प्रसस्त हुन्थ्यो भने जंगली जनावरहरु मार्ने काम पनि प्रशस्त नै हुन्थ्यो । जसले गर्दा पारीस्थितिक प्रणालीमा पनि दवाव सृजना गरिरहेको थियो तर हालको दिनमा आइपुग्दा सिकारमा बन्देज लगाइएको छ । पशुपालन र भेडाबाखापालनमा कमी आएको छ । मानिसको बसाईसराईको क्रम तिव्र रुपमा बढीरहेको छ भने बैदेशिक रोजगारमा जानेहरुको संख्या पनि बढीरहेको छ । त्यसकारण यस ठाउँमा यहाँका मानिसहरुभन्दा कैयौ गुणा वढी पर्यटक आइरहेका छन् भने पर्यटकीय स्थलमा पुग्न नयाँ नयाँ बाटोहरु खोज्दा जंगली जीव जनावरहरुको बासस्थानमा असर पर्नका साथै फोहोरको सृजना भइरहेको छ । फोहोर संकलन गर्नका लागि घान्द्रुक र छोम्रोङमा फोहोर संकलन केन्द्रको स्थापना गरीएको छ । तर पनि यस ठाउँमा पर्यटनले वातावरणमा पारेको प्रभावलाई निम्नाअनुसार अध्ययन गरीएको छ ।

**तालिका ६.१ पर्यटनले वातावरणमा पारेको प्रभाव**

| प्रभावहरु | उत्तरदाताा | प्रतिशत |
|---|---|---|
| फोहोर मैलाको वृद्धि | २५ | ६२.५ |
| वातावरण सफा गरिरहेको | १४ | ३५ |
| होटेल र समितिलाई सफा गर्न समस्या सृजना | २८ | ७० |
| जडीबुटीको तस्करी | २ | ५ |

स्रोत : स्थलगत अध्ययन -२०६८ (धेरै भन्दा धेरै उत्तर छनौट)

मानिसको चाप वृद्धीसँगै ६२.५% उत्तरदाताहरु फोहोर मैलाको पनि वृद्धि भइरहेको कुरा व्यक्त गरेका छन् । कतिपय यस्ता पर्यटकहरु हुन्छन् उनिहरु आफै फोहोर संकलन गरीरहेका हुन्छन् भने विदेशी पर्यटकहरु आफुले प्रयोग गरेका वस्तुहरु संकलन गरेर निश्चित स्थानमा फाल्दछन् तर नेपाली पर्यटकहरुले त्यस्तो बानीको विकास भएको छैन ठाउँ ठाउँमा सरसफाई सम्बन्धी होडिङबोर्डहरु राखीएको छन् । बन्यजन्तु र जडिबुटी सम्बन्धी तस्करहरु पनि प्रवेश नगर्लान भनेर भन्न सकिने अवस्था भने छैन किन यस ठाउँमा प्रवेश गर्ने र बाहिरिने मानिसहरुले आफ्नो साथमा के ल्याउछन् र के लैजान्छन् भन्ने कुरा जाँच गरीएको हुँदैन खुलेआम रुपमा यस्ता कार्यहरु नभएपनि बेलामौकामा निरीक्षण अनुगमन गर्ने काम हुनुपर्दछ ।

नेपाल भनेको बेग्लै प्रकारको रैथानेहरुको बसोवास भएको मुलुक हो । यी रैथाने जाती र जनजातीहरुको बसोवास भएको गाँउ र ठाउँ समाज र सस्कृतीले पर्यटकहरुलाई निम्त्याउँछ । जातीय बसोवासको स्थतिमा आउने परीवर्तनले पर्यटकीय स्थलमा पनि बसाई सर्न बाध्य पारीरहेको पारीरहेको छ । किनभने व्यापारीक दृष्टिकोणले पनि मानिसहरु त्यस स्थानमा वसोवास गरीरहेका हुन्छन् उदाहरणको लागि खुम्बु क्षेत्रमा गुम्बाहरुमा रहेको क्षेत्रमा लिन सकिन्छ । जहाँबाट प्रत्येक बर्ष लामाहरुको संख्या घटीरहेको हुन्छ । यसको मुलकारण लामाहरु पर्यटन विकसित भएको क्षेत्रतर्फ बसाइसराई हुनु हो ।[५७] "यस क्षेत्रमा पनि पर्यटन विस्तार नहुँदासम्म मूस्ताङबाट लामाहरु यस घान्द्रुकमा बसोवास गर्दथे तर हाल पर्यटन विस्तारसँगै जातीय विभेदको अन्त्य हुनुको साथै पेशागत मुल्यमान्यतामा वृद्धि भइरहेको छ । तर पनि पर्यटन व्यवसायीको रुपमा गुरुङ र क्षेत्री बाहेक खासै रुपमा अन्य

[५७] डा. गणेश क्षेत्री र रामचन्द्र रायमाभ्की, २०५७, पर्यटन बिकास र व्यवस्थापन एशिया पब्लीकेसन, काठमान्डौं ह्यामिनडर्फ, १९७५ पृ. १०२ बाट
उदृत


जातिहरु अगाडि आउन सकीरहेका छैनन् । पर्यटनको विस्तारसँगै समाजका अन्य मानिसहरुमा पनि धेरथोर समस्या सृजना भइरहेको छन भने केही रुपमा आर्थीक फाइदा पनि हासिल गरीरहेका छन् । यस क्षेत्रका मानिसहरु पर्यटकलाई पाहुना बराबर सम्मान गरीरहेका हुन्छन् । उनीहरुमा स्वागत सत्कार गर्ने भावनाको विकास भइरहेको छ । जसका कारण आर्थीक फाइदा र सामाजिक समन्वयको विकासका लागि पनि पर्यटनले महत्वपूर्ण भूमीका खेलेको छ ।

**तालिका ६.२ समुदायका मानिसको बानीव्यवहारमा पर्यटनको प्रभाव**

| विभिन्न प्रभावहरु | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| अतिथि देव भन्ने धारणा | २९ | ७२.५ |
| आर्थीक फाइदाको लागि | ३२ | ८० |
| व्यवसायीक दायीत्वको लागि | १५ | ३७.५ |
| पेशागत नैतिक वन्धन | २० | ५० |
| अन्य | ५ | १२.५ |

स्रोत : स्थलगत अध्ययन -२०६८ (धेरै भन्दा धेरै उत्तर छनौट)

**चित्र ६.१ समुदायका मानिसको बानीव्यवहारमा पर्यटनको प्रभाव**




यस सामूदायका मानिसहरु र पर्यटन व्यवसायीहरु एक आपसमा सामुदायकै मानिस भएका कारणले पनि कुनै पनि पर्यटकहरु पाहुना हुन उनीहरुलाई देउता सरह मान्ने र स्वागत सत्कार गर्नुपर्दछ भन्ने धारणा ६३% मानिसहरु व्यक्त गर्दछने भने त्यसको साथ साथै ८०% मानिस आर्थीक फाईदाका लागि पनि त्यो गरीरहेको हुन्छन् । व्यवसायीहरु पेशागत नैतिक बन्धन र व्यवसायीक दायीत्व निभाउनका लागि पनि यो कार्य गरीरहेका हुन्छन् भने

सामूदायक मानिसहरु पर्यटकलाई स्वागत गर्न हातमा फुलमाला लिएर उनीहरु नाच देखाउन र बाटोमा स्वागत गर्न तम्तयार भइहाल्छन् । त्यसबाट लिइने आर्थीक फाइदाबाट उनीहरु बाटोघाटो, पुलपुलेसा, बिजुली आदि कार्यमा लगानी गर्न पनि सफल भएका छन् ।

विकास निर्माण कार्यले अग्रगति लिइरहेको अवस्थामा मोटरबाटोको निर्माणले यस ठाउँको वातावरणमा पनि नकरात्मक असर पार्नका साथै केही पर्यटन व्यवसायीलाई पनि धरासायी बनाउनुका साथै विस्थापन गर्ने कार्य भएको छ । यस भन्दा अगाडि पनि मुस्ताङ र मनाङमा सडक निर्माणका कारण पैदल मार्गमा रहेका कैयौ होटलहरु बन्द भएका छन भने कैयौ व्यवसायीहरु पर्यटकीय स्थलमा बसाईसराई सर्न थालेका छन् । त्यस्ता ठाउँहरुमा बैकल्पिक पदमार्गको व्यवस्था गर्नुका साथै प्रचार प्रचारलाई अगाडि बढाइएको छ । यस ठाउमा पनि विस्तारै सडक विस्तार हुँदा यहाँ व्यवसायीहरुलाई के कति असर पर्दछ भनि लिइएको तथ्याङ्कबाट निम्नाअनुसारको मिश्रित धारणा पाइयो ।

**तालिका ६.३ नयाँ सडकको प्रभाव**

| विभिन्न प्रभावहरु | उत्तरदाता | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| सकरात्मक | १८ | ७ | ११ | ४५ |
| नकारात्मक | १५ | ५ | १० | ३७.५ |
| दुवै प्रभाव नपर्ने | ७ | ३ | ४ | १७.५ |
| जम्मा | ४० | १५ | २५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०६८

नयाँ सडक निर्माणले स्थानीय वासीलाई पनि औषधोउपचार, खाद्यन्न, ढुवानी, लगायत अन्य धेरै सुविधा पाउनुको साथै बाटो घाटो निर्माण भएपछि पर्यटक यातायातका साधन लिएर घुम्न आउनुका साथै उनिहरुको वृद्धी हुने सकारात्मक धारणा ४५% ले व्यक्त गरेका छन् । यसबाट पर्यटन व्यवसायी र स्थानिय बासी पनि सकारात्मक धारणा ब्यक्त गर्दछन् । अर्को तर्फ सडक निर्माणले समग्ररुपमा पर्यटन व्यवसाय नै धरासायी हुन्छ । यस ठाउमा पर्यटकहरु बस्ने खाने गर्दैनन् यस ठाउँबाट हामी बिस्थापन हुनपर्दछ भनेर नकारात्मक धारणा राख्नेहरुको संख्या पनि ३८% रहेका छन् । अर्को तर्फ मिश्रित फाइदा हुने अर्थात सडक निर्माणले सकारात्मक र नकारात्मक कुनै असर नपार्ने भनि उत्तर दिने १८% रहेका छन् ।

पर्यटन आगमनसँगै यस समूदाय र समाजबाट धेरै फाइदा लिनेहरुमा यहाँका कृषक, व्यापारी लगायत अरु धेरैलाई फाइदा पुगीरहेको छ । कृषकले उत्पादन गरेका खाद्यान्नहरु पर्यटन व्यवसायीले किन्नुका साथै पर्यटकको वृद्धि हुने हुँदा अन्य उपभोग्य राष्ट्रिय एवं अन्तराष्ट्रिय उत्पादनहरुको आवश्यक पर्ने हुदा व्यापारीले यी सामानहरु विक्रिवितरण गर्ने र व्यवसायीले खरीद गर्ने गरेका छन । पर्यटक आगमनले सबैभन्दा ठूलो कुरा रोजगारका अवसर सृजना हुनु हो । यहाँका मानिसहरु व्यवसायी भएका होटलमा मजदुरको रुपमा काम गर्नुका साथै पथपर्दशक पनि भएका छन् । यसकारण सामाजिक सम्वन्धको वृद्धि हुनुका साथै कतिपय पर्यटनमा आधारित भएका छन् ।

**तालिका ६.४ समाजका अन्य मानिसमा पर्यटनले पारको प्रभाव**

| विभिन्न प्रभावहरु | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| आर्थिक अवस्थामा सुधार | १५ | ३७.५ |
| पर्यटनमा आधारित | १० | २५ |
| सामाजिक सम्बन्ध र समन्वयमा वृद्धि | ८ | २० |
| पर्यटनसँग बैवाहिक सम्वन्धमा वृद्धि | २ | २० |
| रोजगारको अवसर वृद्धि | १२ | ३० |

स्रोत : स्थलगत अध्ययन -२०६८

यो सर्वेक्षणबाट आर्थीक अवस्थामा सुधार आएको भन्नेमा ३८% रहेका छन् भने पर्यटनमा आधारीत रहेका अन्य क्युरीयो सामान बेच्ने लगायत अरु व्यापारीहरु २५% पर्यटनमा आधरीत रहेका छन । कतिपय यस ठाउँमा महिला एवं पुरुषहरु विदेशी पर्यटक सँग विवाह गरी जीवनस्तर राम्रो हुने कुरा व्यक्त गरेका छन् कतिपय महिलाहरु पथपर्दकसँग विवाह गर्ने परम्परा पनि बढीरहेको छ । त्यसकारण पर्यटन उद्योगको विस्तारसँगै निर्माण कार्यहरुले गर्दा पनि स्थानीय मानिसहरुमा रोजगारका अवसरहरु सृजना भइरहेका हुन्छन् । पर्यटनको बसोवास सर्वसुविधा सम्पन्न देखाउनका लागि पनि निर्माण र मर्मत कार्य भइरहेकोले त्यस अवस्थामा कामदारहरुको रोजगारमा वृद्धी भएको छ ।

यस समूदायमा पर्यटनको आगमनसँगै पर्यटन व्यवसायीहरु र समूदाय बीच फरक व्यवसाय र त्यसबाट बढी भन्दा बढी फाइदा पर्यटन व्यवसायीले मात्र लिएको अरुलाई खासै फाइदा नपुगेको समाजका अरु मानिसहरु बताउदछन् ।

**तालिका ६.५ पर्यटन व्यवसायी र समूदाय बीच सम्बन्ध**

| कारणहरु | उत्तरदाता | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| पैसा नै व्यवहारको आधार हुनु | ५ | ३ | २ | १२.५ |
| स्थानीय बासीलाई प्रथमिकता दिनु | ५ | ३ | २ | १२.५ |
| पर्यटक र स्थानीय बासी विच समान ब्यवहार | १२ | ६ | ६ | ३० |
| पर्यटकलाई प्राथमिकता दिनु | १८ | ११ | ७ | ४५ |
| कुल जम्मा | ४० | २५ | १५ | १०० |

स्रोत : स्थलगत अध्ययन - २०६८

पर्यटन व्यवसायी र स्थानीय बासी बीच सकारात्मक ब्यवहार भए पनि कतिपय व्यवसायी स्वदेशी पर्यटकलाई वास नै दिदैनन् भने कतिपय व्यवसायीहरु स्थानीय बासी र पर्यटकहरुलाई समान मुल्यमा सेवा दिने हुँदा उनीहरु पैसामुखी भएको धारणा १३% ले व्यक्त गर्दछन् भने ३०% उत्तरदाता पर्यटक र स्थानीय बासीलाई समान ब्यवहार गर्ने कुनै भेदभाव नगर्ने कुरा ब्यक्त गर्दछन् तर पर्यटकलाई नै बढी प्राथमिकता दिने उनिहरु देखेपछि हाम्रो कुनै मूल्य मान्यतानै नहुने धारणा ४५% को रहेको छ। कतिपय व्यवसायीहरु पर्यटक भएको समयमा समाजका अरु मानिससँग बोल्न पनि मन पराउँदैनन् ।

सामाजिक मुल्यमा हुने र सबैभन्दा प्रष्ट रुपमा देखा प्रर्ने परीवर्तन स्वास्थ्य एवं चिकित्सा क्षेत्रमा पर्दछ। पर्यटकहरुको सरसफाई सम्बन्धी आनिबानिले स्वास्थ्य र चिकीत्सा क्षेत्रमा ध्यान पुग्नुका साथै साधारण जनताले सरसफाई र दबाईको बारेमा जान्दछन भने अनकन्टार ठाउँमा भएका पर्यटन स्थलमा समेत स्बास्थ्य चौकी र चिकित्सकहरुको व्यवस्था हुन सकेको हुन्छ । पर्यटन आगमन सँगै गाँउघर बाटाघाटो सरसफाई गर्ने परम्परा धेरै बढेको पाईन्छ। यस क्षेत्रमा पर्यटनको प्रभाबका कारण स्बास्थ्य चौकी निमार्ण हुनुका साथै हाल तीन जना स्वास्थ्यकर्मीहरु पनि रहेका छन । उनीहरुलाई आवस्यक तलब पनि उनीहरुले नै बेहोरेर स्वास्थ्य सेवा दिईरहेका छन।

हाल पर्यटनले शिक्षा क्षेत्रमा पनि सकारात्मक र नकारात्मक दुबै प्रभाब पारीरहेको छ । शिक्षामा विदेशीको नक्कल गर्ने परम्परा व्यापक रहेको छ । अंग्रेजी शिक्षा हालको पर्यटनको ठूलो प्रभाव हो। यस्तै गरी यस क्षेत्रमा पर्यटन क्षेत्रमा लागेका व्यवसायीहरु पनि शिक्षित त छैनन अग्रेजी कतिपयले लेख्न पनि जान्दैनन तर बोलचालमा विदेशी पर्यटकसँग अग्रेजी भाषाको प्रयोग गर्दछन। यसरी यस क्षेत्रमा रहेका बिद्यालयमा भवन निर्माण, पोशाक

बितरण, शिक्षकको तलब भत्ता सहीत शिक्षकको व्यवस्था कापी कलम बितरण जस्ता कार्यहरु गर्दै आईरहेका छन ।

पर्यटनको प्रत्यक्ष र अप्रत्यक्ष फाइदा सबै लिदै आईरहेका छन । त्यसको सकारात्मक र नकारात्मक प्रभाब पनि परीरहेको हुन्छ । नयाँ पदमार्गको व्यवस्था गर्दा कतिपय हाम्रा सांस्कृतिक गोपनियताहरु भंग हुनुका साथै बन्यजन्तु, जडिबुटी आदिमा तस्करी हुनु फोहोर मैलाको बृद्धि हुन थालेमा नकारात्मक असर पर्न सक्दछ । त्यसकारण समयमा नै सकारात्मक असरहरुलाई अगाल्दै नकारात्मक असरहरुलाई न्युनीकरण गर्दै जानु आजको पर्यटकीय क्षेत्रको आवस्यकता हो ।

बिबाह र सम्बन्ध बीचछेद आदि कारणले पनि बसाई सर्नुका साथै उदाहरणका लागि नेपालको खुम्बु क्षेत्रमा शेर्पाहरु आफ्नी श्रीमती छाडेर विदेशी आईमाइ तर्फ लाग्दा पारीवारीक जीवन तहस नहस हुनुका साथै आइमाइ पति बिहिन भएर घरको सम्पूर्ण अभिभारा बोक्न बाध्य भएका छन । त्यस्तै गरी कैयौ शेर्पा युवतीहरु गाँउका युवाहरु पर्यटक सित काममा गएपछि अबिबाहित नै बस्न बाध्य भएका छन ।[५८]

घान्द्रुकमा हाल सम्म सामान्यरुपमा युवती तथा युवाहरु बिदेशीसँग बिबाह गर्ने गरेका छन । मुख्यरुपमा यो कम आर्थीक फाइदासग जोडीनु रहेको छ भने कतिपय बिदेशीहरुले बिबाह गर्ने प्रलोभन देखाई युवतीहरुलाई यौन शोषण गरी छाडेको पनि पाइएको छ । त्यसकारण यहाँका युवा वर्ग समयमानै सचेत हुनु पर्दछ ।

पर्यटन उधोगले दिर्घकालसम्म फाइदा लिनका लागि हाम्रो वातावरण र सस्कृतिलाई जोगाई राख्नु पर्दछ । पर्यटन ब्यबसायमा लागेका ब्यबसायीहरुले समाजमा चेतना फैलाउदै जीबनचक्रमा परिवर्तन ल्याउनु पर्दछ । यदि बिना योजना र नियन्त्रण नभईकन पर्यटनको बिकास भएको खण्डमा त्यहाको वातावरणमा नयाँ प्रकारको सस्कृतिको बिकास हुन्छ ।

[५८] प्रयागराज शर्मा, १९९५ कल्चर एन्ड टुरीजम इसीमोड काठमान्डौ पृ. ३४

# परिच्छेद - ७

## निष्कर्ष तथा सुझावहरू

### ७.१ निष्कर्ष

प्राचिनकाल देखि नै नेपाल एक सुन्दर बहुजातीय, बहुभाषिक, धार्मिक, सहिष्णुता र बहुसंस्कृति भएको मुलुक हो । राष्ट्रिय एकतामा शरीर बलिदान दिने विर बिरङ्गनाहरूको थलो र ऋषीमुनीहरूको तपोभूमिको रुपमा नेपाल प्राचीन कालबाट नै चिनिदै आएको छ । चारवर्ण छत्तिस जातको फूलबारी नेपालमा बसोबास गर्ने मानिसहरू सबै एकै मुलका छैनन् । नेपाली समाजको विविध समूदाय मध्ये यहाँको भौगोलिक विविधताका कारणले गर्दा हिमाल, पहाड र तराईमा बसोबास गर्ने मानिसहरूको संस्कृति परम्परा, लवाईखवाई सामाजिक मुल्य मान्यता फरक फरक रहेको छ ।

नेपाल पर्यटकीय हिसाबले पनि सुन्दर मुलुक हो । यो देश विश्वकै अग्लो हिमाल सगरमाथाको देश हो । यहाँ भौगोलिक र जैविक विविधता, सामाजिक एवम् सांस्कृतिक सम्पदा रहेका छन् । विश्वकै प्रमुख पर्यटकीय गन्तव्य स्थलहरू मध्ये नेपाल पनि पर्दछ । भौगोलिक विविधता, प्राकृतिक सौन्दर्य, अपार जैविक स्रोत, विशिष्ट सांस्कृतिक सम्पदा, जिवित संस्कृति, धार्मिक सहिष्णुता र आत्मीय आतिथ्यका कारणले गर्दा विश्वकै उत्कृष्ट पर्यटकीय स्थलको रूपमा परिचित यस अन्नपूर्ण पदमार्गमा अवस्थित घान्द्रुक गाउँ हो । पुरानो गुरुङ संस्कृति रहेको यो गाउँ पर्यटकको लागि आकर्षक स्थल हो । पर्यटन व्यवसाय कुनै पनि ठाउँको लागि दुहुनो गाई हुन सक्दछ । पयर्टन व्यवसायलाई आर्थिक फाइदाका लागि पर्यटन उद्योगमा विकास गर्न सक्नु पर्दछ ।

यस अध्ययन यस पर्यटकीय क्षेत्रमा पर्यटनले समाज र संस्कृतिमा कस्तो प्रभाव पारीरहेको छ भन्ने कुरामा आधारीत रही तयार पारिएको हो । यसरी पर्यटकीय स्थलका रूपमा विकास भएका ठाउँहरूमा धेरै भन्दा धेरै मानिसहरूको आगमन हुँदा वित्तिकै त्यहाँ भएको पुरानो सांस्कृतिक सम्पदा र परम्परागत मूल्य मान्यतामा एक आपसमा साटासाट हुन पुग्दछ । त्यो समाजले आफ्नै परम्परालाई छाडेर नयाँ कुराको अनुकरण गर्न सिकीरहेको छ । पश्चिमी संस्कृतिले यस समुदायलाई पूर्णरूपमा प्रभाव पारिरहेको छ । हिजो हामीले मान्दै आएका चाडपर्व उत्सवहरू विस्तारै हराउँदै गएका छन् । हाम्रो परम्परागत खानपान र पहिरनमा पनि विस्तारै परिवर्तन भएको छ । कुनै पनि समाज र संस्कृति, समयअनुसार विस्तारै परिवर्तन हुनु स्वभाविकै हुन्छ तर पनि आफ्नो सम्पूर्ण मूल्य, मान्यतालाई त्यागेर

अरूको अनुसरण गर्नु त्यति राम्रो होइन । त्यस्तै गरी पर्यटन क्षेत्र जबसम्म गरिबमुखी हुन सक्दैन त्यसको परीणाम स्वरूप धनि धेरै धनि र गरिब धेरै गरिब बन्दै जान्छन् । वातावरणमा सबैको समान पहुँच भए पनि यसको उपयोग सीमित व्यक्तिमा मात्र हुनु हुँदैन । यस क्षेत्रमा पर्यटनबाट उठेको कर गरिबहरूको आय आर्जनमा लगाउनु पर्दछ । जब मानिसको जीवनयापन शैलीमा फरक हुन थाल्दछ, जब समाजका युवायुवतीहरू कुलतमा लाग्न थाल्दछन् त्यसपछाडि विभिन्न विकृतिहरूको सृजना हुने हुँदा यसमा समुदायको समयमा नै ध्यान जानु पर्दछ । अर्कोतर्फ हाम्रो जुन परम्परा र सामाजिक मूल्य मान्यता रहेको छ, त्यसको संरक्षण र सम्बद्धनमा ध्यान दिनुपर्दछ । वातावरणमा आएको ताप र चापका कारण पनि हाम्रा हिमालहरू फोहोर हुन थाले भने हाम्रा परम्परागत घरहरू भत्काएर नयाँ शैलीमा निर्माण गर्नु र पुराना घरहरूको संरक्षण नहुनाले पनि हाम्रो आकर्षणका वस्तुहरू गुम्न सक्छन् त्यसकारण दिगो पर्यटन व्यवस्थापन गुम्न सक्छन । त्यसकारण दिगो पर्यटन व्यवस्थापनका लागि वातावरणको पनि संरक्षण गर्नु पर्दछ । पर्यटन क्षेत्रलाई देशको प्रमूख अर्थतन्त्रको रूपमा विकास गर्न वाह्य पर्यटनको निर्भरताबाट मुक्त गरी आन्तरीक पर्यटनसँग सामान्जस्य ल्याई पर्यटन क्षेत्रको विकासबाट देश विकासको आधार तयार गरी सम्मूनत र सम्मृद्ध नेपालको परिकल्पना गर्न सकिन्छ । पाहुनाको स्वागत सत्कार नेपालीको संस्कारलाई चरीतार्थ गरी पर्यटकहरूलाई नयाँ ठाउँको नयाँ अनुभव प्राकृतिक सांस्कृतिक तथा जैविक विविधतासँग नजिकको अनुभव, असल व्यवहार, राम्रो वातावरण सजिलो पहुँच, सुलव सेवा, नयाँ र विशेष प्याकेजबाट मूल्य अनुसारको सन्तुष्टि दिलाउनु हाम्रो दायित्व हो ।

पर्यटन आगमनसँगै विभिन्न कुराहरू भित्रने हुनाले समयमानै विचार पुऱ्याउन सकिएन भने विभिन्न विकृतिहरूले समाजलाई गाज्दै जानुका साथै हाम्रो वातावरण दुषीत हुनाले हाम्रो स्वास्थ्य पैसासँग साटीरहेका हुनेछौं । जलवायुमा आएको परिवर्तनसँगै हाम्रा हिमालमा हिउँ नहुनु र समाजमा रहेका सामाजिक परम्परा मूल्य मान्यता धर्म, संस्कृति आदि भित्र रहेका कुराहरू लोपहुँदै जानुले पर्यटकको आकर्षण हराउँदै जान सक्छ । यसमा समयमा नै ध्यान पुऱ्याउनु पर्दछ ।

## ७.२ सुझावहरु

पर्यटनले सकारात्मक र नकारात्मक प्रभाव पारिरहेको हुन्छ । योजना निर्माणकारहरू पर्यटनका सकारात्मक प्रभावहरूको मात्र अध्ययन गरिएको हुन्छ । पर्यटनले पारेको सकारात्मक प्रभावका रूपमा आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरण, विकास निर्माण योजना, विश्व भाइचाराको सम्बन्धमा आदि हुन् भने यसको पछाडि पनि नकारात्मक प्रभावहरू परिरहेका हुन्छन् । यस्ता चुनौतीहरू सामु सकारात्मक प्रभावको विकास गर्दै नकारात्मक प्रभावको न्यूनीकरण गर्दै जानु पर्ने हुन्छ । विना योजना विकास भएको पर्यटनले भविश्यमा नकारात्मक असर पार्न सक्दछ । त्यसकारण समायमा नै यो तर्फ सचेत रहनु पर्दछ र पर्यटनको दिगो विकासको लागि निम्न बुँदाहरूमा ध्यान दिनु पर्ने आवश्यक रहेको छ ।

१. यस क्षेत्रको सघन प्राकृतिक स्रोतहरूको संरक्षण व्यवस्थापन र सदुपयोगको बीच सन्तुलन कायम गदै सांस्कृतिक सम्पदाको संरक्षण गर्ने ।

२. गरिबमुखी कार्यक्रमलाई जोड दिंदै पर्यापर्यटनको विकास, प्रवर्द्धन, प्रोत्साहन र व्यवस्थापन गर्ने ।

३. सूचना केन्द्र, सूचना सामाग्री र चेकपोष्टहरूको निर्माण गर्ने ।

४. फोहोर मैलाको उचित व्यवस्थापन गनुशृका साथै शुद्ध खोनपानीमा ध्यान दिने ।

५. सांस्कृतिक सम्पदा जोगाउन अप्रयाप्त र कमजोर संस्थागत प्रयासहरू ।

६. चरम गरिबीका कारण संस्कृति, सांस्कृतिक सम्पदाको मूल्य मान्यताको बारेमा न्यून सचेतना ।

७. चाडपर्व, जीवन शैली, भाषा, संगीत नाच तथा कलाहरूको पहिचान गरी लिपीवद्ध गर्ने साथै त्यस्ता सांस्कृतिक समूहलाई सहयोग गर्ने ।

८. भवन निर्माण आचार संहिता तयार गरी स्थानीय कलाकृति र ढाँचामा आधारित भवन निर्माण गर्न प्रोत्साहन गर्ने ।

९. हाल पर्यटन नपुगेका क्षेत्रमा विकास र बिस्तार गर्ने, होमस्टे सेवा संचालमा जोड ।

१०. पर्यटकको बसाई लम्बाउन स्थानीय क्षेत्रमा पार्क र अन्य आर्कषक पुर्वाधारहरुको निर्माण गर्ने ।

११. पर्यटनबाट परेको सकारात्मक प्रभाबको अनुसरण गदै नकारात्मक प्रभाबको न्युनिकरण गदै लैजाने ।

# सन्दर्भ ग्रन्थसूची


आचार्य, बाबुराम (२०६३) **नेपालको संक्षिप्त बृतान्त**, श्रीकृष्ण आचार्य,काठमाडौं ।

कुवर, रमेशराज (२०१०) **टुरीस्ट एन्ड टुरीजम**,गंगा सेन कुवर,काठमान्डौं ।

खत्री, डा. प्रेमकुमार र गंगा खरेल (२०५५), **नेपालको पुरातत्व कला र पर्यटन,** शाझा प्रकाशन, काठमाडौं ।

गूरुङ, हर्क (१९८०) **भिजनेट अफ नेपाल,** साझा प्रकाशन, काठमान्डौं ।

गूरुङ, हर्क (१९९०) **इन्भाइरोमेन्ट म्यानेजमेन्ट अफ माउन्टेन टुरीजम इन नेपाल**,इसीमोड काठमान्डौं

गौतम, युवराज शर्मा (२०६१), **तीर्थ पर्यटन,** लुम्बिनी ट्रेटीङ एण्ड प्रिन्टिङ हाउस प्रा. लि., काठमाडौं ।

नेगी,जेएम एस(१९८२) **टुरीजम एन्ड होटलीङ,अ वल्ड वाइड इन्डस्ट्रीज**,गीतान्जली पब्लीकेसन्स,न्यु दिल्ली

नेपाल राष्ट्र बैंक ५६ औं वार्षिक विशेषाङ्क २०६८, पोखरा ।

नेपाल राष्ट्र बैंक (२०५७), **पोखरामा पर्यटन व्यवसाय, समस्या, चुनौती र उपलब्धि विशेष अध्ययन २०५७,** पोखरा ।

पुरी, उद्धव (२०६३), **पर्यटन र विकास,** तलेजु प्रकाशन, काठमाडौं ।

प्रकृतिको सन्देस(२०६४) अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना भाग १,२,३ ।

प्रधानाङग, सुरेन्द्रभक्त (२००२) **भिलेज टुरीजम इन नेपाल**,आघोरीत पब्लीसर्स, न्यु दिल्ली ।

बन्धु, चुडामणी (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** रत्न पुस्तक भण्डार, काठमाडौं ।

बास्कोटा, कमल एन्ड बिकास शर्मा (१९९८) **माउन्टेन टुरीजम फर लोकल कम्युनीटी डेभलपमेन्ट इन नेपाल, अ केज स्टडी अफ फेवा लेकसाइड,**पोखरा,इसीमोड काठमान्डौं ।

बास्कोटा, कमल एन्ड बिकास शर्मा (१९९५) **माउन्टेन टुरीजम इन नेपाल**, इसीमोड डिस्कसन पेपर ।

बुरकाड एजे,एण्ड मेडीक एडी (१९९८) **टुरीजम पास्ट प्रिजेन्ट एण्ड फ्युचर,**फेलीयामेन, लण्डन ।

भाटीया एके (१९९४) **इन्टरनेशनल टुरीजम**, स्टलीङ पब्लीसर्स प्राइभेट लिमीटेड, न्यु दिल्ली

भाटीया एके (१९९४) **टुरीजम डेभलपमेन्ट प्रीन्सीपल एण्ड प्राक्टीस**,स्टलीङ पब्लीसर्स प्राइभेट लिमीटेड, न्यु दिल्ली ।

माउन्टेन रीसर्च एण्ड डेभलपमेन्ट(२००७) इसीमोड भाग २७ पृ.३४५-३५१ ।

मोदी, सलनी (२००१) **टुरीजम एण्ड सोसाइटी** रावत पब्लीकेसन, दिल्ली ।

लामा, टेरसीङ एण्ड जुडीथ आर लीप (१९९६) **केएमटीएनसी एक्याप एनुअल प्रोगेस रीपोट** १५ जुलाइ १९९३ देखी १४ जुलाई १९९४ ।

सत्याल, यज्ञराज (२००४) **टुरीजम इन नेपाल अ प्रोफाइल,** एडोरीत पब्लीसर्स, इन्डीया ।

सत्याल, यज्ञराज(१९८८) **टुरीजम इन नेपाल अ प्रोफाइल**,बानरसी पब्लीसीङ हाउस, न्यु दिल्ली ।

शर्मा, प्रयागराज (१९९५), **कल्चर एण्ड टुरीजम,** इसीमोड, काठमाडौं ।

शर्मा, प्रयागराज (१९९५), **कल्चर एण्ड टुरीजम डिफाइडिन रोल्स एण्ड रिलेसनसिप,** इसिमोड, काठमाडौं ।

श्रेष्ठ, एचपी (२०००) **टुरीजम इन नेपाल मार्केटीङ च्यालेन्ज**, निरला पब्लीकेसन्स,न्यु दिल्ली

क्षेत्री, डा. गणेश र रामचन्द्र रायमाझी (२०५७), **पर्यटन विकास र व्यवस्थापन,** एसिया पब्लिकेसन्स, काठमाडौं ।

अप्रकाशीत शोधग्रन्थ

अमात्य उदय बहादुर (२०००) **प्रोबोलम एण्ड प्रोस्पेक्ट अफ टुरीजम इन सराङकोट अ रीसर्च रीपोट सवमिटेड टु सेडा** त्रि.बि.बि. काठमाडौं

गुरुङ, लालप्रसाद(१९८९) **सोसीयो कल्चर इकोनोमीक एण्ड फीजीकल इम्प्याक्ट अफ टुरीजम इन द साउथ पार्ट अफ अन्नपुर्ण रीजन,** नेपाल डिर्जटेसन लिङकन कलेज युनिभरसिटी अफ, सेन्टावरी

ढुङगेल, रीता (२००२) **सोसीयल कल्चर इम्प्याक्ट अफ टुरीजम इन सौराहा चितवन**, एन अनपब्लीस एम ए डिर्जटेसन त्रि.बि.बि , काठमाडौं

पाठक, कृष्ण प्रसाद (२०१०) **प्रोस्पेक्ट अफ टुरीजम डेभलपमेन्ट इन नेपाल,अ केज अफ स्टडी अफ बन्दीपुर अफ तनहु** , एन अनपब्लीस एम ए डिर्जटेसन त्रि.बि.बि पि.एन क्याम्पस, पोखरा

पाहारी, जमुना (२००८) **सोसीयो इकोनोमीक स्टाटस अफ उमन अफ लेकसाइड**, एन अनपब्लीस एम ए डिर्जटेसन त्रि.बि.बि पि.एन क्याम्पस, पोखरा

बराल,रीषीराम (२००८) **फाइनान्सीयल इम्प्याक्ट अफ टुरीजम अन पिपल्स लाइफ स्टाइल इन पोखरा सव मेट्रोपोलीटन सिटी**, एन अनपब्लीस एम ए डिर्जटेसन त्रि.बि.बि पि.एन क्याम्पस, पोखरा

लामीछाने, खुमलाल (२००९) **मेजर इकोनोमिक इम्प्याक्ट अफ टुरीजम इन नेपाल**, एन अनपब्लीस एम ए डिर्जटेसन त्रि.बि.बि पि.एन क्याम्पस, पोखरा

शर्मा, राम्जी (२००५) **सोसीयल कल्चर इम्प्याक्ट अफ टुरीजम अन होस्ट कम्युनीटी अ केज अफ पोखरा एण्ड इट्स भिक्टीनी**, एन अनपब्लीस एम ए डिर्जटेसन त्रि.बि.बि पि.एन क्याम्पस, पोखरा